कृषि, उद्योग, विज्ञान तथा शिक्षाका

अत्यावश्यक सामग्रीहरू उपलब्ध गरि

देश विकासमा

हाम्रो पनि सहभागिता स्विकार्नु होस्!

★

कल्पना ट्रेडिंग कंपनी (प्रा.) लि.

शुक्रपथ, काठमाडौं

फोन नं:—

तार:- 'कल्पना'

कार्यालय:- १२-३५५

सो रूम:- १५-१९०

—×—

अधिकृत विक्रेता:-

१) विश्व प्रसिद्ध किर्लोस्कर पम्पसेट र जेनेरेटिङ्ग सेटहरू

२) लोकप्रिय 'फेशिट' एडिंग र केलकुलेटर मेशिनहरू

३) हरेक प्रकारका केमिकल्सहरू

(सेल्स सर्भिसका लागि पनि हामी तत्पर छौं)

वेदना

२०३४, वैशाख ● साहित्यिक अर्ध-वार्षिक ● वर्ष-५, पूर्णाङ्क-९

संपादक

दिल 'बरदान' र

सुबास श्रेष्ठ

★

प्रकाशक

वेदना परिवार

धूलिखेल, काभ्रे

★

काठमाडौं कार्यालय

८/४००, फसिकेव

★

मुद्रक:-

अमर प्रेस

असन, काठमाडौं

★

मूल्य: रु. २।- मात्र

●

आवरण

श्याम

"एउटा छट्पटी-आजको"

हाम्रा सहयोगीहरू

(मन्दिल श्रेष्ठ, कालु मणिक, मन्दिल लोविती, बुद्ध पुकार, महेश्वरलाल श्रेष्ठ ।

यस अंकमा -

२. सम्पादकीय

३. वेदनालाई चिठ्ठी

९. दुर्गालाल **तन्नेरी गीत**

समालोचना

१०. प्रकाश -"बैंसको मान्छे" को आलोचनात्मक समीक्षा

अनुदित कथा

१८. मैक्सिम गोर्की -कोलुसा

कविता

२४. मोहनसिंह राठौर-बिचरा ?

५२. रघुपन्त -एक मुक्तक

५२. काका विष्ट -यही धर्तीमा ... ...

५३. शूरवीर पौडेल -देवकोटालाई चिठ्ठी

संस्मरण

२९. नोरेम -पुग्ने ठाउँको पत्तो नहुँदा

सामयिक चिन्तन

४५. पारिजात -मित्रताको आधार

कथा

४९. वासु बराल -एउटा कुविचार

६३. जीतभाई नेपाल-बाल कथा

प्रतिभा परिचय

५५. तोयनाथ भट्टराई-जनकवि गोकुप्रसाद जोशी

नयाँ किरण

२७. सीलु टण्डन

६२. पुष्पराज श्रेष्ठ

लेख

६४. मोहनविक्रम सिंह-नेपाल-भारत व्यापार तथा पारवहन समस्या

७५. दिव्यकला वजिमय -अप्रत्यक्ष किनबेच स्थानी मान्छेको



काभ्रे जिल्लाको साहित्यिक गतिविधि–२

काभ्रे जिल्लामा केही वर्ष यता साहित्यिक जमघटको क्रममा जुन सुन्यता महसुस भइरहेथ्यो–अब आएर "सामाजिक साहित्य युवा समाज" को सिर्जनाले नयाँ आशा पलायो। जिल्लामा छरिएर रहेका साहित्यिक प्रतिभाहरूलाई एकत्रित गरी साहित्यिक मञ्चमा उभ्याइ दिने प्रयासको लागि बनेपाका युवा साहित्यिक कार्यकर्ताहरूको प्रशंसा गर्नु पर्दछ।

कविवर श्री सिद्धीचरण श्रेष्ठज्युबाट साहित्यिक समाजको उद्घाटन हुँदा एउटा साहित्य गोष्ठी पनि आयोजित थियो। आफुलाई सर्व साधारण भन्दा विशिष्ट प्रदर्शन गर्ने मञ्च ताकि हिड्दै जिल्लामा आफ्नु महान साहित्यिक देन छ भनेर फलाकि हिंड्ने मुट्ठीभर पुरातन–बादी तथा क्लिष्ट भाषामा दुइचार अक्षर कोर्दै आधुनिक बन्न खोज्ने संकिर्णवादीहरूलाई उक्त गोष्ठीमा संकलित बढी भन्दा बढी जनपक्षीय साहित्यिक रचनाहरूले राम्ररी लोप्पा ख्वाई दिएको छ। यस्ता व्यक्तिहरू आफु उठ्न खोज्न यस किसिमको नव सृजित संस्थाहरूलाई घिन–लाग्दो राजनैतिक बुद्धिचालको गोटी चाल्न हिच्किचाउँदैनन र उनीहरूको एकमात्र उद्देश्य जिल्लामा हुकिरहेको सही साहित्यिक धारालाइ धमिल्याउने हुन्छ। गोष्ठीमा संकलित भएर सुनाइएका धेरैजसो कविता, कथा, लेख र गीतहरू सुन्दा हामीलाई यस्तो लाग्दछ– एकातिर जिल्लामा ती माथि उल्लेखित मरणासन्न अवस्थामा पुगि सकेको साहित्यले अब पूरनजीवनको सास फेर्न पक्कै पनि पाउँने छैन भने अर्कोतिर बहुसंख्यक जनताका गरीवी, रोग, भोक र उत्पीडनसंग कसरी एक जना साहित्यकार एकाकार हुनु पर्दछ र आफ्नो राष्ट्रियताको लागि कसरी लागि रहनु पर्दछ भन्ने आवश्यकताको दिशाबोध हुन नसकेको छ। ★

वेदनालाई चिठ्ठी

नेपाली साहित्यको वर्तमान ह्रासोन्मुखी अवस्था देख्दा हामीजस्ता भारेभुरे साहित्य प्रेमीहरूलाई पनि दुःख लाग्छ । तर 'वेदना' जस्ता केही मासिक, अर्ध-वार्षिक र वार्षिक साहित्यिक पत्रिकाहरूले यस ह्रासोन्मुखी अवस्थालाई 'च्यालेन्ज' गर्दै विकासकोनिम्ति मार्गगामी भएकोमा अनायाश खुसी पनि लाग्छ । भनूं संयोगवश नै 'वेदना' को आठौं अङ्क पढ्ने मौका मिल्यो । आफू र आफू नजिकका वेदना देखि पूर्व परिचित भए तापनि 'वेदना' संगको यो मेरो पहिलो भेटघाट नै हो ।

'वेदना' पूर्णाङ्क आठ भित्रको प्रगतिशीलतालाइ ठम्याउने सिलसिलामा मैले आफ्नाइ पुस्तकको पहिलो पेजदेखि नै लगें–आवरण पृष्ठले नै पुस्तक–को उद्देश्य स्पष्ट पार्दछ । आज देश कुन हालतमा छ – स्पष्ट सिमाङ्कन भएको छ ।

कविताहरूमा लोकगीतको प्रधानता देखिन्छ । लोकगीतहरूमा नेपाली समाजमा विद्यमान विवसता, बाध्यताका चित्रणका साथै साथै राष्ट्रियताका विस्मृती एवं बलियो संखघोष भएको छ ।

"गंगाको मैदान गौचरन, यो हाम्रो सन्धी सर्पन हो
काँगडा किल्ला थुस्कीनै, डण्डीबियो खेल्ने थलो हो ।"

कविता समस्त व्यतित राजनीतिको कुरुल्को बोक्छ । नेपालीहरूले आफ्नो छाती काट्नु परेको रगत बाँड्नु परेको–त्यो ऐतिहासिक दिन

एकातिर भुलेका छैनन् भने अर्कातिर यसले हामीलाइ वर्तमानमा पनि सजग रहन सिकाउँछ । 'क्यामेरा म्यानहरूलाई' मा टंकबहादुर राईको सल्लाह, 'खानै नपुग्ने किन ?' मा. गोरख ब. सिंहको आह्वान, 'आमालाई सम्झेर' मा राजेन्द्र प्रशाईको महसुसता, कुन्द टन्डनको 'उच्छ्वास' कविता-हरूमा प्रत्येकले आ-आफ्ना मनोभावका पोकाहरू बोकेका छन् । टंक बहादुर राईले स्रष्टाहरूलाई 'क्यामेराम्यान' मानेका छन् र वास्तविक जीवनको यथार्थ चित्र उतार्न अनुरोध गरेका छन् । "खानै नपुग्ने किन ?" मा कवि कारणको खोजी र त्यसको निक्यौल गर्दै खोजो कारण साम्य पारि भरौं पेट भोकाहरू हो हिड, आह्वान गर्छन । 'आमालाई सम्झेर' मा विदेशी नेपालीको हृदय रसाउँछ र स्थितिको अनुकूल अध्ययन हुन गएकोले कवितामा नेपाली आशाको उज्यालो संसार बोकेर फर्कने तरखरमा छ । कुन्द टण्डनको 'उछ्वास्' केही नैराश्यमय छ । यो यथार्थ चाहीं अवश्य हो । हामीले रोएर माग्ने होईन, हामी किन भोका भयौं, कारण खोजेर सत्यासत्यका आधारमा खोस्ने मादल र मुरली बज्नु र बजाउनु पर्छ कवितामा । वास्तवमा प्रगतिशील साहित्यको गत शताब्दीले यही बताउंछ ।

"फल्टुणी थुम्कोमाथि" – कथाले देश र विदेश दुवै ठाउंका नर नारीका वेदनासंग हामीलाई परिचित गराउने स्तुत्य प्रयास गरेको छ । देशमा साहु लागेर, घर खेत खोसिएर, स्वास्नी छोरा छोरी रूवाएर–धन कमाई सब कुरा निखन्ने आशाले विदेशिनु पर्ने बाध्यता एवं गल्तीलाई कथा-कार सफलताका साथ प्रस्तुत गर्छन् । कथा आत्मपरक शैलिमा कथिएको छ र मूलपात्रको आत्मानुभूति ज्यादै मार्मिक छ । हामीलाई घाउ नलागेको हृदय चहऱ्याउन थालेको अनुभव हुन थाल्छ । कथामा मूलपात्र सचेत छ । आफु र आफ्नो जगतसंग उ पूर्णतः परिचित छ र विकासको लागि उसले प्रयत्न गरेको छ । प्रगतिशील दृष्टिकोणमा कथा निक्कै सफल छ । तर कथाकार विजय कुँवरले आफूलाई अझ बढि अध्ययनरत बनाउनु पर्ने देखिन्छ– कथामा यहीमात्र खट्किन्छ ।

नोरेमजीको संस्मरण– 'पुग्ने ठाउंको पत्तो नहुंदा'–यस अंकमा अपूर्ण रहेतापनि वस्तुतः यो आत्मकथामा नोरेमजीले पुग्ने ठाउंको किटान गर्नु हुनेछ

अर्धकथा त्यतैतिर उन्मुख छ । वेदनाका रचनाहरूमा यो सवभन्दा रोचक छ र 'कवि हुने तिर्खा' र त्यससंग सम्बन्धित अन्य पक्षहरूको सामाजिक उद्घाटन-ले हामीलाई आ-आफ्ना वितेका दिन सम्झाउन मद्दत गर्छ । हामी नवोदित कवि–कथाकार कसरी अंध्यारो भित्र हुन्छौं ? अंध्यारोभित्र राख्ने को हुन्? किन यो प्रयत्न भयो? देशमा कला र कलाकारको कस्तो भाउ रहेको छ ? नोरेमजीको संस्मरणले पूर्णतः स्पष्ट पार्दछ ।

पारिजातको 'मित्रताको आधार' निक्कै चाख दिएर पढें । तर 'साथीको छनौट' सम्बन्धि छलफलमा नै पारिजात दिदीले आफूलाई टुङ्ग्याउनु भयो-(बाँकी यो अंकमा हेर्नुहोस्– संपा०) । पारिजातवाट हामीले धेरै धेरै चाहेका छौं, तर यस्तो मामुली रचनामा अलमलिएको देख्दा नभज्जा लाग्छ । उनले त हाम्रो 'धरती र आकाश' वनाउन सिकाउनु पर्ने –साहित्यमा । तर यो 'अलमल'ले हामी अलपत्र परेका छौं । कुंजो, यौन–कुण्ठाले पीडित तथा निराशको आकाश जत्रो छाती बोक्ने दिदी पारिजात– तिमीले अव बलियो, युग-कुण्ठाले पीडित तथा आशाको हेरेर नभ्याइने आकाश बोक्नु पर्ने । 'वेदना र संघर्षको' गीत गाऊ दिदी तिमीले –हामी नाँच्ने र नचाँउने छौं–समानताका ढोल ठटाएर र रणचण्डीको मकुण्डो लाएर ।

अन्य रचनाहरूमा आलोचना–समालोचनामा सुरेन्द्रराज जोशीको 'आदी-पुरूषवारे', शशी किरणको 'रिमालको नाटक 'यो प्रेम' वारे', आर्थिक चिन्तनमा एस० योञ्जनको "अनिवार्य वचत र किसान समस्या", राघवेश झवालीको "चिन्तन र सत्ताको समरूपता" आदि पठन योग्य रचनाहरू हुन् । यिनमा युग चिनाउने प्रयत्न भएको नै छ ।

यस अंकको एक महत्वपूर्ण उपलब्धि कमान सिं लामाको "हामी गाउँ छोड्दैनौं"-एकाङ्की नाटक हो । पाँच दृश्यहरूमा विभक्त यो एकाङ्की वर्तमान नेपाली समाजको पृष्ठभूमिमा आधारित छ । गाउँमा कसरी गरीव किसान-हरू लुटिन्छन् र ठगिन्छन्–एकाङ्कीमा देखाइएको छ । एकाङ्कीलाई शास्त्रीय लक्षण वा साहित्यिक मान्यताका आधारमा मूल्याङ्कन नगर्ने हो भने–पूर्णतः सफल देखिन्छ । पात्रहरू निम्न वर्गीय समाजवाट नै टिपिएका छन्, भाषा वोलचालको छ र कथानक गाउँ घरको नै छ । एकाङ्कीमा धेरै

कुराहरू भन्न खोजिएका छन । तर ति कुराहरू सीमित ठाउँमा नै भन्नु परेकोले खाँदाखाँद गरिएका छन । एकाङ्कीलाई पूर्णाङ्की नाटकको रुपमा प्रस्तुत गर्नु भएको भए अरु सफल हुने थियो । तैपनि कथानकले राम्रो बाटो देखाएको छ र समाधानतिर कथानक उन्मुख छ ।

सारभून सम्पादकीय, पाठकहरूको चिट्ठी र पुस्तक परिचय स्तम्भले "वेदना" सिंगारिएको छ । 'साहित्य जनताको लागि' यहि परिधान जुन वेदनाले बोकेको छ, त्यो पछिसम्म पनि बोकी रहोस्–हामी यहि चाहन्छौं ।

–भावुक धिमिरे
चितौन

'वेदना' साहित्यिक अर्धवार्षिकी पत्रिका। समय समयमा पढ्ने गरेको पाठक हुँ । शुरू शुरूमा साहित्यिक पत्रिकाको बाढी चलेको वखत यस्तो लाग्थ्यो कि धेरै साहित्यकारको जन्म भै सकेको छ–अरु भनौं केही वर्ष अगाडिसम्म एउटा ठूलो भेल आएको थियो प्रगतिशील साहित्यको नाममा । त्यसवखत साधारण पाठक अल्मलिएका थिए वास्तवमा प्रगतिशील साहित्यको प्रतिनिधित्व गर्ने कुन कुन पत्रिका हुन भनेर–छुट्याउन गाह्रो भएको थियो–वास्तविक र ढोंगी अनुहारहरूको ! केही यस्ता पत्रिकाहरू रजिष्ट्रेशनविना वन्द भए, केही संचालकहरूको मतैक्यताको अभावमा थन्किएका छन त केही सकेसम्म आर्थिक मार खपेर भए तापनि प्रगतिशील साहित्यको निरन्तर प्रकाशन गरी नै राखेका छन, मैले 'वेदना' लाई यसै अन्तिम श्रेणीमा राखेको छु ।

'वेदना' का अगाडिका अंकहरूको चर्चा नगरौं, किनभने स्थानाभाव होला र त्यसवारे जांगरुक पाठकले लेखेपनि सकेका छन । त्यसैले वर्ष ४, पूर्णाङ्क ८ को केही प्रतिक्रिया व्यक्त गर्ने अनुमति मागेको हुँ ! यो अंक एक अनुवाद, एक कथा, तीन कविता एक संस्मरण, एक सामाजिक चिन्तन, दुई समालोचना, एक आर्थिक चिन्तन, दुई लेख निवन्ध, एक एकाङ्की नाटक, केही संगीतवद्ध गीतहरू र अन्य स्थायी अंक सह्याली आएको छ ।

यो अंकको सवैभन्दा ठूलो आकर्षण एकाँकी नाटकनै हो । श्री कमान सिं लामाद्वारा लिखित प्रस्तुत एकाँकी आजपनि मुट्ठीभर मानिस-हरूको अत्याचार र दुराचारको विरूद्ध उठाइएको गाँउले शोषित पीडितको आवाज हो । भन्लान कसैले वहुत पुरानो भैसके यस्ता एकाङ्कीहरू, तर हामी जवाफ दिन्छौं, आज पनि कयौं यस्ता घर, परिवार र गाउँ छन - जहाँ पुरातन शोषण प्रवृतिले विभिन्न रुप र रङ्गमा हाम्रो जनसमाजमा जरो गाडि नै राखेको छ । त्यसैले जनजागरणको लागि लिखित यो एकाङ्की जन आवाजको प्रतिक हो ।

सुरेन्द्र राज जोशीजीले गर्नु भएको आलोचनात्मक समालोचनाका-लागि धन्यवाद ! भाउपन्थी कुन श्रेणीका लेखक हुनुहुन्छ र कुन वर्गको प्रतिनिधित्व गर्नु हुन्छ भन्ने कुरा अव हामीले भन्नु भन्दा वहाँकै कृतिहरूले प्रष्ट पारी सकेका छन । साँच्चै भन्ने हो भने भाउपन्थीजीको 'आदी पुरुष' आमा-वा र भाउजु, वैनीसंग लुकाएर पढ्ने खालको कथानक वोकेर आएको छ-त्यसैले यस्ता साहित्यिक कृति (कृति भन्ने र ?) को हामीलाइ खाँचो छैन । 'यो प्रेम'को समालोचना गर्नु भएको छ श्री शशी किरणले ..... निश्चय नै रिमालको 'यो प्रेम' हाम्रो जस्तो पुरातनवादी देशमा प्रेम गर्ने-हरूको वाँढीलाई सचेत गराउने नाटक हो । स्व० रिमालको नेपाली नाटक विधामा आविस्मरणीय स्थान रहेको छ । हरेक कुरा देश, काल, परिस्थिति र विद्यमान अवस्थाहरूको आधारमा परिमार्जित हुनु पर्छ र भावना भन्दा यथार्थ मिठो हुन्छ भन्ने सार हो यो प्रेम को ! शशीजीले गर्नु भएको समालोचना राम्रो लाग्यो ।

कविताहरूमा टंकवहादुर राईको 'क्यामराम्यानहरूलाई' राम्रो लाग्यो । हो हाम्रा देशवासीका क्यामराहरू (आँखा–बुद्धिजीविका) यी क्यामरा–म्यानहरू जस्तै अल्झिएका छन, वल्झिएका छन, त्यसैले हाम्रा क्यामरा–म्यानहरूलाई सचेत खराउने यो कविता उत्तम लाग्यो । अरू कविता त्यति हृदयस्पर्शि हुन सकेनन ! कथामा "फल्टुणी थुम्कोमाथि" राम्रै छ । वास्तवमा नै हाम्रा सयौं नौजवानहरू यसरी नै कथानायक जस्तै वाध्य भएर साहुको शोषण र अत्याचार [illegible] वच्न विदेशिने गर्दछन तर त्यहाँ झन वढि

अत्याचार र शोषण हुन्छ– धन कमाउला भन्ने आकर्षण त एउटा मृग मरिचिका मात्रै हो– वास्तविकता झन भयंकर र कहालीलाग्दो हुन्छ ! पात्रको अनुभव विदेशिने हरेक नौजवानको बोली. करुण कथानक हो जसलाई कसैले नकार्न सक्दैन ।

नोरेमको " पुग्ने ठाउँको पत्तो नहुंदा " ती आर्थिकमार र घर परिवारको बोझले थन्किएका प्रतिभाहरूको करुण संस्मरण हो जो खाउँ लाउं र प्रगति गरौं भन्दा भन्दै पनि आफ्ना व्यावहारिक पाशामा बाँधिन बाध्य हुन्छन । यस्ता प्रतिभा र योग्य व्यक्तिहरूको संरक्षण र उच्च शिक्षाको लागि के ठाउँ छ त हामीकहाँ ?

पारिजातको 'मित्रताको आधार' त्यतिमै टुंग्याइएको चित्त नबुझ्दो छ । निर्दिष्ट दिशातिर पाठकहरूलाई डोऱ्याएमा कसो होला? 'देशका नौजवान'हरू थोर बहुतमात्र हाम्रा नौजवानहरूका समस्याहरूसंग सम्बन्धित छ तर पूर्णत समस्या केलाउन श्री गुरुङलाई सफलता मिलेको छैन भन्न कर लाग्छ । 'चिन्तन र सत्ताको समरूपता' जस्तै अरु योग्य सामग्री भएमा हाम्रा चिन्तन-कर्ताहरू सत्ताको लोभमा पर्नेबाट बच्ने थिए र वास्तविकतातिर लाग्ने थिए कि ! संगीतबद्ध गीतहरू जनजिब्रो होउन । मुकुण्डोधारीहरूको चित्रणगर्दै लेखिएको सम्पादकीयले साहित्यकार हुँ भनि ढोल पिट्दै प्रचारको साधन खोज्दै हिंड्ने कुसि र प्रचारका उपासक मात्र हुन जनजिब्रोका होइनन ! ल्यू शुनको अनुवादले नवोदित साहित्यकारलाई सफलताको ढोकातर्फ डोऱ्याएको छ । अन्तमा स्थापनाकाल देखि नै प्रगतिशील साहित्यको अविरल सेवामा संलग्नभइ जनताका आवाज कलमजिवि मार्फत अझ सशक्त र सरस रुपमा प्रकाशन गर्दै जाओस । फलोस,फूलोस भन्ने शुभ–कामना सहित!

सुभेच्छुक पाठक,
भानुभक्त निरौला
इनरुवा, सुनसरी

वेदना

तन्नेरी गीत

दुर्गालाल



वन्द हृदयको मूल फुटाई, मुक्त गलाले गाइ,
आउ, हाम्रो स्वर–लहरीमा, व्यक्त गरौं जुगलाई ।।

रक्त रक्तका विन्दु विन्दुमा,
सिर्जन सिन्धु रचेर ।
जीवनको जति स्वाद छ हामी,
लिन्छौं मृत्यु चुसेर ।।

सदियौंका सब मैल पखाली, मुक्ताहार लगाई,
आऊ हाम्रो कुर्वानिमा, मुक्त गरौं जुगलाई ।।

जव जनमनको उत्पीडनले,
भर्दछ हाम्रो छाती ।
वज्र वनी तव वज्रि दिन्छौं,
हामी दुश्मन माथि ।।

ज्वाला जस्तै दन्न बलेर, जुग नै फन्न घुमाई,
आउ थपिद्यौं विश्व प्रगतिमा, अर्को एक उचाई ।।

"बैंसको मान्छे" को आलोचनात्मक समीक्षा

अरू प्रकाश

[पारिजातको "बैंसको मान्छे"-"रुप रेखा" को अङ्क १३८ मा प्रकाशित भएको हो। यसले उक्त अङ्कको पृष्ठ १७ देखि ६१ सम्म ढाकेको छ । यस समीक्षाका कोष्ठभित्र दिइएका पृष्ठ संख्या "रुपरेखा" का पृष्ठ संख्या हुन्]

जुन निश्चित दिशातर्फ हाम्रो देशमा विकासको प्रक्रिया अघि बढि-रहेको छ त्यसले स्वाभाविक र अनिवार्य रुपमा सामाजिक विषमताहरू पैदा गरेको छ। सम्पन्न र विपन्नहरूबीचको, धनी र गरीवहरूबीचको खाल्टो झन्झन् फराकिलो हुंदैछ। मुठ्ठीभर मानिसहरू झनझन धनी बन्दैछन भने अर्कोतिर स–साना सम्पत्ति भएकाहरू, आफ्नो पसिनामा जीविका चलाउनेहरू र श्रमजीवीहरू तबाह हुंदैछन् । यी पछिल्लाहरूको जीवन–स्तर झनझन तल झर्दो छ, उनीहरूको जीवन झनझन दुसाध्य बन्दो छ । यस प्रक्रियाले गर्दा स्वाभावतः र अनिवार्यतः विस्थापित, बहिष्कृत, अभाव-ग्रस्त, आधा पेट भर्ने र लफङ्गाहरूको संख्या अधिकाधिक मात्रामा बढिरहेको छ। विकासले उनीहरूलाई काम र माम दिन सकेको छैन, अथवा कसैलाई काम दिए पनि माम दिन सकेको छैन । फलस्वरूप जिउनका लागि कैयनका सामु चोरी, अपराध र नैतिक पतनको कार्य गर्नु बाहेक अर्को विकल्प रहेको छैन ।

यो एउटा सामाजिक विपत्ति हो र यस विपत्तिले क्रमक्रम बढि संख्या मा मानिसहरूलाई आफ्नो बाहुपाशमा कस्दै लगिरहेको छ । यस विपत्तिमा परेर मानिसहरू छटपटाइरहेका, खिएर गईरहेका, निस्सासिरहेका र बेवारिसी भएर मरिरहेका हामी देखिरहेका छौं । यसरी, नेपाली आकाशमा दुःख, कष्ट, नैराश्य, रुवावासी, सुस्केरा, मार्मिक वेदना आदिको कालो बादल मँडारिरहेको छ भने अर्कोतिर आक्रोश, परिवर्तनको चाह, विद्रोही भावना आदिका प्रस्फुटनहरू यदाकदा देखा परेका छन् ।

यही सामाजिक परिवेशमा पारिजातको "बैंसको मान्छे" जन्मिएको छ र त्यसकै पृष्ठभूमिमा यसलाई हेरिनु पर्छ । यस उपन्यासमा पारिजातले यिनै विस्थापित, व्यक्तित्वहीन, सामाजिक मर्यादाबाट च्युत, "काँधमा महँगी, गरीबी, भोक, समस्या, बेकारी, नीचता र पतनको बोझ" बोकेर हिड्नेहरूको चित्रण गरेका छन्, तिनीहरूका भावना, मनस्थिति तथा विचारहरूलाई देखाएका छन् । उपन्यासको मुख्य नायक बैंसको मान्छे यही विस्थापित जमातको प्रतिनिधिको रुपमा उभिएको छ र त्यसबाट उक्त जमातका बाध्यता, अराजकतावादी प्रवृत्तिहरू, सामन्ती तथा पूंजीवादी संस्कारप्रति घृणा, उकुसमुकुस, आक्रोश आदि अभिव्यक्त भएका छन् ।

उपन्यासमा जुन जमातको चित्रण गरिएको छ त्यसको वर्णन यसरी गरिएको छः "पैसा नहुनेहरू, जीवनको स्तर नहुनेहरू, महान विचार नहुनेहरू, दिशाहीनहरू, असंगठितहरू आफ्नो ढङ्गको सानो गूट बनाउँछन्, तास खेल्छन्, गांजा खान्छन्, एउटा दुइटा पुलिस, एउटा दुइटा जाली फटाहा नेतागिरी गर्छन्, शासन गर्छन् । देवता बोकेको देवल यो निकै राम्रो केन्द्र हो यो अपराधहरूको निम्ति । अपराध भन्छौ हामी जान्ने सुन्नेहरू यसलाई आखिर जतावाट पनि पतन हुनु न हो ।" (पृष्ठ २३)

उपन्यासको मुख्य पात्र बैंसको मान्छे यही जमातको एकजना युवक हो । ऊ जवानीले भरिपूर्ण जोश लिएर हिंडिरहन्छ, अलि शिक्षित छ र कुनै काम नगरीकन लोफर बनी दिन बिताउँछ । उसमा हामी यस्तो युवक भेट्टाउँछौं जो जवानीको अहंवादितले बिल्कुल अन्धो छ र आफ्नो मर्यादा र भावुकता बाहेक केही देख्दैन । उसको संसारमा मानवीय भावनाहरू

खुल्ला तर भद्दा रुपमा व्यक्त हुन्छन, लोफरगिरी नांगो रुपमा देखापर्छ । उसमा जीवनप्रति कटु भावना छ, वर्तमान समाज तथा जीवन–पद्धतिप्रति, सामाजिक स्थापना तथा सम्पत्तिप्रति असीम घृणा छ । उ श्रमप्रति घृणा गर्छ, जुन यस रुपमा व्यक्तिएको छः "काम गऱ्यो भने त बोको भइन्छ लाटी पख्..... अहिले अरुथोकै गर्नु छ । तँलाई के थाहा मालिकले गधा बनाउँछ, सरकारले कुकुर बनाउँछ ।" (पृष्ठ १९)

बैंसको मान्छे त्यस्तो पात्र होइन, जो शोषकहरूबाट बनाइएका रंगी-चंगी तस्वीरहरू हेरेर मक्ख भएर "सुन्दर, शान्त, विशाल" को गीत गाउनमा खुशी मनाउँछ । उ के तथ्यलाई बुझदछ भने मुट्ठीभर मानिसहरूको तडक–भडक स्थिति, उनीहरूको ऐश आरामका देशको स्थितिको सच्चा चित्रण पाउन सकिदैन । जनताको दरिद्र अवस्थालाई अखबार क्यालेण्डर-हरूले रङ्गीचङ्गी चित्रहरूबाट छोप्न र मुट्ठीभर मानिसहरूले "हामी देश हौं" भन्ने देखाउन गरिएको प्रयत्नलाई ऊ राम्ररी बुझदछ । यस प्रयासलाई नंग्याउँदै ऊ देशको सच्चा स्थितिलाई बडो स्पष्ट रुपमा यसरी राख्छः "अखबारको देशले एउटा रेशमी पर्दा हाम्रा आँखाहरूमा टाँगेर हामीलाई दिग्भ्रमित बनाइदिएको छ र हामीले कहिल्यै आफ्मा देश हेर्ने खोजेनौं आफ्मा देश छाम्न खोजेनौं । देश भनेको फितलो नलीखुट्टामा सज्याइएका हाम्रा विक्षिप्त करङ्गका ढाँचाहरू हो, देश भनेको आधा पेट गान्टेमलाको झोल र भातमा धानिएको हाम्रो शिथिल शरीर हो, तिमी हामी निमुखा र हुतिहाराहरू देश हौ, हाम्रा भोको पेट देश हो, हाम्रो न्यानो लुगाको अभाव देश हो । देशलाई हामीले डाकटिकट, क्यालेण्डर, पौभाचित्र, टूरिष्ट-बूक, अखबार र देवलहरूमा खोज्छौं, तर देश युगौंदेखि हामीलाई आफ्नो गरीबी र उपलब्धिहीनताहरूमा पखिरहन्छ ।" (पृष्ठ ६३)

बैंसको मान्छे आजको विषम सामाजिक–आर्थिक संस्कारमुनि उसको जमातको मुक्ति हुन सक्दैन भन्ने तथ्यप्रति बिलकुल सचेत छ । यस संस्कार अन्तर्गत उनीहरूको लागि उच्चतातर्फ बढ्ने सारा बाटाहरू बन्द छन । यस अन्तर्गत उनीहरूको निम्ति एउटै मात्र बाटो खुल्ला रहेको छ – त्यो हो पतनको बाटो । यस अर्थमा हाम्रो बैंसको मान्छे त्यस्ता ठूला बडा, विद्वान

र मार्क्सवादी भनाउँदाहरू भन्दा माथिल्लो धरातलमा उभिएको छ, जो आजको सामाजिक–आर्थिक परिवेश अन्तर्गत खान नपाउनेहरूको जीवन माथि उठ्न सक्छ भन्ने फट्याईको प्रचार गरी हिंड्छन । यस सम्बन्धमा वैंसको मान्छे सर्वथा भ्रममुक्त छ र भन्दछः "यस्तो अपराधी समाजमा बसेर ऊ सुख खोज्छे, आफ्नो निम्ति स्थान खोज्छे एउटा भ्रष्टताभित्र, व्यभिचार-भित्र । डढेलो लगाइदेऊ सुखका परिकल्पनाहरूलाई । हामी एउटा अँध्यारो इनारभित्र निर्वासित छौं, छलिएका छौं, ठगिएका छौं, आँखा छोपिएका छौं । ..... खान पाउनेहरूले शासन गरेको देश हो यो, सुख लुटेकाहरूले शासन गरेको देश यो ।" (पृष्ठ ४२) त्यसैले वैंसको मान्छेको दिलमा यस समाजप्रति, यस सामाजिक–आर्थिक संस्कारप्रति घृणा र रोष भरिएको छ । ऊ यसलाई भित्रैदेखि सराप्छ, गाली गर्छ र त्यसलाई फेर्नुपर्ने खाँचोलाई गहिरो रुपमा अनुभव गर्छ । उक्त खाँचोलाई ऊ यसरी व्यक्त गर्छः "म आफ्नो व्यक्तित्व खोज्न थाल्छु, सामाजिक स्थान खोज्न थाल्छु तर छैन । मेरो व्यक्तित्व छैन, मेरो सामाजिक ओहदा छैन, मेरो बाबुको थिएन, बाजेको थिएन । हामी यस्तै किसिमले चलिआएका छौं बालुवा माथि फुलेको ..... अहँ बालुवामाथि फूल फुल्दैन । ..... मैले आफूलाई फुलाउनको निम्ति यो बालुवाको सट्टा यहाँ माटो प्राप्त गर्नुपर्छ । मैले यो धर्तीलाई साट्न सक्नु पर्छ, यो वातावरणलाई साट्न सक्नु पर्छ । (पृष्ठ ५०)

तर जुन सामाजिक वातावरणभित्र वैंसको मान्छे हुर्किएको छ र उसको जीवन अघि बढिरहेको छ, त्यो व्यक्तिको स्वस्थकर, स्वतन्त्र विकासको लागि कदापि अनुकूल छैन । व्यक्तिहरूको विकासलाई सामाजिक वातावरणले प्रभावित गर्ने हुनाले स्वभावतः वैंसको मान्छेको विकास स्वस्थ ढङ्गबाट र सही दिशामा हुँदैन । उसले चाहेको परिवर्तनले ऊ बाट ठूल–ठूला कार्बाईको अपेक्षा गर्छ तर ऊ यो गर्न बिलकुल असमर्थ छ । ऊ सराप्छ, गाली गर्छ तर गालीले मात्र कुनै महत्वपूर्ण परिवर्तन ल्याउन सक्दैन । "सासभन्दा महत्वपूर्ण आक्रोश" (पृष्ठ ३८) बोकेर ऊ रुमलिरहन्छ, तर आक्रोशले मात्र सामाजिक-आर्थिक संस्कारलाई फेर्न कदापि सक्दैन । फेरि, उसको आक्रोश स्वस्थकर कार्बाइमा व्यक्त हुँदैन । उसको सोचाइमा दृढता छैन, एकरुपता छैन ।

जब कुनै व्यक्तिको मानसिक विकास स्वस्थ ढङ्गबाट हुन पाउँदैन, त्यसले विकृत रुप लिन थाल्छ । वैसको मान्छेमा यो विकृति जिद्धीपनामा, आफूलाई जे मनलाग्यो त्यही गर्न प्रवृत्तिमा, म जे पनि गर्न सक्छु भन्ने खोक्रो धाँकमा अभिव्यक्त भएको छ । "मान्छे आपनो सोचाइहरूको शासक हो । नर्कमा जाओस् गरीबी, अभाव र यो पशु जीवन, म आफ्नो भनाइहरूको ईश्वर हुँ । अवस्थाहरूलाई त म पाइतलाले कुल्चेर उभिन सक्छु, आफ्नो गरीबीलाई त म पुरानो कमीज संगसंगै मिल्काइ दिन सक्छु । आफ्नो वर्तमानको म एउटा शक्तिशालि मान्छे । .. मेरो जीवनको विकल्प.....स्वतन्त्रता हो ।" (पृष्ठ २८) भन्ने वैसको मान्छेको भनाइमा यस जमातको सोचाइको विकृत रुप प्रष्ट रुपमा देखापरेको छ ।

यसरी, सम्पूर्ण सामाजिक वातावरणको कारणबाट स्वस्थ रुपले मानसिक विकास हुन नपाएको व्यक्तिको रुपमा वैसको मान्छे देखापर्छ । "म ईश्वर हुँ" "म अवस्थाहरूको शासक हुँ" भन्ने सोचाइ कुनै मानसिक रुपले स्वस्थ व्यक्तिको सोचाइ होइन । साँचो भन्ने हो भने, यो त मानसिक रुपले विकृत, रोगी अत्याचारीको सोचाइमात्र हो, किनभने एकजना अत्याचारी हमेशा के देखाउन खोज्छ भने ऊ जेपनि गर्न सक्छ, जेपनि गर्न स्वतन्त्र छ र कोही पनि उसको मालिक होइन । उसको यो सोचाइ वास्तवमा उसको वैचारिक खोक्रोपना र अन्तर्निहित कमजोरीको चिन्हमात्र हो । परिस्थितिले नरामरी बाँधिराखेको वैसको मान्छेमा यस्तो अत्याचारीको सोचाइ हुनु उसको आन्तरिक खोक्रोपनाको परिचायक हो । बलियो दृढता, आस्था र जोश भएको एकजना साँच्चिकै स्वतन्त्र व्यक्ति यस ढंगबाट सोच्दैन । ऊ आम कार्वाइको लागि सक्रिय रूपमा कामगर्छ, त्यस्तो कार्वाइमा आफ्नो चरित्रबललाई प्रदर्शित गर्छ तर वाहियाती, बकफुसे अभिव्यक्ति र कार्यमा अफ्नो बल खर्च गर्दैन ।

आखिर वैसको मान्छे आफ्नो असमर्थता, आफ्नो कमजोरीलाई बुझ्दछ उसमा "समाजको विस्थापन.....विध्वंस" (पृष्ठ ८१) को टूलो चाह छ तर त्यसलाई सफलतापूर्वक कार्यमा परिणत गर्न सक्दैन । ऊ विध्वंस चाहन्छ तर कसरी विध्वंस ल्याउन सकिन्छ, कुन दिशा र बाटो लिएर जानु पर्ने हो,

आदि कुरो उसलाई थाहा हुंदैन । अपनै भरमा, स्वतन्त्र रूपबाट असंगठित-हरूको यो जमात समाजमा कुनै महत्वपूर्ण परिवर्तन ल्याउन सक्दैन । यस तथ्यलाई बैंसको मान्छे यसरी व्यक्त गर्छ: "जीवनको प्रत्येक अवस्थाले मलाई गरीबीसंग घृणा गर्न सिकायो, लाग्थ्यो कुनै दिन म पनि यस अपराधी गरीबीलाई पाइतलामुनि कुल्चन सक्षम हुनेछु तर यो हरामी गरीबीलाई कहिं मैले मिच्नै पाइन ।" (पृष्ठ ८३)

तर मानिसमा ज्यान भएसम्म उसको जिउने इच्छालाई, कुनै रूपबाट बाहिरी क्रियाकलापमा आफूलाई व्यक्त गर्ने इच्छालाई कदापि मार्न सकिदैन आफ्नो स्थिति र जीवनावस्थाले गर्दा विस्थापितहरूको यो जमात स्वतन्त्र रूपबाट ठूल–ठूला जन–कार्याहरूमा आफूलाई व्यक्त गर्न सर्वथा असमर्थ छन् । आफ्नै भरमा छाडिएमा त्यसले शोषण प्रणालीलाई सराप्न, गाली गर्न सक्छन र हद गरे त्यसको कुनै बाह्य अभिव्यक्तिको विरूद्ध लड्न सक्छन । यस जमातका सदस्यहरू. बहादुर हुन्छन, तर ऐतिहासिक परिवर्तन-मा नेतृत्व दिन सक्ने सामाजिक शक्तिको निर्देशनमामात्र तिनीहरू शोषण प्रणालीको विरूद्ध सच्चा लडाका बन्न सक्छन । बैंसको मान्छेलाई सामाजिक–आर्थिक प्रणाली अपराधी हो भनेर थाहाँ छ, तर त्यसको सामु ऊ बिल्कुल अशक्त र असहाय छ । उसको आक्रोश तागत र जोशले आफूलाई व्यक्त गर्ने कुनै स्वतन्त्र तथा सही बाटो भेट्टाउंदैन; त्यसैले त्यसले विकृत ढंगबाट, गलत रूपबाट र आफैलाई घातक हुने तरीकाबाट आफूलाई व्यक्त गर्नु परेको छ । उसको सारा आक्रोश र विद्रोह आखिरमा गएर सामाजिक आर्थिक प्रणाली–को विरूद्ध होइन, बरू एकजना घरपति साहूमा गएर खनिन्छ र त्यसको घाँटी दबाएर मार्नुमा गएर उसको क्रियाकलापको टुंगो लाग्छ ।

बैंसको मान्छे त्यस्ता स–साना वीरहरूमा एकजना हो, जो हामीहरूको बीचबाट बराबर देखापर्दै आएका छन । जुन सामाजिक अवस्थाहरूमा यिनीहरू रहन्छन त्यो यस्तै वीरहरू जन्माउनमात्र अनुकूल छन, ठूल–ठूला वीरहरू जन्माउन अनुकूल छैनन । यी 'वीरहरू' शोषित पीडितहरूलाई मद्दत गर्न चाहन्छन, उनीहरूलाई थिचोमिचो र शोषणबाट मुक्त गर्न चाहन्छन । उनीहरूमा शोषितहरूप्रति गहिरानुभूति छ, साहस छ । तर, परिस्थितिको

सामान्य चरित्रलाई बुझ्न नसकेको हुनाले उनीहरू सही दिशातिर बढ्न सक्दैनन । जुन सामाजिक संस्कारका शक्तिहरू चारैतिर विभिन्न रूपमा फैलिएर जनतालाई हैरान पारिरहेका छन, उनीहरूको जीवनलाई विषाक्त बनाइरहेका छन र बेचैनी, दुःख कष्ट दिइरहेका छन, त्यस मुख्य शत्रुको विरुद्ध लड्ने गाह्रो कामलाई पूरा गर्न चाहिने गुणहरूको उनीहरूमा कमी छ । यस गाह्रो कामलाई छोडेर उनीहरू त्यो भन्दा धेरै सजिलो काम गर्न तर्फ लाग्छन, किनभने कुनै खास शोषकलाई हमला गर्न र खतम पार्न काम माथिको कामभन्दा औधी सजिलो काम हो । मूल खराबीको विरुद्ध वीरताको प्रदर्शन गर्न नसकेर उनीहरू त्यसका साना–तिना मूर्तरूपहरूको विरुद्ध लडेर वीरता देखाउन खोज्छन । यसो गर्दा उनीहरू के तर्क दिन लाग्छन भने फलाना शोषक, फलाना फटाहा फलाना साहू शत्रु हो र त्यसलाई खतम पारेपछि सबै कुरो ठीक भइहाल्छ । उनीहरू रुखलाई उखेल्न त्यसमाथि बंचरो हान्न चाहदैनन, बरु त्यसका स–साना हाँगाहरू र पातहरू तोडेर "वीर" बन्न खोज्छन । तर वास्तवमा आफ्नो कार्यद्वारा उनीहरूले आफूलाई 'दोन क्वेग्जट' मात्र प्रमाणित गर्छन । किनकि आफू केको लागि लडिरहेको हो साँच्चैको शत्रुसित लडिरहेको हो कि होइन र आफ्नो कार्यबाट कस्तो फल निस्कन्छ–यो थाहा नहुनु दोन क्वेग्जटको एउटा विशेष लक्षण हो ।

हाम्रो देशमा विकासबाट हुत्त्याइएका, फालिएका र विस्थापित गरिएकाहरूको जीवन, मनस्थिति र भावनाहरू यता केही समयदेखि हाम्रो साहित्यमा प्रतिबिम्बित हुँदै आएको छ । तर पारिजातको "बँसको मान्छे" मा जति बलियो, प्रष्ट र सर्वांगिक मात्रामा त्यसको चित्रण भएको छ त्यति आजसम्म अरु कसैको साहित्यमा पाइन्न । आफ्नो सशक्त शैलीमा पारिजातले तिनीहरूको मनस्थिति आक्रोश र निहित कमजोरीलाई राम्रो साहित्यिक कृतिमा फेरेका छन । यो खाले जीवनको सजीव प्रस्तुतीकरण र चित्रणमा उनी अरुहरूभन्दा अवश्य माथि छन ।

तर पारिजात प्रस्तुतीकरण र चित्रणमा मात्र संतोष मानेर बस्दैनन । उनी त्यसलाई दार्शनीकरण गर्छन, अर्थात त्यसलाई कुनै निश्चित दृष्टिकोण-द्वारा व्यवस्थित र प्रज्ज्वलित पार्न खोज्छन । यसो गर्दा उनले सही

दृष्टिकोण लिन सकेनन । व्यक्ति–हत्या मुक्तिको लागि संघर्षको सही तरीका होइन भन्ने इतिहास-सिद्ध कुरो हो । तर पारिजात यस गलत तरीकाको निन्दा गर्दैनन; बरु, त्यसको उल्टो त्यसलाई समर्थन गर्छन, त्यसलाई गौरवान्वित पार्छन र त्यसबाट छुटकारा पाउने फट्चाइँपूर्ण विश्वास दिलाउन खोज्छन । उनी त्यसलाई "विध्वंसको शुरुआत" ठान्छन, युद्ध शुरु भएको कल्पना गर्छन ।

यहाँ आएर साहित्यिक दृष्टिले ख्याति-प्राप्त पारिजातमा दार्शनिक–सामाजिक विचारहरूको गरीबी देखापर्छ । मानवजातिको मुक्तिको लागि बाटो देखाउने सही सिद्धान्त र जन आन्दोलनको विशाल इतिहासको अनुभव उनको निम्ति बुझ्न नसकिने बन्छन । इतिहास कसरी अघि बढि आएको छ, इतिहासलाई अघि बढाउने प्रेरक शक्तिहरू कुन हुन, कुन सामाजिक शक्तिको नेतृत्वमा शोषण, थिचोमिचो र गरीबीबाट जनताको सच्चा छुटकारा संभव छ भन्ने कुरोलाई उनी बुझ्दैनन अथवा भनौं, बुझ्ने प्रयास गर्दैनन । उनी नेपाली जनान्दोलनको इतिहास र अनुभव समेतलाई बेवास्ता गछन ।

अन्तमा, "बैंसको मान्छे" हामी सबैले पढ्नु पर्ने एउटा उपन्यास हो । यसले हामीलाई संख्यामा बढ्दो विस्थापितहरूको जमातका भावना, आकांक्षा, दृष्टिकोण, मनस्थिति र कमजोरीहरू बुझनमा सघाउँछ । यसको साथै उचित निर्देशन भएमा ऐतिहासिक परिवर्तनको निमित्त एउटा महत्वपूर्ण शक्ति बन्न सक्ने यस जमातको लागि उक्त परिवर्तनमा नेतृत्वकारी सामाजिक शक्तिको निर्देशन कति आवश्यक छ भन्ने कुरो पनि हामी यसबाट बुझ्न सक्छौं ।

(पाठकहरूका माझ निकै चर्चित पारिजातको 'बैंसको मान्छे' बारेमा पाठकहरूलाई विचार बनाउन अरू बढि सघाउ पुगोस् भन्ने ध्येयले प्रस्तुत समिक्षाका लेखकको दृष्टिकोण प्रस्तुत छ –सं०)

कोलुसा

-मैक्सिम् गोर्की

चिहानै चिहानको कुनै कुना, जहां गरीवहरूलाई गाड्ने गरिन्थ्यो र त्यस्तो ठाउँ, जहाँ पात-पतिङ्गरहरू छरिएका थिए। पानीले पखालिएको ठाउँ, जहाँ आँधी र बतासले चिहानहरूनै उघार्न खोज्दथ्यो। त्यस्तो ठाउँ-को एउटा अचम्मै उराठलाग्दो माटोको ढिस्कोनुमा अति दयनीय हालतमा जीर्ण लुगाहरूमा वेष्टिएर, एउटा कालो मैलो खाँडीको खास्टोभित्र शोक र पीरले थाकेर, एउटा स्वामीको रूख नजीकै फ्रिस्लिङ्ग परेर, एउटी आइमाई वसेकी थिइन।

सेतै फुलेको कपालको एक चुल्ठा उनको चाउरी परेको गालामाथि ऊयाप्लाक्कै खसेको थियो। पीर र औडाहा भाग्ला भनेझैं गरी, चाम बाँध्रेकी थिइन। हो, उनी... उदास मुद्रामा घोसेमुण्टो लाएर, अतीतलाई केलाइरहेकी जस्ती देखिन्थिन।

उनका आँखा राता राता देखिन्थे आँखिभौं फुलेका थिए—मानौं रात-भरी अांदो वसे जस्तो, अथवा यसो भनौं होला रुँदा-रुँदा थाकेर हराए जस्तो। उनी निश्चल भएर वसेकी थिइन। र म केही वर थिएं- उनलाई हेरिरहेको म उनकै नजीक गएं, तैपनि उनी अलिकति पनि चल्वलाइनन। उनले खालि उनको ठूलाठूला एकजोडी आँखा उठाएर मेरो आँखामित टाँसिन। र घोसेमुन्तै लाइन फेरि। म नजीकै गएपछि, उत्सुवता दु:ख अथवा अरू कुनै भाव उनको अनुहारमा देखापर्नु पर्ने थियो। तर अलिकति पनि प्रकट भएन। मैले चिन्ति भावमा एकदुई शब्द बोलें र सोधें पनि—

–'यहाँ . ....को छ चिर निद्रामा सुतिरहेको ?'

–'मेरो छोरा । भावशून्य मुद्रामा,उदास-उदास भएर उनले जवाफ दिइन ।

–'ठूलो थियो ?'

–'बाह्र वर्षको ।

–'कहिले मरेको ?'

–'चार वर्ष पहिलेनै ।'

उनले गहिरो सास फेरिन र बाहिर छरिएको कपालको चुल्ठोलाई खाप्टोभित्र घुसारिन । सूर्य बेपर्वाहका साथ बस्तीलाई नै पिल्स्याउने गरेर चर्किरहेको थियो । चिहानमाथि उम्रिएका घाँसहरू पनि प्रचण्ड तापले गर्दा ओइलिएका फूलहरूझैं पहेंलिएका थिए । धुस्रे–फुस्रे भएर नाँगिएका रुखहरू लाशहरूको माझमा जिङ्गिङ्ग परेर कठिङ्गिएका थिए । यस्तो सुनसान छरिएको थियो मानौं सबका सब मुर्दा बनिरहेछन ।

–ऊ कसरी मऱ्यो ?' बच्चाको चिहानमाथि ओंल्याउदै मन्टो हल्लाएर मैले सोधें ।

–'घोडाहरूले कुल्चेर ।'

उनले संक्षिप्तमा जवाफ दिइन र आफ्ना झीना आँला भएका हातहरू फैलाएर बच्चा (छोरा)को चिहान सुस-सुम्याउन लागिन ।

–'यस्तो दुर्घटना कसरी घट्यो ? मलाई थाहा थियो,यसरी प्रश्न माथि प्रश्न गर्नु राम्रो होइन । तर उनको दयनिय दशाले मलाई कुत्कुत्याइरहेको थियो । तीतो अनुभवमा भासिएर आफ्नाई संभाल्न सकिरहेको थिइन । कुनै यस्तो सम्झनै नसकिने धुन्ले मलाई घेरिसकेको थियो कि म उनको आँखामा छचल्किन लागेको आँसुको झर्ना हेर्न आँटिझैं थिएं । उनको उदास मुहारमा धेरै कुराहरू अटिएका थिए । जो अप्राकृतिक थिए र अस्वाभाविक र बनावटी देखिदैन थिए । मेरो सोधाइको उत्तरमा उनले फेरि आफ्नो आँखा मेरो आँखामा सट्टाइन र एकटक शिरदेखि पैतलासम्म निहारिन । अनि अलिकति हलुको सास फेरेर, उराठलाग्दो नीरसताले लझकै भिजेका पूर्व-कथा सुनाउन लागिन ।

–'घटना यसरी घटचो । उसको बाबु जब चोरीको मुद्दामा डेढ वर्षको-लागि थुनामा परे । यस समयमा हामोले हामीसित भएको जम्मै धन दौलथ खाएर सिध्यायौं । हामीसित के पो धेर थियो र । उहाँ (श्रीमान) थुना-बाट छुट्नु भन्दा पहिले दाउराको साटो मकैको ढोंड बाल्ने गर्थे । चिनेजानेको एउटा मालीले एक गाडी मकैको ढोंड हाम्रो घरमा पठाई दिएको थियो । मैले त्यसलाई सुकाएं र सुकेको गुइंठासंग मिलायर बालें । यसबाट उधुमै धुवाँ निस्कन्थ्यो र खाना खराब हुन्थ्यो ।

कोलुसा स्कूल जान्थ्यो । उ धेरै तेजिलो र किफायत गर्न जान्ने बच्चा थियो । स्कूलबाट घर आउंदा, बाटामा भेटिएका दाउरा गुइंठाहरू बोकेर आउंथ्यो । बसन्त ऋतु थियो । बर्फ पग्लि रहन्थ्यो । कोलुसासंग एकजोर ऊनी जुत्ता सिवाय खुट्टामा लाउने केही थिएन । उसले त्यो जुत्ता फुकाल्दा उसको खुट्टा सुनिएर रातो देखिन्थ्यो । त्यसै बेला बाबुलाई जेलबाट छाडे र गाडीमा राखेर घर ल्याए । कैदखानामा उनलाई बाथको रोगले छोएको थियो । उनले निहारेर मलाई हेरिरहे । उनको मुहारमा एक कुटिल मुस्कान दौडिरहेको थियो । मैले पनि उनलाई हेरिरहे र मनमनै सोचें –'तिमीले मेरो यस्तो हालत बनायौ अब म यस्तो घाउ कसरी जाती बनाउँ । एक मात्र काम अब तिमीहरूसंग गर्न सक्छु–त्यो के भने तिमीहरूलाई उचालेर कुनै नरकमा फ्याँकि दिउँ ।' तर कोलुसाले उनलाई हेरेर चिच्यायो । उसको अनुहार धोएको सेतो तन्ना जस्तै स्वच्छ र सफा थियो । र आँखाबाट आँसु बहेर गालाभरि बेरिएको थियो ।

–'यो··· यिनीलाई के भयो आमा ?' उसले सोध्यो ।

–'यिनीले आफ्नो पूरै दिन बिताइ सके ।' मैले सोधें ।

यस पछाडि बिस्तारै मेरो शारीरिक अवस्था बिग्रँदै गयो । काम गर्दा गर्दै मेरा हातहरू लुलिएर भाँचिएका जस्तो हुन्थे । तै पनि मरी–मरी काम गर्नु पर्थ्यो र यसरी काम गर्दा पनि दुइ रुपियाँ भन्दा बढी पाउँदैन थियो । त्यो पनि भाग्यले दिन राम्रो भएको समयमा मात्रै । नत्र त गर्नु भन्दा पनि नराम्रो दशा थियो ।

कहिले काहीं यसो मनमा विचार आउँथ्यो कि यो जीवनको अन्त गरि

दिउँ । एक चोटी, जब हालत ज्यादै नराम्रो मतलब सहनै नसकिने भयो, तब मैले भनें-- 'म त थाकिसकें, मानिसको यो जीवन देखी । यदि मैले मरें, या तिमी दुइमा एक मरे– यो ठिक हुने छ ।' यो कुराले उनीहरू प्रति इसारा गरेको थियो । (बाबु चैं टाउको मात्र हल्काएर मौंन रहे । मानौं, उनी भनिरहेका छन्– 'तिमी किन फिज्ज्यार मान्छेउ । अलिक शान्ति होऊ । मेरा दिनहरू एकदम छोट्टिई सकेका छन्– एकदमै नगिचै आइसकेका छन् । कोलुसाले पनि धेरैबेर निन्हायो र अनि, केहि बेरपछि फनक्क फर्केर घरबाट बाहिर निस्कियो ।

ऊ हिंडिसकेपछि मैले आफनो शब्दहरूमा पछुताउनु पऱ्यो । तर पछुताएर केही हुने थिएन । हुन पनि के हुन्थ्यो र ! हातबाट बाज फुस्किसके– पछि । यस्तैमा, एक घण्टा नबित्तै एउटा प्रहरी गाडिमा बसेर आयो र मलाइ भन्यो ।

–'के तिमीनै हौ श्रीमती शिशेनिया भनेकी ? तिम्रो छोरा माहाजन आनोखिनको घोंडाले कुल्चिएको छ ।

उसले यति मात्र भन्यो । हत्तार-हत्तार म गाडीमा बसेर अस्पताल तर्फ जान लागें । मलाई त्यहाँ यस्तो महसूस भइरहेको थियो कि–गाडीको सीट भरि कसैले बलिरहेको आगोको कोइलाहरू बिछ्याइ दिएको छ । र म आफैले आफैलाई सोध्न लागें ।

–'अभागी आइमाई तैंले यो के गरिस् ।'

आखिर म अस्पताल पुगें । कोलुसा ओछ्यानमा सुतेको थियो । र मानौं पट्टी–पट्टीको बितो जस्तो लाग्थ्यो । ऊ, मतिर हेरेर मुस्कुरायो, अनि उसको गालामा आँसु देखा पऱ्यो । तै पनि उसले लर्खरिएको स्वरमा साउती मार्दै भन्यो ।

–'आमा मलाई माफ गर्नुस् । रुपियाँ पुलिसले लिएको छ ।'

–'रुपियाँ ! कस्तो रुपियाँ ? यो तँ के भन्दैछस् ? मैले सोधें ।

–'त्यही रुपियाँ मान्छेहरूले मलाई सडकमा दिएको रुपियाँ । र आनोखिनले पनि दिएको ..... ! उसले भन्यो ।

–'के को लागि ? मैले सोधें ।

–'यसकारण ।' उसले भन्यो र एक हल्का आवाज उसको मुखबाट निस्कियो । उसका आँखा तनक्क तन्किए र कटौरा जत्तिकै बडेमाका भए ।

–'कोलुमा !' मैले भने । –'यो कसरी भयो ? के तैले घोडाहरू आएको देख्दै देखिनस् ? उसले सिधै पेटमा कुरा नलुकाइकन भन्यो ।

–'मैले देख्न त देखेको थिएँ । आमा..... ! तर, म ... । जानी जानी बुढ़ पचाएर बाटो छाड्दिनँ । मैले सोचें कि – यदि म कुल्चिए भने, सबैले रु० दिन्छन् । हो ..... अँ .. , र सबैले भने । एकदम यही शब्द उसले भन्यो । अनि कुल्बांस्स मेरा आँखा खोलिए । मैले सम्झें कि उसले (मेरो अनजान बच्चाले) के यस्तो गऱ्यो हरे .. ! तर मौका गुमिसकेको थियो । भोलिपल्ट एका बिहानै ऊ चीर निन्द्रामा ढल्यो । उसको सोंच्ने शक्ति अन्तिमसम्म पनि स्वच्छ थियो । उसले बारम्बार भनिरह्यो ।

–'हजुर बाबुको लागि यस्तो किन्नु–उस्तो किन्नु । अनि आफ्नो लागि पनि केही किन्नु । मानौं धनको खात लाएको छ । तर, धन भने क्रारक्रुर पार्दा सैंतालीस रुपियाँ थियो ।

म माहाजन आनोखिन काँ गए । तर उसले सिर्फ पाँच रु. दियो । तैपनि भुतभुताएर भन्यो– 'बच्चा खासै गरी जानी जानी घोंडाको मनि आएको हो । पूरै बजार साँक्षी छ । तिमी दिनदिनै आएर कचकच किन गर्छौं, तिमीलाइ म एक कंचन पनि दिन्न जाउ' ।

–'उसले यस्तो भने देखि म फेरि ऊ कहाँ कहिल्यै गइनँ । यस प्रकार यो घटना घट्यो सम्झनु भयो बाबु ?"

उनी चुप भईन् र फेरि पहिलेको झैं निश्चल भाव शून्य देखिइन् । चिहान्, शान्ति र बिरानो थियो । लाशहरू, जिङ्गिएका रुखहरू, माटोको ढिस्कोनोमा शोकाकुल भएर ती मनोविकार शून्य स्त्री; यी सबै कुराहरूले मलाई मृत्यु र मानवीय दुःखहरूको बारेमा सोच्न बाध्य तुल्याए । तर, आकाशमा एक टुक्रा पनि बादल थिएन । धेरैतीलाईनै छिल्स्याउने खालको गर्मी भने बढ्दै थियो ।

मैले आफ्नो खल्तीबाट केही चानचुने पैसा निकालें र ती शोकाकुल स्त्रीको अगाडि बढाएँ । ती अझै दुर्भाग्यले कुल्चेर पनि बाँचि रहेकी थिईन् ।

उनले टाउको हल्लाइन् र अनौठो तर मधुर स्वरमा भनिन् ।

–'कष्ट नगर्नुहोस् बाबु ! आजको लागि मसंग प्रशस्त छ । भोली पर्सिको लागि पनि आवश्यक छैन । म एकदम एक्ली छु– यस दुनियाँमा एकदम एक्ली !!

उनले गहिरो सास फेरिन् । र आफ्नो ओठ चेपिन्, जसले गर्दा फेरि उनको अनुहारमा पूर्ववत् शोकले भरिएका विशाल रेखाहरू देखा पर्दै गए ।

× अनुवादक– डी० आर० पोखरेल

नववर्ष–२०३४ को उपलक्ष्यमा

सम्पूर्ण ग्राहक वर्गमा

सुस्वास्थ्य एवं दीर्घायुको लागि

सेवाभावले प्रेरित देशको एक मात्र युवालय

मङ्गलमय कामना गर्दछ ।

महेन्द्र युवालय, परिवार

फो. नं. २१००३ जावलाखेल, ललितपुर

श्री पञ्चमी पुस्तकालय, बेल्टार, त्रिजुगालाई

पुस्तक, पत्र–पत्रिका पठाई दिनु भई

सफलिभूत पार्नु टेवा दिनु होस

अध्यक्ष

श्री सन्दिल श्रेष्ठ 'लोचीती'

श्री पञ्चमी पुस्तकालय

बिचरा ?

-मोहन सिंह राठौर

कलेंटी परेका ओंठहरू र खोपिल्टे आँखाहरू
अनि, रित्ता आन्द्रा र भुँडीहरू बोकी हिंडेको
म तिम्रो दयाको पात्र–एउटा 'बिचरा'
बैसाकको प्रचण्ड धूपमा
तिम्रो भारी बोकेर हिंडेको छु ।

चश्मा लगाई घोडा चढेका
तिमी मेरा साहेब हौ

खल्खल्ती पसिनाले
थाकेर गलेको जिउ
एउटा भारी बिसौनी
एउटा लामो सुस्केरा तान्दै हिंड्ने
तिम्रो 'दयाको पात्र' म एउटा भरिया हुँ ।

पुष माघको यस जाडोमा
तिमीहरू कतै न्यानो दोलाई तानेर सुतेका होलाउ
तातो बोर्सी (हिटर) तापेर बसेका होलाउ
अरु तिमीलाई सुताउन्
एउटा मिठो संगीतको धुन बजिरहेको होला ।

म यहाँका गल्लीहरू, पार्कहरूमा
अनि सडक सडकहरूमा

भुस्या कुकुर संगसंगै
कक्रिएर, गुडुल्किएर
खाल्डो भरिको जम्मै हुस्सुलाई ओडेर
चिसो निन्द्रामा सुतेको म
तिमीहरूको घृणा सोहोरेर थुपारेर बसेको
म एउटा माग्ने हुँ ।

हो, तिमी यसै भन्ने गर्छौं
तिमी विचरा भन्ने गर्छौं
तिमी माया देखाउने गर्छौं (दान ?)
तिमी दया थुक्ने गर्छौं ।

म कृष्णे हुँ, तिम्रो नोकर
मेरो धुजा धुजा लुगा देखी तिमी 'दया' गर्छौं
तिमी आफ्नो पुरानो लुगा जडाउरी दिन्छौ
म 'बिचरा'लाई ।
म रामे हुँ, तिम्रो ज्यामी हुँ
म मदनाचा तिम्रो धोबी हुँ, च्यामे हुँ
म अटवारी तिम्रो हलिया हुँ
म सिवे कांठो तिम्रो भान्से हुँ
म सेरे, म अमृते तिम्रो दमाई हुँ, सार्की हुँ
म चमेली तिम्रो सुसारे
म कल्टो एउटा बादी हुँ
म कान्छा, म होटलको कान्छा हुँ
[मेरो नाम पनि हुनसक्थ्यो
तर, म कान्छा मात्रै हुँ]
सारांशमा म
तिम्रो 'दयाको पात्र' हुँ (तिमीलाई लाग्छ)
म 'बिचरा' हुँ (तिमी सोच्दछौ) ।

हो तिमी दया गर्छौ, खूब दया गर्छौ

त्यसैले त तिमी 'बिचरा' भन्ने गर्छौ
र आफुलाई मालिक भन्ठान्छौ

सायद आफुलाई सर्वशक्तिमान ठान्छौ
तिमी 'बिचरा' भन्छौ र

पाँच पैसा फुत्त मिल्काउँछौ
तिमी 'बिचरा' भन्छौ र,

एउटा चुरोटको ठुटो पयाँकी दिन्छौ
तिमी दया गर्छौ र,

एउटा झुत्रो हुन्याइ दिन्छौ

जुठो भात मिल्काइदिन्छौ ।

तर, तिमीले मेरो ज्याला कहिल्यै दिएनौ

तर, तिमीले मेरो हक कहिल्यै दिएनौ

मेरो पसिनाको मोल कहिल्यै दिएनौ ।

त्यसैले त म धिक्काछु तिम्रो दया र तिरस्कारलाई
त्यसैले त म घृणा गर्छु तिमीलाई ।
मलाई तिम्रो दयाको थुक होइन

मलाई मेरो पसिनाको हक चाहिन्छ ।
त्यसैले त अब म
मेरो पूर्वाधितिलाई छोडेर
तिम्रो विरोधमा उठ्न जुर्मुरिदैछु ।

तिमी कहालिएर छट्पटिदै छौ
किनकि तिमीलाई राम्रै थाहा छ
तिमी कति निर्दलिया छौ

किनकि तिमीलाई थाहा छ
तिमी लडाई हार्दैछौ
तिमीभित्रको नपुंसकताले
तिमीलाई डस्दैछ
तिमीभित्रको भीरुताभास

तिमीले पाईसक्यौ
अनि तिमीभित्रको पंगुपनले
तिमीलाई पोल्दैछ ।
तिमी कति भ्रममा रहेछौ
तिमी कति निर्बलिया र ठुहुरा रहेछौ
निभ्नलागेको बत्तीको अन्तिम ज्योति रहेछौ ।

त्यसैले त अब हामी उठिरहेछौ
असमान धरातलको विरोधमा–
हामी 'बिचरा' होइनौं भनेर ।

नयाँ–किरण

–सीलु टण्डन

भन्छन् ठूला घरहरूमा आयो दशैं तिहार
पैसाहुनेहरू नै लस्कर लागेर गए बजार
ल्याए लुगा र जुत्ता, बोकाहरू घिसार्दै
हिडे गाउँ घरमा ठूला छ बोका भन्दै ।

यी थुप्रै झुपडीहरू छन् जैले पनि अँधेरा
भित्रिन पाउँदैन यहाँ कुनै पूनि चाहाड
जरमुराई उठ्छन् विहान भाले नवास्दै
हिड्छन् चर्को घाममा ,मसिना कट्कटाउँदै ।

मिल्दै नमिलेका यी दुई घरातलहरू
नास्न आउ साथी अब, वम्मर कसौं वरू ।

नयाँ वर्ष २०३४ को

उपलक्ष्यमा

सम्पूर्ण जिल्लावासीहरूमा

शैक्षिक जागरण तथा सुस्वास्थ्यको

हार्दिक शुभ-कामना

जिल्ला कार्यालय

शिक्षा शाखा

धूलिखेल, काभ्रे पलाञ्चोक

नयाँ वर्ष २०३४ ले

देश विकास गर्ने नयाँ लहर

नयाँ अठोट तथा चौतर्फी जागरण

ल्याओस् भन्ने हाम्रो

हार्दिक शुभ-कामना

जिल्ला पञ्चायत समिक्षालय

काभ्रे, पलाञ्चोक धूलिखेल

(गताङ्कको बाँकी)



संस्मरण

पुग्ने ठाउँको पत्तो नहुँदा

– नोरेम

चैतको [illegible]। तुवाँलोले छोपिएको पाखा। उराठलाग्दो वातावरण वैंस ढलेको जोवन जस्तो गाउँले वजार। त्यही वजारको भन्ज्याङ्गमा एकदिन औपचारिक र आत्मीय वोलीचाली भएको एउटा तन्नेरीको हातले मेरो हातलाई च्याप्प समात्यो। उनको अनुहारमा उत्सुकतापूर्ण मीठो मुस्कान र वोलीचालीमा मनै लोभ्याउने जादू थियो। म कविता लेख्छु भन्ने कुरा उनले सुनेका रहेछन् र त्यही नाताले उनले मसँग परिचय गर्दा र मैले एकपटक गोष्ठीमा सुनाएको कविताको प्रशंसा गरेको सुन्दा मेरो मनभित्र सुकिसकेको साहित्यको विरुवा फेरि टुसाएर आयो। अरूसँग भन्दा कविहरूसँग भेटेर कुरा गर्ने उनको विशेष दिलचस्पी चासो र चाहना थियो। तेतिन्जेलसम्म म पनि त्यहाँको एउटा तन्नेरी कवि भै सकेको थिएँ। त्यसैले मसँग पनि उनको हिमखिम वढ्यो। उनी केही दिनका लागि त्यहाँ आएका थिए। तर उनको मायालु व्यवहारले गर्दा केही दिनमै उनीसँग मेरो आत्मा गाँसियो।

उनी विद्रोही कवि कलाकारलाई मनपराउँछु, संपूर्ण सामाजिक मान्यता र परम्पराको टुप्पो उखेल्छु, सस्तो प्रेमका प्रलाप, हिमाल, लालि गुराँस र डाँडाकाँडाको वयान लेखिएको साहित्यलाई थुकिदिन्छु भन्थे।

उनी गीतपनि गाउँदारहेछन् । गीत चाँही उनी सस्ता प्रेमका गीतहरू नै गाउँथे । उनीसँग एउटा अचम्मको देशी बाजा थियो । कसैले गीत गाउने अनुरोध गर्नासाथ त्यही बाजा बजाएर उनी गीत गाउँथे । गीत भनेपछि हुरुक्क हुने मान्छेहरूले उनलाई ठाउँ ठाउँमा सत्कार गरे । गीत सुनाउनुभन्दा अघि गीतसँग मिल्ने कुरा कथेर ट्याक्क मिलाउन सक्ने उनको तागत थियो । आफ्नो बुद्धिको चटकले मान्छेलाई उनले चकित पारेको देख्दा म अझ उनीसँग लोभ्भिएँ । उनी कविता पनि लेख्दारहेछन् । आफूलाई मन नपर्ने मान्छेको नामै दिएर त्यसलाई अनौठा अनौठा शब्दहरूले घुस्सा हान्ने कविताहरू आङ्गै जिरिङ्ग हुने गरी उनले मलाई सुनाए । रक्सीको मातमा लेखिएका मेरा कविताहरूको उनले प्रशंसा गरे ।

उनको कुरा गर्ने ढङ्ग, उनको तर्क शक्ति र वाक्चातुर्यलाई देख्दा उनी पक्कै पनि साहित्यका धुरन्धर हुन् जस्तो मलाई लाग्यो । उनीसंग कुरा गर्दा अर्कै पाराले गर्नुपर्छ भन्ने मलाई थाह भयो । बातैपिच्छे परम्परा र सामाजिक मान्यतालाई लात हान्ने कुरा सुन्दा उनी खुशी हुन्थे । उनी चाहन्थेः शब्दको नयाँ ढाँचा र वाक्यको अनौठो अर्थ । साहित्य र संगीतमा एउटा नयाँ आयामको शुरूवात गर्ने उनको धोको थियो । चमत्कारपूर्ण शब्द र शैलीमा कविता लेख्ने उनको त्यसबेलाको ढाँचालाई सम्झंदा उनले साहित्यलाई त्यसबेला आफ्नो निजी घोडा संझेका थिए जुन घोडामा लगाम थिएन । र त्यही बेलगाम घोडामा चढेर साहित्यको दौडमा विजयी हुने सन्सनीपूर्ण सपना उनी देख्थे ।

साहित्य कसका लागि ? यो सवाल त्यसबेला हामी दुईको माझमा उठेन । गुह्य र गोबरको छानबिन गर्ने चेतना नभएको मेरो खोपडीमा यस्तो सवाल कहाँबाट आउनु ! अघि एकताका श्रापित रगतका हस्ताक्षरहरूले सिकाएका कुरा र अहिले तो साथीले सिकाएका कुरामा कुनै अन्तर थिएन । दुबैले आफ्नो मनमा जे आउँछ त्यही निडर भएर लेख्नु पर्छ भन्थे । दुबैले उन्मुक्त र स्वच्छन्द साहित्यको पुर्पाच्छे गर्थे । संगत न हो, मैले साहित्यको माध्यमबाट आफ्नो स्वच्छन्द विचारको बाढी चलाएँ । माने न मतलबको शब्दको थुप्रो, मनभित्र उब्जिएका छाडा तरङ्गहरूको नाँगो

व्याख्यान र कसैले नबुझने गरेर कुरा घुमाइएको रचना लेख्न जानेपछि स्वच्छन्द साहित्यको धूरीमा चढिदोरहेछ । मैले पनि ती प्रवृत्तिहरूकै चाकर भएर कविता लेख्न थालें ।

केही महीनाको सहवासपछि ती साथीले पनि मलाई छोडेर हिंडे । तर तिनको केही बानीबेहोराले भने मलाई पटक्कै छोडेनन । चढ्दो उमेर र स्पष्ट उद्देश्य बिनाको रनाहा दिमागमा थरि-थरिका तरङ्ग आउन थाले । 'यो दुनियामा कोही छैनन, म एक्लै छु' भन्ने सोचेर लेख्न थालियो । कहिले त्यही गाला चाटियो, कहिले त्यही गालामा झापट हानियो । एकताका 'मुटुको व्यथा' शीर्षकमा कविता लेखेर मैले पुरस्कार जितें । अर्को पटक जिल्लाको बदमाश हाकिमको विरोधमा कविता लेख्दा झन्डै जागीरबाट हात धोएँ । कुरा के थियो भने, जिल्लाको बागडोर सम्हालेर बसेका एउटा नोकर-शाहले गाउँको टूरमा गएकोबेला रक्सी खाएर गाउँले दिदी-बैनी माथि हातपात गर्न खोजेछ । यी दिदीबैनीहरूले त्यस पशुको पंजाबाट फुल्केर आउन खोज्दा कुर्कालले निहत्था दिनीबैनीलाई पेस्तोल झिकेर गोली हानेछ । यो घटनाको सुझँकी मैले पाएँ । जिल्लाको हाकिमको बदमाशीको बयान सुनेर मलाई खपिनसक्नु रीस उठ्यो । म उकुसमुकुस भएँ । त्यही उकुस-मुकुसबाट मैले एउटा कविताको सुइरो बनाएँ । कविताको सुइरो त बन्यो, तर अपराधीलाई घोच्ने मौका भेटिएन । त्यो कविता त्यसकै अगाडि सुनाएर उम्लिएको रीस पोख्ने मेरो धोको थियो । नभन्दै एकदिन मौका आयो । स्थानीय स्कूलको जन्मोत्सवमा कविता गोष्ठीको कार्यक्रम पनि राखिएको रहेछ । जिल्लाको त्यस नाइकेलाई पनि त्यस समारोहमा नबोलाउने कुरै थिएन । त्यसकै सभापतित्वमा त्यो कार्यक्रम संचालन भयो । मैले पनि त्यहाँ एउटा कविता सुनाउने अनुमति मागें । अनुमति दिनेहरूलाई थाह भएन कि कविता कस्तो छ ! मंचमा उभिएर ठूलो स्वरमा त्यही कविता मैले दोहोऱ्याई तेहऱ्याई सुनाएँ । कविताका केही हरफहरू यस्ता थिए:

यहाँ पिशाचहरूले
मानिसको बस्तीमा शिकार खेल्छन
आफ्नो पासविक भोक पूरा नहुँदा

मिहत्था आइमाईको छातीमा
पेस्तोल दाग्छन ।

घटनाको अलि अलि मुडँको पाउनेहरूले मैले कविता सुनाउँदा त कुकर्मीको कालो अनुहारतिर पलाक–पुलुक हेरे । अपराधीलाई खुइल्या पाएकोमा मलाई त्यसदिन औधी हर्ष लाग्यो ।

"तपाईलाई यहाँको साहित्यिक धारा कस्तो लाग्छ ?" भोलिपल्ट मानिसहरूको समूहमा मतिर औंल्याउँदै त्यही कुकर्मीले सवाल सोद्धा क्संग भएँ । त्यहाँ त्यो ठूलो भेला किन भएको थियो, मलाई निक्कैवेर थ भएन । पछि बूझदा अघिल्लो दिन त्यत्रा मान्छेहरूको मुखेन्जी आफ्नो कुव त्यको पोल खोलिएपछि त्यस हुकुमतले उच्छृंखल साहित्यको धारा रोक्नको लागि ठोस कदम उठाउन लागेको रहेछ ।

'साहित्य समाजको ऐना हो ... अहिले यहाँको साहित्यिक धारा ठी जस्तो लाग्छ' सवालमा मेरो जवाफ यस्तो थियो त्यस साहित्यको लेखा जोखा गर्ने तागत थिएन । साहित्यको बारेमा बहस गर्न मेरो हुत्ती थिएन त्यसदिन त्यहाँ भेला भएका थुप्रै साहित्यकारहरूसंग त्यसले साहित्यको परि भाषा सोध्यो । अन्तमा आफ्नो विचार पोख्दै त्यसले भन्यो– "कुनै पनि विचारहरू अनुशासनको घेराभित्र हुनुपर्छ । अनुशासनलाई नाघेपछि साहित्य साहित्य हुँदैन, भाँडभैलो हुन्छ । साहित्यले त समाजलाई मनोरञ्जन दिनुपर्छ प्रेम र शान्तिको स्वाद चखाउनु पर्छ । यस पृष्ठभूमिमा अहिलेको यहाँको साहित्यलाई हेर्दा अलिक उच्छृंखलता पनापिन थाले जस्तो महसूस भयो त्यसैले यस उच्छृंखल प्रवृत्तिलाई रोक्न यस भेलाले एउटा साहित्य संस्था खोल्नु पर्‍यो ।" कुरो नबुझदा त्यसको भाषण सुनेपछि मैले पनि अरू सरह ताली पड्काएँ । त्यसदिन देखि त्यहाँ साहित्य संस्था जन्म्यो । संस्थाको अस्थायी कमिटीमा मलाई पनि राखिएकोमा म मनमनै लाटो जस्तो रमाएको थिएँ ।

"मिष्टर, कि तपाई साहित्य छोड्नुस् कि मुखियाको जागीर छोड्नुस्" त्यो घटनाको केही दिन पछि मेरो अफिसको हाकिमले मलाई हुकुम गरेको सुन्दा म उसंग कस्किएँ । उही बडाहाकिमले उनलाई दवाव दिएको कुरो

पछि थाहा भयो। जागीर छोड्ने हो भने घरै छोड्नु पर्ने आफ्नो स्थिति-लाई सम्झेर म औंधी डराएँ। वल्लबल्ल पाएको जागिर त छोड्ने कुरै थिएन। दयाको भीख मागे जस्तो स्वरमा मैल हाकिम छेउ विन्ति विसाएँ, "सर, म आजदेखि साहित्य छोड्छु।"

त्यसदिन पहिलो पल्ट मेरो टाउको ढुङ्गाको पर्खालमा ठोकिएजस्तो मलाई अनुभव भयो। त्यही चोटले रन्थनिएको वेला चेतनाको एउटा कुनामा त्यसदिन अर्के ज्ञानको पातलो छाप पऱ्यो; 'गाँटे, कवितामा पनि शक्ति हुँदोरहेछ। कविताको शक्ति कहाँवाट आउँछ? कविताले पनि किन मान्छे-लाई रन्थनाएर छोड्छ? कविताले हिंड्नु पर्नु वाटो कुन हो? भन्ने सवालहरूमा गहिरिएर सोच्ने, चिन्तन गर्ने अनि रहस्य खोतलेर हेर्न सक्ने मेरो बुद्धि नै थिएन। त्यो परिस्थितिमा हामी जस्ता नयाँ सिकारू-हरूलाइ सही वाटो देखाउने चेतनशील तन्नेरीहरू पनि त्यहाँ कोही थिएनन। वरू पहिले एक ताका त्यहाँ आउँदा आत्मा गाँसिएको उही गीदोंगे साथीले भने वेला वेला चिन्तनलाई हामीलाई प्रोत्साहन दिन्थे; "मैले राम्रो कुरो सुनेको छु। साहित्यको आकासमा तिमीहरूले चलाएको हुन्डरीको वेग सुनेर म खुशी भएँ। परम्परा, सामाजिक मूल्य र मान्यताको छातीमा लात हान्नै पर्छ। तिमीहरूलाई साथ दिने हामी छौं।" वाहिर फेर कविता सुनाएर हिंड्न नपाए पनि मैले कविता लेख्न भने छोडिनँ। रीसको रन्थनीमा के के लेखियो, केही पत्तो भएन।

घर गाउँको परिस्थिति त्यसवेला पनि वडो नाजुक र वाक्कलाग्दो थियो। आफ्नै घरको कुरा गर्ने हो भने पनि त्यहाँ सधैंको भोक र शोक-को पीरो धुँवाले सबै पिरोलिएका हुन्थे। दाजु-भाइमा झगडा, आमा छोरामा कलह,लोग्ने स्वास्नीको बीच कुटामार। मेरो घरभित्र जस्तो स्थिति थियो ठीक त्यस्तै स्थिति त्यहाँका अधिकांश घरहरूको थियो। कहिले काहीं भोकको झोंकमा र कहिले काहीं 'को भन्दा को कम' भएर हिंड्न नपाएको झोकमा सानो निहुवाट घरमा कलहको आगो सल्किन्थ्यो। अभाव र गरीबीले खडा गरिदिएको त्यो दिक्दार परिस्थितिको रहस्य नबुझेर आफू-आफूमा झगडा र कुटामार भएको कुरा मलाई थाहा थिएन।

'अरु मरोस् कि बाँचोस् आफ्नो दूनो सोऊयाऊ' भन्ने सिद्धान्तमा चलिआ
आर्थिक चाँजोपाँजोले कसैको घरभित्र संपत्तिको रास थुपारिदिएको छ
कसैको घरभित्र सधैं संकष्टको झुमरी । यही कुहेको चलनले गर्दा आफ्नो
र छरछिमेकी सधैं दुःख, झैझगडा र कलहको आगोमा पिल्सिएका रहेछ
तर त्यसबेला आफ्नै टाउकोलाई दोष दिएर सन्तोष मानियो । 'अरुको नो
भएर पेट पाल, दुःख र संकटलाई भाग्यको खेल सम्झेर चित्त बुझाउ र ऐ
ऐजन लम्पसार होऊ' भन्ने सिद्धान्तको शिक्षाले रंगिएको मेरो दिमागमा
परिस्थितिको रहस्य कोट्टयाउने बुद्धि पसेको थिएन । उज्यालो चेतनाब
म पन्छाइएको हुँदा जीवनको भोगाई र लेखाई बेग्ला बेग्लै कुरा हुन भ
मेरो धारणा बन्यो । तल्लो स्तरको भावुकतामा बगेर कविता लेख्यो
सामाजिक यथार्थतावाट चिप्लिएर मनचिन्ते तरँगहरूमा पौडिखेल्न म पुगें

परिस्थिति यस्तो आईदियो कि आफ्नै घर गाउँमा बसेर मुखिया
जागीर खान नपाउने भएँ । त्यहाँबाट टाढा मलाई सरूवा गरियो । जागी
धान्न मैले घर छोडें । त्यसैताका केही महिना को[illegible]वसे मैले मौ
पाएँ । महङ्गी थियो डर लाग्दो, जाडो थियो पुषमाघको, जागीर थियो उ
मुखियाको । त्यहाँ चिनेजानेका साथीहरूमध्ये अधि पैंहिले छँदा आत्म
गाँसिएको उही गोदांगे साथीले मलाइ अरूले भन्दा बढ्ता वास्ता र माय
गरे, यद्यपि त्यो माया साहित्यको नातामा गाँसिएको माया भन्दा बढी केही
थिएन । तर पछि त्यो मायाको रंग गाढा भएर गयो ।

ती साथीहरूको त्यहाँ एउटा जमात रहेछ । त्यस जमातका निक्कै
नाम चलेका साहित्यकारहरूसंग उनले मलाई परिचय गराए । 'कविताको
भाखा साह्रै तिखा छ, धेरै अगाडि जन्मनु पर्ने मान्छे हो यो' भनेर उनले
मेरो परिचय दिएकी सुन्दा म दंगदास भएँ । त्यति ठूलो ठाउँमा धेरै नाम
कहलिएका साहित्यकारहरूको अगाडि आफ्नो प्रशंसा सुन्न पाएपछि मलाई
अर्थोक केही चाहिएन । हाम्रो मित्रता दिनदिनै दरिलो हुन थाल्यो ।

साँझ विहान धेरैजसो एकै ठाउँमा साथीहरूसंग भेट हुन थाल्यो ।
१०।१२ जना जतिको त्यस समूहमा सबैजसो तन्नेरीहरू नै थिए । तिनी-
हरूको बीचमा वर्ग, विचार र स्वभावको मित्रता थियो । तर तिनीहरू

सबैले एउटै पगरी गुथेका थिए, 'रालफा' । 'रालफा' एउटा जमातको नाउँ रहेछ भन्ने मलाई यहीं थाहा भयो । त्यो शब्द अनौठो लागेतापनि मलाई त्यो शब्दको माने सोध्ने हिम्मत भएन । साहित्य, संगीत र कलाको क्षेत्रमा नयाँ कितिमान कायम गर्ने त्यस जमातको उद्देश्य रहेछ भन्ने मलाई विस्तारै बुझें । आफूसंग भएको जुन गुण र विशेषताहरूले गर्दा मैले त्यस समूहमा ठाउँ पाएको थिएँ, त्यसैले गुलियो स्वाद चखाएर मैले साथीहरूको माझमा खुट्टा घुमाएँ । बेसुरमा लेखिएको कविता, बेसुरमा गाएको गीत, अनौठो शब्द र शैलीमा पोखेको अनौठो विचार नै त्यस समूहको मुख रसिलो पार्ने गुलियो हलुवा थियो । लोकप्रियता, प्रशंसा र प्रचारको लागि साहित्य, सङ्गीत र कलाको अङ्गमा नौलो सन्सनी पैदा गराउने मूलभूत उद्देश्य अनुसार मैले पनि त्यस समूहभित्र बसेर संसारमा कसैले नचिताएको विचार, शैली र शब्दको खोजीमा टाउको दुखाउन थालें ।

"तिमीले गीन्सवर्गको नाउँ सुनेका छौ ?" एकदिन त्यस समूहको एउटा साथीले मलाई सोध्ये ।

"अहँ थ, गर्नेलाई ।" गीन्सवर्गको नाउँ मैले पहिलो पल्ट उनकै मुखबाट त्यहाँ सुनें ।

"गीन्सवर्गको कविता मलाई असाध्य मनपर्छ । अरु उनको कविता सुनाउने तरीकासंग म त हुरुक्कै हुन्छु । गीन्सवर्ग पढ्नु पर्छ ।" उनले भने । सिरानी मुनिको पुस्तक झिकेर उनले त्यहाँको एउटा कविता पाठ गर्नु भन्दा अघि 'सिकी फुकी सिकी फुकी' भन्दै एकछिन आँखा चिम्लिएर गुनगुनाए । मलाई छक्क लाग्यो र मनमनै हाँसो उठ्यो । पछि बुझदा त्यो 'सिकी फुकी' भन्ने शब्द गीन्सवर्गले कविता पाठ गर्नु भन्दा अघि सुनाउने मन्त्र रहेछ । गीन्सवर्ग हिप्पी कवि रहेछन । गीन्सवर्गले कविता सुनाउँदा घटेका अचम्मका घटनाहरूले ती साथीको दिमागमा गहिरो छाप पारेको रहेछ । कता हो एक ठाउँ कविता सुनाइरहेको बेलामा गीन्सवर्गले आवेशमा आएर आफ्नो शरीरको लुगा फुकालेर नांगै भएको कुरा बडो घतलाग्दो पारेर सुनाउँथे उनी । त्यसबेला मलाई यस्तो लाग्थ्यो, गीन्सवर्गले मेरो अगाडि उभिएर कविता सुनाउँदैछन । ती साथीको प्रभावमा परेर गीन्सवर्गलाई पढें । गीन्स-

वर्गको कविताको उदाहरण दिएर ठाउँ ठाउँमा गफ गर्न थालें । गीन्सवर्ग-ले लेखेजस्तै ढाँचामा कविता लेखेर म पनि गीन्सवर्गको चेला भएँ ।

त्यस समूहमा सार्त्रे, कामू, एज्रापाउण्ड, टी. एस. इलियट, हेमिंगवे ज्याँ जेने जस्ता पश्चिमी साहित्यकारहरूको खूबै कुरा हुन्थ्यो । गीतको कुरा चल्दा 'बिटल्स' को बयान चल्थ्यो । कोही ज्याँ जेनेका संस्मरणलाई हुरुक्क भएर पढ्थे । चोरी, डकैती, यौन अपराध र अनेक कुकर्मले भरिएका जेनेका संस्मरणलाई उच्च कृति भनेर पूजा गरिन्थ्यो । मलाई तिनीहरूको बारेमा केही थाहा थिएन । साथीहरूको मुखबाट ती साहित्यकार र विचारकहरूको प्रशंसनीय बयान सुनेर तिनीहरूजस्तै हुने सपनामा म छटपटाउन थाले । एकदिन एउटा साथीले मेरो कवितामा अस्तित्ववाद लुकेको छ भनेर सार्त्रेको अस्तित्ववादबारे कुरा गरेको सुन्दा मेरो नाक घिरौला जत्रै भयो । 'मौलिक चिन्तनका पक्षपाती हौं' भनेर जतिसुकै चिच्याए पनि त्यो समूह बदनाम पूंजीवादी साहित्यका उपरोक्त महारथी-हरूकै विचार र प्रभावमा उम्लिरहेको खिचडी थियो । त्यसबेला त्यति स्पष्टसँग बुझ्न नसकिएको 'बिटल्स' चाँही गीत गाउने [illegible]हरूको एउटा हूल रहेछ । मान्छेको आँखामा निराशा र कुण्ठाको काली [illegible]सो दलिदिने अनि कर्तव्यको बाटो नै अँध्यारो पारीदिने तिनीहरूको उद्देश्य रहेछ । त्यही उद्देश्यका लागि गीतको नशामा दुनियाँलाई लठ्ठ पार्ने कोलाहलपूर्ण स्वर, ड्रम र दमाहा, भाङ र धतुरो बोकेर तिनीहरू संसार घुमेका रहेछन । तर संसारैभरि उलिएको जनचेतनाको बेगले साम्राज्यवादलाई धोती न टोपी पार्दै लगेपछि 'बिटल्स' नामका ती भरौटेहरू पनि लाखापाखा लागेका रहेछन । कुरो नबुझ्दा हाम्रा साथीहरूको माझमा 'बिटल्स' को खूप्पै प्रशंसा हुन्थ्यो ।

त्यस जमातभित्र मेरो जीवनको झन्दै दुई वर्ष बित्यो । बोझो र लाटो मेरो दिमाग नाना भाँतीका कुराहरूको भुभरीभित्र हुँडुलियो । यो ब्रह्माण्ड मुनिको जम्मै कुरा मलाई थाह छ भन्ने आडम्बर बोकेर जहाँतहीं म झरीको झ्यागुता झैं निच्याएर हिंड्ने भएँ । त्यस जमातको विरोध गर्ने विरोधीलाई ठाडै खाएर हाली दिने धम्की पनि दिन थालियो । त्यस जमातको

बहुरंगी विचारलाई नाराको रुप दिएर चिच्याउने हो भने नारा यस्तो हुन्थ्यो: 'परम्परा र सामाजिक मान्यताको छातीमा– लात हान्नै पर्छ । यौन स्वतन्त्रता – हुनै पर्छ । देश, राष्ट्र र त्यसको सीमाना –मान्दै नमान्ने । विचारलाइ छेक्ने तगारो – भत्काई दिने । पशुवोध के हो – युगवोध हो । साहित्य के हो– ओटांग रोटांग । इतिहास के हो- बुढो वाजेले घिउ खाएको कथा। रुढीवाढी– मूर्दावाद ! घर परिवार– त्यागि दे ! सामाजिक उत्तरदायित्व– विर्सि दे ! यो कसको संसार हो– राल्फाको ।'

यीनै विचारहरूको प्रचारगर्न त्यस समूहबाट दुइटा पत्रिकाहरू छापिए । त्यसभन्दा अघिपनि लीथोगरेर पत्रिका निस्किसकेका थिए । प्रचारको लागि पत्रिकाभन्दा गीति कार्यक्रमको माध्यम सशक्त थियो । नौलो शैली, नौलो तरीका र नौला शब्दमा अचम्मको हाउभाउ देखाएर गजपले गीत गाउने साथीहरूपनि थिए । गीतको जस्तोसुकै शब्द र वाक्यको जस्तोसुकै वनौ[illegible] मीठो संगीत भर्न सक्ने ती साथीहरूको प्रतिभा देखेर मलाई [illegible] गर्नलाई लाग्थ्यो । त्यो जमातको वारेमा कुरा गर्नेहरूमध्ये धेरैजसोले गीतको खूप्पै प्रशंसा गरेको म सुन्थें । कहिलेकाहीं के मन लाग्थ्यो को नि, कुनै कुनै गीतहरू विचारलेपनि निक्कै अघि वढेका थिए। फेरि कहिलेकाहीं पैरो पीडितहरूकालागि र कहिले पिछडिएका जातिहरूकालागि गीति कार्यक्रमवाट पैसा उठाएर सहायतागर्ने भावनाको प्रदर्शनपनि उनीहरू गर्थे । विर्सन नसकिने कुरा के पनि छ भने: त्यस समूहमा अन्याय र अत्याचारको विरोध गर्ने कुरापनि निक्कै चल्थ्यो । तर त्यसमा कुनै विचारसंगत अडान थिएन । रोमान्टिक भावुकतामा वगेर हिंडदा कहिलेकाहीं यस्ता विचारहरूपनि आनायास आए । वस्तुगत चिन्तनमा गाँसिएको भावुकता भए त्यसबाट केही सार्थक सृजना हुन सक्थ्यो । तर चिन्तनको आधार मनोगत नै भएकोले राम्रो कुरोले साफ भएर प्रकट हुने कहिल्यै मौका पाएन । अस्पष्ट र रोमांचकारी नै किन नहोस् त्यस समूहमा नौलो परिवर्तनको चाहनाचाहीं अवश्यपनि थियो । त्यही भावनाले गर्दा हो (वा वेलायतको पेङ्गुएन र पेलिकान प्रकाशनका प्रायः सवैजसो पुस्तकहरू नपढि नछोड्ने वानीले हो) पछि आएर त्यस समूहको पुस्तकालयका फिडेल

कास्त्रो, रेजिस देब्रे, चेग्वेबाराका पुस्तकहरूको थाक लाग्यो । ती व्यक्तिहरूको बारेमा प्रवचन भयो । तिनीहरूको पुस्तक पढ्नै पर्ने अभियान चल्यो । तिनीहरूको काम कारबाइलाई महान बलिदान संकेर त्यसको व्याख्या र प्रचारगरी हिड्न थालियो । लेख लेखियो, कविता बनाइयो र गीत गुन्जियो । तर तिनीहरूलाई हेर्ने दृष्टिकोणमा विचारको कुनै स्पष्ट आधार भने थिएन ।

पढ्ने कामभा मचाहीं साह्रै लोसे थिएँ । पढे पनि पढेको कुराको रहस्यलाई बुझेर बात मार्नसक्ने मेरो क्षमता थिएन । त्यसैले म धेरैजसो साथीहरूकै कुरा सुन्थें, सुनेको कुरा अलि अलि गुन्थें अनि आफूले लट्पट्याउन सक्ने क्षेत्रमा लगेर फिजाउँथें । बादविवाद र छलफल भनेपछि मलाई डर लाग्थ्यो । बाध्य भएर कहीं वस्नु पर्‍यो भने मुन्टोमात्र हल्लाएर बस्थें, नबुझेको कुरापनि बुझे जस्तै गरेर सुन्थें । आडम्बर चाँही मभित्र जति भने पनि थियो ।

"तिमीपनि रालफा भएका छौ रे ! रालफा भनेको दरिद्र विचार बोकेर हिड्ने हिप्पी भनेर गाँदै गन्हाएको छ । फेरि कता हो, तिमीले मट्टितेल जीउमा खन्याएर मर्ने कुरा लेखेर छपाएका छौ रे, के गर्न आंटया छौ हँ ?" गाउँबाट आएको साथीसँग एकदिन मेरो भेट भो । उनले यसरी कुरा गरे कि मानौं एउटा बूढो बाउले मति बिग्रिएर कुबाटोमा हिंडिरहेको आफ्नो छोराको हृदय परिवर्तन गर्न खोजिरहेको छ । उनको आँखामा डरलाग्दो गंभीरता थियो । उनको कुरा सुनेर म भित्र भित्रै खूबै डराएँ । तर अहंकार र आडम्बरको विष भरिएको मेरो दिमागको एउटा सतहमा सन्काहा प्रवृत्तिको कहिल्यै नमेटिएला जस्तो कालो छाप थियो । रीसले राँकिंदै गुहेको बुद्धि छाँटेर मैले भनेः "हामीलाई हिप्पी भनेर घृणा गर्नेहरू मूर्ख हुन । हामी युगबोध हौं । समयको गतिलाई समात्न सक्ने बुद्धि हाममा जति अरू कसैमा छैन ।"

जागीर नपाउँदा, पेटभरि खान नपाएर भोक भोकै सुत्नु पर्दा अनि थरतिरबाट दुःख र विरहका बाक्कलाग्दो चिठ्ठी आउँदा एकपटक मैले आफ्नो अवस्थाको विरुद्ध मट्टितेल जिउमा खन्याएर मर्ने मन लागेको छ

भनेर कविता लेखेको थिएँ। त्यो कविता त्यसै जमातबाट निक्लिएको पत्रिकामा छापिएको थियो। त्यही कविताको अर्थ बताएर मैले ती साथीसँग धाक छोड्दै भनें: "हाम्रो साहित्य नै यस अवस्थाको महान क्रान्ति हो।"

मेरो जिरिह र लिहेहिपीसँग उनले पटक्कै चित्त बुझाएनन। उनले मलाई डोऱ्याउँदै भूगोल–पार्कभित्र लगेर केही बेर बसेरै कुरा गर्ने छाँट देखाए। मलाई भने उनीजस्ता एकरत्ती समझदारीनभएको मानिससँग कुरागर्ने मन पटक्कै थिएन।

"मैले तिमीहरूको पत्रिकापनि हेरें। त्यसमा थरीथरीका विचार र भावनाको भुमरी हुँडुलिएको छ। तिमीहरू कोही समाजमा अराजकता फैलाउने उद्देश्य राखेर यौन स्वतन्त्रताका गतिछाडा कुरा लेख्छौ, कोही त्यसै प्रवृत्तिलाई पाखण्डता भनेर विरोध गर्छौ। फेरि कोही जनजीवनको वर्तमान दीनहीन अवस्था, रोग, भोक र शोक बेस्सरी चिच्याएर गाउनु पर्छ भन्छौ तर आफै माने गर्नलाई का गीतहरू पनि गाउँछौ। तिमीहरूमध्ये कोही त साहित्यलाई रूप, अ को आफ्नै अभिव्यक्ति ठान्छौ, आक्रोश र विद्रोहका कुरापनि गर्छौ तर आफै फेरि जनतालाई भेंडा बाख्राको बगाल र विद्रोहलाई आकस्मिक भुइँचालो ठान्छौ। के हो यस्तो?" त्यस समूहबाट निस्किएको पत्रिकाको सम्पादक आफै भएर पनि मलाई केही कुरा थाह थिएन। मलाई यतिमात्रै थाह थियो कि पत्रिकाको समीक्षा गर्ने समाचार-पत्रले कसलाई कुन ढंगबाट प्रशंसा गरेको छ। त्यसदिन भूगोल–पार्कको चउरमा बसेर ती साथीले पेश गरेको गंभीर व्याख्यान सुन्दा म अकमकिए। मेरो जिब्रो लट्पटियो। मेरो चेतनाको दयनीय स्तरलाई उनले पक्कै बुझेछन क्यार, उनले मबाट तर्कसंगत जवाफ आउला भन्ने ठानेनन। उनी आफैले फेरि कुराको सिलसिलालाई समाते: "तिमीहरूले हिजो–आज आएर 'विद्रोह' का कुरा पनि निकाल्न थालेका छौ। यो त राम्रो हो... — —" उनले कुरा टुंग्याएजस्तो ठानेर म मनमनै रमाएँ। कुरो सकिएको रहेनछ, उनले भने: "— तर किका लागि? कसरी? कुन विचारधारा र राजनीतिका आडमा?" म फेरि सेलाएँ। मेरो बुद्धिको बट्टामा यस्ता सवालहरूको जवाफ नै थिएन।

"आजको संसार कुन विचारधारा र कुन दृष्टिकोणमा बाँडिएकोछ्
यसैलाई केलाएर हेर्‍यो भने कुरा साफ हुन्छ,– हामीहरू को को कु
कुन फाँटमा के के गरिरहेका छौं।" बडो गंभीर र शान्त भएर उन
भने। भेट त थुप्रै मानिसहरूसँग मेरो भएको थियो। कुराकानीपि
मैले धेरैसँग गर्ने र सुन्ने मौका पाएको थिएँ तर ती साथीकाजस्ता कुरा
ती जस्ता गंभीर तरीकाले कुरा गर्ने मानिस मैले भेटेको थिइनं।

"भो, भो यस्तो बौद्धिकता नछाँटे हुन्छ" मलाइ त्यहाँबाट कतिखे
उठेर हिड्नं जस्तो लागेको थियो। तीखो विषालु दांत देखाएर मैले उनला
टोक्न खोजें।

"जुनसुकै नामका जतिसुकै जमात भएपनि आखिरी विश्लेषणम
दुइमध्ये कुनै एक उद्देश्य बोकेका हुन्छन तिन्ले। कि त जनतालाइ सही
चेतना दिने जनपक्षीय हुन्छन, कि जनतालाई सही चेतनाबाट पन्छाउन
जनविरोधीनै हुन्छन।" उन्ले मेरो भनाइको वास्तै नगरेर भने। माया
हाउभाउ देखाएरै उनले भने: "खराब संगतम पर्शा अज्ञानमा बाट
विराउने पनि हुन्छन भनेर पो संझाउन खोजेको। ब... छाँटेको कह
होर यार!" उनको भनाइ सुन्दा झीरले रोपिएको मुगुर जस्तै म भाउ
भएं। मलाई झन रीस उठ्यो।

"यसरी एकलकाँटे भएर नहिंड। परिस्थितिको यथार्थतावाट पन्छिए
संसार हाँक्ने सपना देख्नु भ्रम हो। तिमीहरूले समयलाई समातेको होइन
वरू समयको वास्तविकतावाट चिप्लिएर पछारिएका हौ।" दरो आवाज
निकाल्दै आत्मविश्वासपूर्ण तरीकाले उनी बोले। संधै प्रशंसकहरूको माझम
बसेर प्रशंसामात्र सुन्ने बानी परिसकेको कानले त्यसदिनको त्यो तीतो
आवाज सुनेर वस्ने आँट गर्न सकेन। मेरो धीरता भंग भयो।

"फुर्सत मिलाएरै कुरा गरौंला, आज एक ठाउंमा साथी भेट्नुछ,
जाउं है" भित्र भित्रै डाहा र छटपटी भैरहेको गुप्त रोगलाई लुकाएर
उनीसंग विदा माग्दै मैले भनें।

त्यस दिन मेरो स्वाभिमानमा ठूलो चोट पर्‍यो। उकुसमुकुस र
छटपटी बोकेर म कोठामा फर्किएं। मेरो मन नराम्रोसंग हुंडुलियो। दिमाग

भित्रको जिलिगाँठी सव रन्थनियो । तर पनि मेरो विश्वासको शास गएन । साथीहरूको माझमा यस कुरालाई राखेर छलफल र वादविवाद चलाउने मेरो बुद्धि नै कहाँ थियो ?

शायद त्यसबेलाको कुरो हो– त्यस जमातभित्र आन्तरिक कलहको शुरूवात भयो । विचारको कुनै आधारभूत सवालमा त्यो कलह उठेको थिएन । व्यक्तिगत प्रतिष्ठाकोलागि हुरुक्क हुन खोज्ने केही व्यक्तिको महत्वाकांक्षा र चरित्र सम्वन्धी सामान्य द्वेषक कारणहरूले गर्दा मनमुतावको स्थिति खडा भयो । सिद्धान्त विनाको यो समुहमा अनुशासन भने ज्यादै कडा थियो । त्यही अनुशासनको कडा नियममा खाँरिई नसकेका साथीहरूसंग झगडा भएको थियो । झगडाले गर्दा साथीहरू छिन्नभिन्न भए । कोही जागीर र शहरी सुविधालाई तिलाञ्जलि दिएर पहाडतिर लागे । म काठमाडौंमा नै वसें । पहाड गएका साथीहरूसंग मेरो भने चिट्ठीको वारबेर भैरह्यो ।

जति जति समय वित्दै गयो, पहाड गएका साथीहरूले पठाएका चिट्ठीका भाखाहरू पनि व गर्नलाई । चिट्ठी पढ्दा यस्तो लाग्न थाल्यो मानौं कुनै नौलो उत्तेजनाभरिएका, अति थालेका छन् साथीहरू । मलाई भूगोल पार्कमा जसरी पहाडगर्न सुक्दा साथीले ऱ्याखऱ्याख्ती पारेका थिए त्यसरी नै पहाड गएका साथीहरूलाई पनि गाउँले क्षेत्रको वास्तविकतासंग भिजेर काम गरिरहेका साथीहरूले फेला पारेछन् । पहाडका कुनाकाप्चामा गीत गाएर हिंड्ने ती साथीहरूको गीतले संभवतः धेरै मान्छेको ध्यान खिच्यो । गीत गाएर साथै नरोकिने खहरेको वेग जस्तो कुरा गरेर मानिसहरूको मनभित्र नयाँ किरणको उत्तेजना भरि दिन सक्ने तागत भएका ती साथीहरूको खोजीनिती वास्ता र चासो सबैले राखे । कुराकानी, छलफल र वादविवादको माध्यम अपनाएर अलिक गम्भीर रुपवाट उनीहरूसंग सम्वन्धराख्ने साथीहरू भौतिकबादी चिन्तन र विचारधारामा खारिएका थिए । त्यस्ता साथीहरूसंग हरेक सवालको चित्त बुझ्दो जवाफ र तर्कपूर्ण विश्लेषण हुने नै भयो । तिनै साथीहरूद्वारा वस्तुगत दृष्टिकोणका आधारमा राल्फा प्रवृत्तिको लेखाजोखा र अपरेशन भयो । वर्षौंदेखि वोकेर हिंडेका घाउहरू देखिन

थाले। रोमांचकारी भावुकतामा जेलिएका विचारहरूको रङ्ग खुईलियो। 'ए के हो त ?' भनेर टाउकोमा हात राखेर घोरिनै पर्ने स्थिति आयो। तर पुरानो पूर्वाग्रहको अहँ चाँडै सेलाएर जाने कुरा थिएन। विस्तारै त्यो अहँ-को खुट्टा टेकाउने जमीन भने भास्सिदै जान थाल्यो।

छलफलमा भागलिएर आफ्नो फोहोरी विचारलाई पखाल्ने र रचनात्मक आलोचनालाई सहन सक्ने धैर्य र उत्सुकता हाम्रा साथीहरूमा किन पैदा भयो होला त? त्यसका केही कारणहरू मध्ये एउटा कारण के थियो भने पहाडमा जति ठाउँ तिनीहरू गए त्यहाँ गीति कार्यक्रमको तर्जुमा गरि दिएर भरपर्दो आड दिने र गुण लगाउने साथीहरूले नै रचनात्मक आलो-चनाको अभियान चलाएका थिए। अर्को मुख्यकारण के थियो भने आलोचनाको अभियान चलाउने धेरैजसो साथीहरूले खराब भावना राखेर त्यसो गरेका थिएनन। बरू राम्रो भावनाबाट प्रेरित भएर सहायताको हात बढाएका थिए। तीनै राम्रा भावनाका सहायतापूर्ण हातहरूले हामी-लाई बचाए, फोहोरी विचारको पौडीबाट बाहिर निकाले। त्यसरी गुण लगाउने साथीहरूको अगाडि आफ्नो चरित्रको दाँ[illegible] मेरो गोरुको बाह्रौं टक्का भन्न सकिने स्थिति त्यहाँ पक्कै भएन। [illegible] तर्कसंगत विश्लेषणमा जति जति आफ्नो खिचडी उद्देश्यको [illegible] नांगिदै गयो उति उति त्यस वस्तुगत चिन्तनको कार्यमूलक उद्देश्य प्रति साथीहरू-को विश्वास जाग्न थाल्यो।

पहाडमा केही महिना बिताएर उनीहरू फर्के। उनीहरूको व्यव-हारमा अलिकति नयाँ परिवर्तन, बोलीचालीमा थोरै भिन्नता, कुटाकानी-मा पहिले भन्दा केही स्पष्ट नयाँ आधार थियो। तेतिन्जेल काठमाडौंमा बसेका हामी केही साथीहरू पनि त्यो स्थितिसम्म पुग्न लागिसकेका थियौं। पहाडबाट फर्किएका साथीहरूको स्वागतमा बाहिरी रुपलाई नै त्यसको सारतत्व सम्झिने उही व्यक्तिपरक पुरानो प्रवृतिमै अल्झिएर मैले एउटा नयाँ कविता लेखें। त्यस कविताको सारांश यस्तो थियो:-

'मैले हिड्नुपर्ने बाटोको
उज्यालो बत्ती।

गाउँमै बलिरहेको देखेको छु
गाउँबाट फर्किएका
तिमीहरूको हातमा
मैले अचम्मको शक्ति भेटेको छु

भावनामा कविता लेख्नु त सजिलै भयो । तर त्यो उज्यालो बत्तीको प्रकाश, हिड्नु पर्ने सही बाटो र पुग्नु पर्ने ठाउँलाई ठम्याउन भने छिट्टै सकिएन । लामो समयसम्म अर्कै बवण्डरमा जेलिएको आँखा, अस्पष्ट र अन्योलपूर्ण विचार छापिएको दिमाग अनि त्यसैको हुकुम चल्दै आएको अहंकारी बानी बेहोरालाई धुन, पखाल्न र सपार्न निक्कै समय लाग्यो ।

विस्तार विस्तारै इतिहासको भौतिकवादी विश्लेषणलाई अध्ययन-गर्दा मानव विकासको ईतिहास कहाँबाट कता पुगेछ, हामी कुन अवस्था-मा रहेछौं, अरू ठाउँमा कहाँ कहाँ कस्तो अवस्था रहेछ, समाज परिवर्तनको मुख्य तत्त्व के हो ? कस्तोखाले परिवर्तनले बहुसंख्यकको भलो र क[illegible]गर्नलाई पनि कुभलो हुँदोरहेछ, अन्तरविरोधको सही संचालन क[illegible] इतिहासको नियमलाई गतिशील बनाउने मुख्य शक्ति के हून, अति [illegible]को हुन र शत्रु को ? भन्ने कुराहरूलाई अलिअलि बुझ्न [illegible] गर्न सक्छौं । पृष्ठभूमिमा साहित्य, संस्कृति र कलाको इतिहास-लाईपनि अध्ययन गरियो । बुझ्दै र विचार्दै जाँदा जनतालाई उज्यालो चेतना दिने असल साहित्य र त्यो चेतनाबाट जनतालाई पन्छाइराख्ने फोहोरी साहित्यको स्वरुप पनि स्पष्ट देखिदै गयो । अँध्यारो रात, नौलो विहान र उज्यालो दिनलाई ठम्याउन सक्ने भएँ कि जस्तो लाग्यो । अब सवाल के उभियो भने: गल्ली र गल्छेडामा जथाभावी भौतारिएर हिड्दा जतातते टाँसिएका फोहोरहरूलाई पखाल्न कतिसम्म सकियो ? अहिले आइपुगेको बाटो र त्यहाँबाट पुग्नु पर्ने ठाउँ, भर पर्नु पर्ने साथी र हिड्ने सही तरीकालाई ठम्याउन कतिसम्म सकियो ? यी कुराको फैसला जनता-मा सही विचार फिजाउने तत्परता, दृढता, नीति र तरीकाको लेखा-जोखा गरेपछि नै हुँदो हो ।

बैशाख १, २०३४

नव वर्षको उपलक्ष्यमा यात्रु वर्ग तथा

समस्त नेपालीप्रति हार्दिक शुभकामना

★

तीन घण्टामा

'यती' विमान सेवाद्वारा

सगरमाथाबाट श्री लंकाको समुद्री तट

काठमाडौं—कोलोम्बो

हरेक बुधवार

★

कोलोम्बो—काठमाडौं

हरेक बिहिवार

शाही नेपाल वायु

सेवा निगम

काठमाडौं, फोन—१४५११

मित्रताको आधार

-पारिजात

जीवनका प्रत्येक पक्षहरूमा राजनीति र सिद्धान्त, यसो भनौं राजनैतिक सिद्धान्तले प्रमुख भूमिका लिएको हुन्छ भने हाम्रो निजी नैतिकताले बगाल लाग्नै पर्छ । यहाँ म साम्यवादी नैतिकता (Communist morality) लाई लिएर कुरा गरिरहेकी छैन । अहिले यो हाम्रो निम्ति निकै कठिन विषय हो—चर्चा गर्नलाई पनि र पालन गर्नलाई पनि । त्यसैले, प्रगतिशील नैतिकताको न्यूनतम, अति मसिना बुँदाहरूलाई हाल लिएर हेरौं जसको हामी चर्चा गर्न सक्छौं र जसलाई हामी सिकाउन सक्छौं र आफु ग्रहण गर्न सक्छौं । शुद्ध धार्मिक आचरण (पाखण्ड नमिसाएको) अथवा मानवतावादी आचरणलाइ अनैतिक भनी हिलो छ्याप्न गाह्रो हुन्छ तथापि सत्य कुरो के हो भने प्रगतिशील आचरण र नैतिकता उक्त आचरणहरू भन्दा धेरै धेरै भिन्न हुन्छ शायद यहीं आएर राजनैतिक सिद्धान्त अनुरूप बगाल लाग्ने भन्ने विषयको अर्थ खुल्न जान्छ । जस्तो गरिकन शुद्ध धार्मिक र मानवतावादी दृष्टिकोण लिनेहरूको व्यवहारमा माया गर्ने, दया गर्ने, सहायता गर्ने, जाँडेर खाने साथै नचोर्ने, नढाँट्ने, नछल्ने जस्ता गुणहरू समावेश हुन्छन् तर यहाँ राजनैतिक आधार हुंदैन त्यसैले वर्गबोध पनि हुंदैन । र यस्तो नैतिकता मौका अनुशार पूंजिवादीरूपमा बगाल लाग्छन । यस्तो नैतिकताको समर्थक रूपमा पूंजिबादले फाईदा लिएको हुन्छ । प्रगतिशील नैतिकतामा वर्गचेतना प्रबल हुन्छ जसले सामाजिक हेरफेरको

निम्ति अपेक्षा गरेको हुन्छ जहाँ यस्ता विभिन्न कामहरू हुन्छन् जुन धर्मवादी र मानवतावादीहरूको अघि अनैतिक ठहरिन जान्छन् ।

हाम्रा मानसिकताहरूको स्वेच्छाचारीपनमा हुर्किएको मित्रताले पनि स्थिति हेरिकन राजनैतिक सिद्धान्तको आधार खोज्छ भने सचेत रूपमा गइरहेको मित्रतालाई प्रगतिशील नैतिकताको आधार दिन संभव हुँदैन त ? अवश्य हुन्छ ।

प्रसंगवश यहाँ एउटा मामुली कुरा उठाउन मन लाग्यो । प्रगतिशील साहित्यको समर्थक एउटा साथीले म कहाँबाट एउटा प्रगतिशील पत्रिका एक प्रति लग्यो भैले उसंग पैसा मागें किनकी त्यो बिक्रीको नै थियो । जागीरे साथीले हाँसी हाँसीकन भन्यो — "हेर, अहिले बजेट खलास छ, म यो भैला नगरी फकाउँछु, तिमी अरूलाई बेच ।" भलाई कताकता चोट लाग्यो, कारण दुई दिन अघिमात्र उसले चर्को अभावमा नपरीकननै डेढ रूपय जाने जुत्ता किनेको थियो । त्यस्तै प्रगतिशील वैचारिकताको एउटा कट्टर समर्थक साथी जो अध्ययन गर्छन र आफ्नो अध्ययनमा अहं पनि राख्छन, नाराहरू ओकल्छन, अरू संग मेरो चेतनाको स्तर मिल्दैन भन्छन तर श्रममा उनको आस्था पटक्क छैन । प्रत्येक मौकाहरूमा भैले उनलाई अरूको आंखा बचाएर कामबाट पलायन भएको देखेकीछु । यी त उदाहरण मात्र हुन बुलस्त भन्ने हो भने यस्तो प्रवृत्ति व्यापक छ । व्यवहारका यस्ता मसिना ढोंगहरूसा हामी प्रशस्त जेलिएका छौं, बेसकन पोतिएका छौं । उक्त प्रवृत्तिहरू प्रगतिशील नैतिकताका मसिना तगारोहरू होइनन त ? पैसा कमाउने साथीले सिथ्थै पत्रिका पढ्नु असहयोगको भावनालाई प्रश्रय दिनु हो । अध्ययनमा आस्था राख्दै श्रममा आस्था नराख्नु त झन प्रतिगामी भावना हो । मित्र मण्डलीमा यस किसिमका आधारभूत गल्तीहरू सच्चाइनु पर्छ-अनिवार्य रूपले । यसै सन्दर्भमा कोही कोही भन्लान् हामीलाई संख्यात्मक हिसाबले मित्र बनाउनु परेको छ न कि गुणात्मक हिसाबले, आलोचनाको छिद्रान्वेषी प्रवृत्ति राम्रो होइन । हो, कुरा सही हो तर वर्गीय चरित्रबाट पलायिएर उज्जेका यस्ता समाना चारित्रिक गल्तीहरूलाई हामी गुण र संख्या दुबैमा नगाभौं ।

कलिलो मित्रता र औपचारिक रुपले हुर्किरहेका मित्रताहरूमा कडा आलोचनाको आघात खप्नसक्ने क्षमता हुँदैन र मित्रताको आधार तयार पार्दा कडा आलोचना हाम्रो तत्कालिन् शर्त पनि हुनुहुन्न । हामी त बस् वातावरण सृजना गर्न सक्छौं, स्थिति अनुकूल अध्ययन गर्न सक्छौं, उदाहरणहरू अघि सार्न सक्छौं र तेस्रो व्यक्तिबाट सुझाव दिने साहस गर्न सक्छौं । मैले अघि नै भनि हालें– अमुक .. नैतिकताभित्र पर्ने उच्च-कोटिको अनुशासनलाई अहिले नताकौं, त्यो महान नैतिकता हाम्रो लक्ष्य हो, वर्तमान हामी मामूली शर्तहरू नै पुरा गरौं –"विस्तार विस्तार तर निश्चित रुपले" –यही धारणा अनुसार ।

आजको व्यस्तता अनुरुप पाठक साथीहरूको सांघुरो समय र विषय-वस्तु खट्टै बुझने आतुरीलाई ध्यानमाराख्दै यस लेखलाई छोटकरीमा सिध्याउन कर लाग्यो तथापि आलोचना र सुझाव मेरो भविष्यको निम्ति प्रेरणादायी हुनेछ । अब एउटा मामूली (साधारण ?) विषयलाई लिएर सानो छलफल गरौं ।

'वेदना' –पूर्णाङ्क (८) मा भावुक घिमिरेज्यूले मेरो लेखको प्रति-क्रिया लेख्दा मलाई नै सम्बोधनगरि भन्नु भएको रहेछ, त्यो विषय मैले 'वेदना' को सम्पादकद्वयद्वारा पढ्ने र मनन गर्ने मौका पाएँ ।

भावुक घिमिरेज्यूको अनुशार मैले अति साधारण विषयमा लेख लेखेकी छुं जहां कि मैले असमानताको विरूद्ध ढोल ठटाउन सक्नु पर्ने थियो र रणचण्डी बन्न सक्नु पर्ने थियो । भावुक घिमिरेज्यू , मैले तपाईको मेरो जीवनसंग सम्बन्धित निकृष्ट (भद्दा ?) गालीहरू साथै सुझावको आत्मसात गरें । तर हेर्नुस् असमानताको ढोल ठटाउने र रणचण्डी बन्ने जस्तो ठूलो विज्ञापनको मलाई अहिले आवश्यकता छैन । मलाई साधारण (मामूली) कुराहरू नै सिक्न दिनुहोस् । हुनसक्छ मं मेरो जीवनमा रणचण्डी बन्न सक्दिनँ । हुन सक्छ म आफ्नो सोझो शत्रुको रगतले हात रङ्गाउन सक्तिनं यसको अर्थ यो होइन कि म मेरो शत्रुलाई क्षमा गरिदिन्छु, घिमिरेज्यू । शत्रुको हत्या गर्नु मात्र शत्रुलाई जित्ने होइन । म हात रंगाएरमात्र माथि उल्लेखित अमुक नैतिकताको सहाभागी बन्न सक्ने होइन । सामुहिकताको त्यस महान युद्धमा व्यक्तिगत 'महात्वाकांक्षा' को

नराश्रोसंग मृत्यु हुन्छ भन्ने कुरा थाहा नपाउने हामी होइनौं । नैतिकता र अनुशासनको विशाल फांट हुन्छ र जहाँ उत्तरदायित्वको असंख्य माध्यमहरू हुन्छन । एउटा मात्र माध्यम पक्डन सक्नु हामी प्रगतिशीलको निम्ति ठूलो उपलब्धी हो । घिसिरेज्यू , तपाई मलाई मामूली कुराहरूबाट नै ऐतिहासिक भौतिकवादी क्रम सिक्न दिनुहोस् । बामे नसर्दै हिंड्न सक्ने मान्छे होइन । माथि उल्लेखित नैतिकताको आधारमा पर्न आउने मेरो सक्षमता,मित्रको उत्तरदायित्व नै म सम्भाल्न सकूं र यस उत्तरदायित्व निभाउँदा बाटामा जति कठिनाईहरू आउँछन त्यससंग म नहार्ने किसिमले जुझन सकूं, बस, त्यतिनै मेरो आकांक्षा हो । प्रगतिशील नैतिकताबारे हाललाई मैले त्यो भन्दा बढि केही सोच्न सकिनँ ।

☆

नयाँ वर्ष

२०३४

मंगलमय होस्

नेपाल बैंक लिमिटेड

(स्थापित १९९४)

एउटा कुविचार

बासु बराल

म बैठकमा आउंदा उसले आसन ग्रहण गरिसकेको रहेछ । उसमाथि मैले दृष्टिपात गर्दा उसका दुवै ओठ टम्म थिए । निर्विकार भावले ऊ मैलाई हेरिरहेको थियो । उसको दृष्टिको सामना गर्न नसकि म आफ्ना आँखा तल्तिर झार्छु । भिनाजु चुरोट पेश गरेर मेरो अतिथिको सत्कार गर्न खोज्नु हुन्छ । ऊ चाहीं आफ्ना दुवै करजोडी विनीत स्वरमा भन्छ, "मैले खाने गरेको छैन ।" एकछिन पछि दिदी उसको अगाडि चियाको कप राखी दिनु हुन्छ । यस पटक स्मित हाँसेर उ भन्छ, "खान छोडि सकें ।"

करीब दस-पन्ध्र मिनेटको बसाईपछि ऊ हिंड्नलाई हत्पताउँछ । दिदी-भिनाजुको उपस्थिति उसलाई विल्कुल भएको म अनुभूत गर्छु । उहाँहरूको अगाडि नाङ्गिन नचाहे पनि, मलाई थाहा छ, एक्लै भेट्ना-साथ ऊ उदाङ्गिन्छ । भित्र भित्रै भयले म आक्रान्त हुन्छु । ऊ मेच परि-त्याग गर्छ । म पनि ऊ संगै उठ्छु र भन्छु, "भान्सा यहीं गरौं ।"

"कि खान पनि छोड्नु भो ?" भिनाजु ठट्टा गर्नु हुन्छ । हाँसोको लहरले वातावरण एकछिन खलबलिन्छ ।

"होइन, आज अलि हतार छ... पछि खाउँला ।"

"यता अरू कसैलाइ भेट्नु छ ?" एउटा खोक्रो प्रश्न गर्छु म । किनकि ऊ मैलाई भेट्न आएको कुरा प्रष्ट छ ।

मेरो प्रश्न गराइमा उसको आँखा अँगारजस्तै काला हुन्छन । अलि वितृष्ण स्वरमा ऊ भन्छ, "यसैबाटोबाट जाँदै थिए; सोचें, एकबाजी तपाईलाई पनि भेटी हालूं ।"

भन्याङनेर पुगेपछि ऊ आफ्नो निचोरेको कागतीको जस्तो अनुहार मतिर फर्काएर भन्छ, "मेरो चिट्ठी पाउनु भयो ?"

यहाँनेरी आएर ऊ उदाङ्गिन्छ । विछोडका आठ वर्ष भरिका अन्तरालहरू पुर्ने प्रचेष्टाका उसका डेढ–दुई पत्र मेरा माथिङ्लमा सलबलाउन थाल्छन । उसका प्रत्येक पत्रका सुगा रटाई वाक्यहरू धार बनेर मेरो कण्ठसम्म आउँछन र अडिन खोज्छन, "विष्णुजी ! आशा छ निकानन्दै हुनुहोला । केही वर्ष यता आएर सोचनीय संकष्टमा परेको छु । प्रतिबिम्ब प्रतिकूल समयले जिप्ट्याउँदै लगेकोले बडो निराश छु । अतः तपाईंबाट मेरो संकट र निराशाको निवारण हुनेहुँदा दुःख दिन लागेको हुँ । म अदनाउपर निगाह राखी त्यो रकम मिलाइ दिने कृपा हुन्थ्यो कि ?"

तर म विवश छुँ । विद्यार्थी कालमा उसबाट प्राप्त ती हरिया हरिया सात वटा गैंडाहरू धमिला-धमिला बनी अहिले मेरा दृष्टि प्रत्यक्ष अल्मलिन खोज्छन ।

ऊ संग ऋण लिएको पनि वर्षौं बितिसकेको छ । अब त्यो रकम मैले फर्काउनु र एउटा दीर्घ रोगीले लामो पदयात्रा गर्नु, सके, एकै होला । किनभने मेरो दृष्टिमा त्यो ऋण, ऋण नै होइन, जुन ऋण चुक्ता गर्ने कुरा सोच्नासांथ टाउको भारी हुन लाग्दछ । ऋणलाई त्यतिखेरसम्म मात्र ऋण भन्न मिल्दछ जबसम्म साहुको छाँया असामीको आँखाबाट ओझेल भएको हुँदैन ।

सोच्तछु घरबाट बाहिर आइसकियोभने कुनै रेष्टुराँमा लगेर केही ख्वाउनु पर्‍यो । मानिस कठोर अवश्यै हुन्छ . मौकामा दुई चार पैसा उसको लागि खर्च्यो भने नम्र पनि हुन पुग्छ । अतः एउटा रेष्टुराँ अघिल्तिर उभिएर उसलाई भन्दछु, "कृष्णजी ! जाउँ त्रिया खान ।"

कुरा सुनी तीक्ष्ण नेत्रले हेर्ने कोशिश गर्छ ऊ । तर उसका दुबै आँखा नीरले डम्म भएका हुन्छन । एकछिन सम्मको ओठ फर्फराईपछि ऊ आर्द्र आवाजमा भन्दछ, "विष्णुजी ! व्यङ्ग किन कस्नु हुन्छ ? हेर्नोस् घुँडा धस्केको प्याण्ट, कलर र कुइनो च्यातिएको शर्त लगाएर हिंड्दै छु । तँपनि म उपर दया जाग्रीत हुँदैन ? यतिबेर त्यो सात सय रुपियाँ दिनु

भएदेखि बिरामी छोराको उपचार गराउन सक्थें, स्वास्नीको लाज ढाक्न फरिया किनिदिन सक्थें । अनि खोले फाँडो खाएर भएपनि जागीरको खोजमा लाग्न सक्थें । कृपया निराश नपार्नोस् । विष्णुजी ! अहिले म सङ्कटमा छुँ ।"

त्यसपछि ऊ मेरो मुखापेक्षी हुन्छ । म विरक्त भएर भन्छु, "कृष्णजी ! मैले भईभईकन नदिएको होइन । नभएपछि कसको के लाग्दो रहेछ र ? हेर्नोस् म पनि तपाईं जस्तै बेकार छु । जब आफै पराश्रित छु भने मसंग पैसा कहाँबाट आउछ र ? तर विश्वास राख्नोस्, तपाईंको रकम अवश्यै फर्काउने छु ।"

"त्यसो नभन्नोस विष्णुजी ! कृपया डेढ-दुई सय रूपियाँ भए पनि अहिलेलाई चलाइदिनोस् । दिदी भिनाजुसँग छ कि ? एक पटक सोधी हेर्नोस् । खट्टै परेर म तपाईंलाइ भन्न आएको हुँ ।"

"दिदी भिनाजुसँग पनि छैन । हिजो-आज उहाँहरू आफै ऋण खोजी रहनु भएको छ ।"

उसको अनुहार हो कि अमावाश्याको डरलाग्दो कालो रात हो अथवा बादलले ढाकेको क्षितिज हो? म छुट्याउन सक्तिन असाध्यै अँध्यारो हुन्छ । एकबाजी ऊ मलाई सजल नेत्रले हेर्छ र माया लाग्दो पारामा टीठलाग्दो गरी भन्छ, "छँदैछैन भन्नु हुन्छ भने के लाग्छ र ? त्यही हो काला बादल-हरू फारेर पटुका खुकुल्याउने कल्पना गर्दा-गर्दै गल्पासो लाग्न आँट्यो ।"

ऊ हिड्न खोज्छ । उसका कदम जड् बनेका छन । म उसको दाईने कुममा आफ्नो देब्रे हात राख्तछु । ऊ मतिर फर्किन्छ । प्याण्टको पछाडिको गोजीबाट पच्चिस रूपियाँ झिकेर उसको हातमा हालीदिएर भन्छु, "तपाईले धन्दा मान्नु पर्दैन र यहाँसम्म धाइरहनु पर्दैन । मसंग रकम हुनासाथ रकम-सहित तपाईं कहाँ हाजीर हुनेछुँ । अहिलेलाई यतिले काम चलाउँदै गर्नोस है ।"

एउटा काँतर दृष्टि ममाथि पर्याकी त्यो पच्चिस रूपियाँ उसले आफ्नो शर्टको माथिल्लो खल्तीमा राख्यो । अनि अनमनयस्क भावले मलाइ हेरी बिस्तारी-बिस्तारी आफ्नो कदम चाल्न लाग्यो । केही बेरसम्म ऊ गएको

हेरीरहेर म पनि आफ्नो घरतिर लागें आफ्नो क्षुद्र मनोकामना सफल हुन-लागेको गर्म्दै । किनकी उसको रूपियाँलाई मैले उहिल्यै धर्म-खातामा चढाइसकेको थिएं । विराटनगर

एक मुक्तक

-रघुपन्त

एक घर उज्यालो भएर के काम, जब लाखौं घर अँध्यारा छन
एक परिवार हाँसेर के काम, जब लाखौं परिवार रोएका छन
त्यसैले हामीले नयाँ युग ल्याउनै पर्छ–
जहाँ प्रत्येक घर उज्यालो भएर प्रत्येक परिवार हाँस्न पाउनेछन ।

'यही धर्तीमा जन्मेको छोरो'

-काका विष्ट

यही धर्तीमा जन्मेको छोरो तँ
यही धर्तीको लागि मरेर जा
एक मुठ्ठी प्राण छस् लिई आएको
यही धर्तीको लागि अर्पेर जा ।

तेरै थोपा थोपा रगतको बलिदानले
यहाँको यो धर्ती उर्वरा हुन्छ
तेरै एक बुलन्द आवाजले
जीउँदै मरेकाहरूमा फेरि ज्यान आउँछ ।

तेरै दिव्य दृष्टिले
यो धर्तीको सुरक्षा हुन्छ
तेरै एक अचुक निसानले
दुष्मनहरूको जरै भासिन्छ ।

देवकोटालाई चिठ्ठी

-चूरबीर पौडेल

[महाकवि स्व० देवकोटाको 'के नेपाल सानो छ ?' निबन्ध पढेपछि लेखिएको कविता प्रस्तुत छ]

रोग र भोक भरेको देशमा 'सुन्दर' कहाँ छ ?
आह र दाह बीचमा तिम्रो त्यो 'शान्त' कहाँ छ ?
मानिस खाने यो ठाउँमा 'विशाल' कहाँ छ ?
भनन कवि तिमीले देख्या 'नेपाल' कहाँ छ ?
'सुन्दर' 'शान्त' 'विशाल' भन्या देखाउ कहाँ छ ?

एक गास नपाइ सुत्केरी आमा मरने जहाँ छ ।
ती मृत लाम्टा चुसेर बस्ने बालक जहाँ छ ।
पेटको लागि मासुमा बेच्ने युवती जहाँ छ ।
नफक्रिकन ओइलाइ जाने प्रतिभा जहाँ छ ।
भनन कवि तिमीले देख्या 'नेपाल' कहाँ छ ?
'सुन्दर' 'शान्त' 'विशाल' भन्या देखाउ कहाँ छ ?

औषधी नपाइ मरने कैयौं किसान जहाँ छ ।
पिएर पानी रगत दिने श्रमिक जहाँ छ ।
ज्यामीको श्रममा मोजमा गर्ने मालिक जहाँ छ ।
व्याजको स्वाज गरेर ठग्ने पुँजिया जहाँ छ ।
भनन कवि तिमीले देख्या 'नेपाल' कहाँ छ ?

'सुन्दर' 'शान्त' 'विशाल' भन्या देखाउ कहाँ छ ?

हाडा र भाडा समेत लुट्ने लुटाहा जहाँ छ ।

किलाको बाखाको फुकाइ लाने मिचाहा जहाँ छ ।
निमूखामाथि रजाइ गर्ने समाज जहाँ छ ।
गरीबलाई उठीवास गर्ने जमात जहाँ छ ।

भनन कवि तिमीले देख्या 'नेपाल' कहाँ छ ?
'सुन्दर' 'शान्त' 'विशाल' भन्या देखाउ कहाँ छ ?

रक्सिले लठ्ठाइ युवक राख्ने तरिका जहाँ छ ।

कार्यको नाममा रक्सि र रण्डीको वृद्धि जहाँ छ ।
अँध्यारो अझै ल्याउने यहाँ प्रयास जहाँ छ ।

थाक्ने र माग्ने बढाउँदै लाने विचार जहाँ छ ।

सुनन कवि हामीले देख्या 'नेपाल' यहाँ छ ।
'सुन्दर' 'शान्त' 'विशाल' भन्या देखाउ कहाँ ?

गरीब दुःखी मिलेर उठे 'विशाल' त्यहाँ छ ।
खेताला मिलि बनेको समाज त्यो 'शान्त' त्यहाँ छ ।
श्रमिक फूल नचुडी दिदा 'सुन्दर' त्यहाँ छ ।

सुनन कवि हामीले देख्या नेपाल त्यहाँ छ ।
सुन्दर शान्त विशाल भन्या वल्ल पो त्यहाँ छ ।

★

साम्राको माध्यमबाट प्रत्येक किसानलाई
विस्तृत सेवा पुऱ्याउने राष्ट्रनायकको
सदिच्छा पूरा गर्ने

नव वर्ष २०३४ ले

सबैलाई प्रेरणा प्रदान गरोस्

—समस्त सोमा संस्थाहरू

[साहित्यिक प्रतिभा जोशीज्यूको जीवन-अवधिभित्रका क्रियाकलापको एक टिपोट]

जनकवि गोकुलप्रसाद जोशी-एक परिचय

लोयनाथ भट्टराई

"विवश भए मनुष्य कुक्ला भावना कुक्दैन
शहीदका लाश लुकाइ तिम्रो दुष्टता लुक्दैन"

गोकुलप्रसाद जोशीको कलमबाट निस्केका यी पंक्तिमा उनको अदम्य आत्मविश्वासको जल्दो नमूना देखिन्छ। नब्बे प्रतिशत शोषित पीडित जनताको धडकन खिचेर कविता लेख्ने यस्ता कविलाई आज पर्दापछाडि राख्ने प्रयत्न भैरहेको छ । तर जनताको चेतनाको उत्थानसंगै कविको देनपनि अगाडि देखा पर्दै जानेछ। सूर्यलाई हत्केलाले छेकेर छेकिन्न। मेरो यस लेखको अभिप्राय गोकुलप्रसादबारे जाने सुनेका कुराको टिपोटद्वारा उनको सामान्य परिचय दिनु हो।

मेरो विचारमा जनकवि जनताको छोरो हुनुपर्छ, बहुसंख्यक गरीब जनतालाई शोषण, दुःख र दासतावाट मुक्त गर्नकोलागि जनतालाई एकजूट गर्ने क्षमता हुनुपर्छ । परेको बेला जनताका शत्रुहरूको विरूद्ध लड्ने आँट पनि हुनु पर्दछ । युगको मूलभूत धारा उसले बुझेको हुनुपर्छ र जनतालाई तथ्य कुराहरू बुझाएर बहुसंख्यक जनताको पक्षमा समाजको प्रतिकूल स्वरूप नै बदल्नको लागि सामूहिक संघर्षमा लाग्न अग्रदुत भै काम गर्न सक्नु पर्छ ।

शोषणको चपेटमा परेका जनताहरू वास्तवमा भन्ने हो भने अर्धचेतन अवस्थामा हुन्छन्। त्यस अवस्थामा जनताले आफ्ना शत्रु र मित्रहरू

छुट्याउन सकिरहेका हुँदैनन । अतएव आफूले आफैलाई चिन्न सकिरहेका हुँदैनन । जनताको यस्तो अवस्थामा चेतनाको संचार गर्ने र जनतालाई मुट्ठीभर शत्रुहरूको विरुद्धको संघर्षमा नेतृत्व दिने काम जनकवि, जन-गायक र जनकलाकारको हुने गरेको कुरा विश्व इतिहासले प्रमाणित गर्दछ । गोर्की र ल्यू स्यूनले यिनै कामहरू गरेका थिए । नेपालमा कवि गोकुल प्रसाद जोशीले आफ्नो अल्पायुमा जनकविले निभाउनु पर्ने कर्तव्य निभाएर अमर हुनु भएको छ ।

नेपाली जन साहित्यको इतिहास लेखिएका दिन "आदि जनकवि को हुन ?" भनेर खोज्दा गोकुल प्रशाद जोशी आफ्नो चम्किलो अनुहार लिएर देखापर्नु हुन्छ । नेपाली साहित्यको इतिहासमा भानुभक्त आचार्य-लाई आदिकवि भनेर मानिएता पनि "जनकवि" को संज्ञा दिन भने सकिदैन , किनभने उनीसंग 'जनभाषा' मात्र छ । भक्तिमार्गमा लाग्न प्रेरित गर्ने उनको 'रामायण' ले शोषण, पूँजीवाद र साम्राज्यवादले उत्पन्न गरेका खाना, लुगा र आश्रयका नियमित समस्याको कुनै समाधान देखाउँ-दैनन । अतः भानुभक्तको आदर्श संकुचित र सामन्तवादी ठहर्छ ।

भाषा सम्बन्धमा गोकुलप्रसाद भन्नुहुन्छ, "म जनताको लागि लेख्छु । यसकारण मेरा लेखनीबाट उनीहरूको सुख, दुःख, हर्ष, विस्मात निर्धा जनताले बुझ्ने भाषामा पोखिनु पर्छ । जसका लागि म लेख्छु उनीहरूले बुझि दिएनन भने मैले कविता कथ्नुको केही अर्थ रहेन ।" आफ्नो भनाइलाई कविले अक्षरशः पालन गरेको पाइन्छ । विचार प्रष्ट छ, भाषा अति सरल छ, लोक लयमा लेखिएका उहाँका कविता लोकगीत झैं ठ्याउरे भाकामा गाएर हिंड्न सकिन्छ । उहाँले त्यसरी नै जनताका बीचमा गाएर हिंडेकै पनि हो ।

आन्तरिक रुपमा सामन्तहरूद्वारा सताइएका नेपाली किसान, गरीव खेताला, ज्यामी, हली, भरिया एवं मजदूरहरूको स्थिति र वाह्यरुपमा विदेशी पूँजीपतिहरूलाई एकाधिकारप्राप्त नेपाली बजारलाई गोकुलप्रसादले राम्ररी बुझ्नु भएको थियो । भारतीय पूँजीवादी बजारलाई ध्यानमा राखेर नेपालका सामन्तहरूले गरेको तराई क्षेत्रीय कृषि उत्पादन, चोरी

निकासी, मोहीहरूको राष्ट्रव्यापी शोषणलाई उहाँ यसरी व्यक्त गर्नुहुन्छ-

"शोषणले चपाउने, विदेशीले चुस्ने

दुङ्गाको त्यो हृदयमा ज्ञान कहिले घुस्ने"

सात सालपछिको नेपाली समाज सामन्तवादबाट पूँजीवाद तर्फ संक्रमनको शुरूवात हुन लागेको समाज हो। तर भएका उद्योगहरू विदेशी पूँजीपतिहरूले लिएको हुनाले देशमा प्रत्यक्ष रुपमा पूँजीको विकास हुन सकेन। राष्ट्रिय पूँजीपतिहरूको विकास पनि कठिन भयो किनभने राष्ट्रिय पूँजीपतिहरूमा भारतीय एकाधिकारी पूँजीपतिहरूसंग प्रतिस्पर्धा गर्ने क्षमताको अभाव रह्यो। फेरि भारतले नेपाललाई आफ्नो स्वतन्त्र अर्थ-तन्त्रको विकास र आत्मसम्मानमा आघात पार्ने अङ्चन्हरू राख्दै आयो। यसकारण भूपरिवेष्ठितता नेपालको स्थायी अन्तर्निहित समस्या जस्तै भयो। 'दिल्ली सम्झौता' ले गर्दा भारतीय प्रांतक्रियावादी एवं विस्तारवादी डफ्काको हात माथि पऱ्यो। निर्वासित राणाहरू, वी० पी० र निजका पछौटे युवकहरूलाई भारतीय प्रतिक्रियावादीहरूले नेपालको जन-आन्दोलन दवाउन प्रयोग गरे। फलतः जनक्रान्तिको उपलब्धि केही भएन। अतः सात साल अघिको जनताको दयनीय स्थिति सात सालपछि पनि कायमै रहेकोले कवि भन्नु हुन्छ-

"नेपालका टाकुरामा दिन उदाएन

अझै हाम्रा पर्वतमा भाले कराएन"

वास्तवमा सात साल मात्रै होहल्लामा विल्यो। आजसम्म नेपालले दीर्घकालीन योजना बनाउन सकेको छैन। अल्पकालीन पञ्चवर्षीय योजनाहरूमा व्यक्तिगत स्वामित्व उन्मूलन गर्नुपर्ने पक्षलाई उपेक्षा गरि-आएको छ। आर्थिक श्रोतको बढी जसो भाग विदेशी सहायतामा ओगट्छ। तसर्थ आर्थिक एवं सामाजिक कार्यक्रमहरू निरर्थक हुन पुगेका छन्। राष्ट्रिय पूँजीको विकास र उद्योगहरूको राष्ट्रियकरण जस्ता कुराहरूलाई आजसम्मका कार्यक्रमहरूले व्यावहारिक रुपमा स्वीकार गरेको पाइन्न। कृषिमा नब्बे प्रतिशत जनता लागेको हाम्रो देशमा कृषि कार्यक्रमहरू दुर्बल छन्। योजनाका निर्माताहरू प्रायः भारतमा शिक्षा पाएर आएका

अभिजात वर्गीय बुद्धिजीवीहरू हुने हुनाले नेपाललाई भारतकै पृष्ठभूमिमा राखेर रङ्गीन चश्माले हेर्दछन । फलतः नेपाल र नेपालीका लागि चाहिने स्वतन्त्र स्वस्थ राष्ट्रिय चिन्तन शृङ्खलाको विकास हुन सकेको छैन । उता नेपालको विकासको लागि गम्भीर रूपमा सोच्ने धनहीन बुद्धिजीवीहरू एक त आफ्नो दैनिक दानापानीको समस्यामै जेलिन्छन, त्यसलाई ध्यान नदिई सोच्नेहरू भोकभोकै मर्दछन । यस तथ्यलाई गोकुलप्रसाद जोशीले यसरी उदयाङ्गचाउनु भएको छः–

" नौलो नयाँ समाजको संकेत बारबार
सभ्यताको जगराख्ने कवि कलाकार ।"

" भोक भोकै मर्न लागे कवि कलाकार
तड्पाएर नमार कुण्ड्याएर मार ।"

बहुसंख्यक जनताका लेखक र कलाकारहरूको सशक्त कलम र कूचीले देश भित्रका थिचाहाहरू एवं अन्तरराष्ट्रिय क्षेत्रका मिचाहाहरूका मुटुमा आगो ओस्छ । तीं दुष्टहरू जहिले पनि जनपक्षीय साहित्य स्रष्टाहरूको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विनाश भएको हेर्न चाहन्छन । तसर्थ, ति फटाहा–हरूले जनताका प्रतिभाहरूका लागि केही सधाउ पुऱ्याउनुको सट्टा उल्टो निर्मूल पार्ने प्रयत्न गर्दछन ।

"नेपालका उच्च ओहदाका साहित्यकार भनाउँदाहरूले मलाई गरीब, टूहुरो भनी हेला गरे । नेपालमा जतिसुकै प्रतिभा भएपनि म जस्ता गरीबको कदर हुने होइन ।" यो उहाँको आफ्नो अवस्थितिप्रति आफ्नै समीक्षा थियो । उहाँले म कवि हुँ, कलाकार हुँ..... समाजले चाहे पालोस्, चाहे मारोस्, भनेर अ ूलाई समाजको जिम्मामा छोड्दा समाजले उहाँको हत्या गऱ्यो । यसमा जिम्मेवार अशिक्षित गरीब नेपाली जनता होइनन्, मुठ्ठीभर दुष्टहरू र अभिजात वर्गीय जनविरोधी साहित्यकारहरू हुन ।

केही नेपाली साहित्यकारहरू आफूसँग प्रतिभा हुँदा हुँदै पनि पद र पुरस्कारमा बेचिएर स्थिति आएपछि भाग्ने र जोगिने चाकरीवाज प्रवृत्ति देखाउँछन । हुनत सात सालअघि सचेत लेखकहरूले लुकीछिपी लेख्ने र प्रकट

रुपमा आफूलाई साधारण लेखकको रुपमा मात्र देखाउँथे । सुरक्षाको दृष्टिले त्यसो गर्दा त ठीकै छ तर कति प्रतिक्रियावादी लेखकहरू यस्तो पर्दामा लुकेर जनताका लेखक र कलाकारहरूको घांटी निमोठ्छन । कोही भने डरले आफ्नो प्रतिभा समेत खुम्च्याउँछन । गोकुलप्रसाद जोशीलाई यो प्रवृत्ति कति मनपर्दैनथ्यो । त्यसैले उहाँ कसैसंग नझुकी निर्भिक भएर लेख्न अनुरोध यसरी गर्नु हुन्छः–

"अन्यायको बादलमा नझुकन कवि
दुनियाँको दर्द बोकी नझुकन कवि ।"

साहित्य सृजनाको जाँच गर्दा सिद्धान्तको मौलिक प्रश्न 'कसको निम्ति ?' द्वारा जाँचिन्छ । दोश्रो आधार कला कलाको निम्ति हो कि कला जीवनको निम्ति ?' भन्ने आउंछ । तर यी आधारहरूको निष्कर्ष 'कुन वर्गको निम्ति ?' भन्ने आधार चाहीं मूलभूत हो । गोकुलप्रसाद जोशी जीवनमूलक सिद्धान्तका पक्षपाती हुनुको साथै बहुसंख्यक जनताका निम्ति लेख्ने कवि हुनुहुन्थ्यो । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र विदेशमा पनि नेपाली जीवन आफै पैदल भ्रमण गरेर निहार्नु भयो । धेरैजसो नेपाली-को जीवन दरिद्रता, घृणा, विषमता, थिचोमिचो, रोग, भोक र शोक जस्ता जीवनका विसंगतिहरूले भरिएको राम्ररी बुझेर नै उहाँ भन्नु हुन्छः–

"जन्मेको दिन देखिनै पेटको चिन्तामा जल्दछौं
समस्त जीवन निखारेपछि धुँवामा फुल्दछौं
हामीले मुटु फोरेर काम गरेको कमाइ
मुखको गांस नखोस हाम्रो घांटीमा समाई ।"

जनताहरू आफ्नो बाँच्ने अधिकारको वास्तविक प्राप्तिको लागि प्रयत्न-शील हुनु एक अनिवार्य आवश्यकता हो भन्ने बुरा कविलाई पूरा विश्वास थियो त्यसबेला पनि । आफ्नो विश्वास जनतामा यसरी व्यक्त गर्नु हुन्छ उहाँः–

"भानवको हक लिन आन्दोलन गर्लान
मर्नै पर्छ भने वरु क्रान्ति गरी मर्लान"

गोकुलप्रसाद जोशी आफ्नु हरफहरूमा भोलिलाई यसरी ओकल्नु हुन्छः-

"अग्ला अग्ला चुचुरामा बिजुलीका तार
डांडा कांडा दगुर्ने छन नयाँ नयाँ कार
शहरमा हिलो धूलो कहीं हुने छैन
शोषकको अधीनमा कोही रहंदैन ।"

गोकुलप्रसाद जोशीको साहित्य एवं त्यसको लक्ष्य : उहाँकै शब्दमा– 'हाम्रा सच्चा भावना र प्रगतिशील विचारलाई लिएर अगाडि बढौंला, देश उचालौंला, पुरानो विचारलाई पल्टा खुवाइदिउँला नेपालको स्वरुप नै बदलि दिउँला ।..... ...नयाँ आजादी ल्याउँला, एशियाको खुला मैदानमा हाँसेर खेलौंला । आफ्नो हातले गरेको काम हेरेर मुस्कुराउँला । ___हाम्रो पछि आउने युगलाई पनि केही चिन्ह राखि छोडौंला । मेरो सिद्धान्त र मेरो सच्चा भावना यही हो' इत्यादि ।

कवि गोकुलप्रसाद जोशीलाई साहित्यको अन्तरराष्ट्रियतावादी पक्ष उत्तिकै दरिलो छ । उहाँ गोर्खा भर्तीका विरोधी हुनुहुन्थ्यो । आफ्नो 'मलाया नजाऊ' भन्ने कवितामा कवि यसैले नेपाली र मलायाली जनतामा समानता देखाएर मलायाली जनतालाई गोली हान्नु आफ्ना भित्रहरूलाई गोली हान्नु हो–त्यसैले यो अन्याय गर्नु हो भन्नु हुन्छ । त्यस अर्थमा जनता सतर्क नहुने हो भने आफ्नो देशलाई दुष्टहरूले साम्राज्यवादीहरूको इशारामा नचाउँछन। एक देशका शोषित पीडित जनताले अर्को देशका शोषित पीडित जनताको संघर्षमा समर्थन गर्नु, विश्वका परिश्रमी जनताहरू एक हौं भन्ने भावनालाई नै सच्चा भाइचारा तथा विश्व बन्धुत्व भनिन्छ । मलाया भर्तीको विरोधमा उहाँको कविता:–

"मलायाका जनता हुन् हामी जस्तै दुःखी
आफ्नो हक खोजेका हुन् हुनलाई सुखी
युरोपका चुसाहाको थुक किन चाट्छौं ?
मलायाका गरीबको शीर किन काट्छौं ?

अँग्रे जलाई दिने रगत आजादीमा खन्याऊ
आपनै देशलाई उन्नतिको शिखरमा पुऱ्याऊ
लडाईं र बढाईंमा खर्च गर्ने धन
कार्खाना र कलेजमा लगाउन मन
नभार गरीवलाई, नजाऊ अंग्रेजी पल्टनमा ।

युवकहरूको मूल्यहीन, अर्थहीन र लक्ष्यहीन निर्यात प्रति कवि चिन्तित हुनुहुन्थ्यो । देशका जल्दावल्दा राष्ट्रिय समस्याहरूमा निर्भिक भएर असमर्पण-वादी बाटो पक्डेर बोल्ने उहां एक मात्र नेपाली कवि हुनुहुन्ज्यो।

गोकुल प्रसाद जोशी कलमवीर मात्र नभएर राजनीतिको वास्तविक कार्य क्षेत्रमा उत्रनु भया। २०१५ सालको आम निर्वाचनमा प्रगतिवादी विचारको प्रचारमा वलियो हिस्सा लिनु भयो। लोकगीतका गायक यी कविले जनतामा चेतना भर्ने ठूलो काम गर्नु भयो। प्रगतिशील साहित्यकार श्यामप्रसाद शर्मासंग उहाँको निकटता थियो। देश विदेशका नेपालीहरूमा उहांले तत्सम्बन्धी विचार फैलाउनु भयो। गौचर हवाई अड्डामा मजदूर हडताल गराउँदा उहाँको जागिर खोसियो। बम्बैको एउटा जहाज कम्पनीमा जहाज सफा गर्ने र रंग लगाउने काम गर्दा गर्दै मजदूर युनियनको हडताल-मा भाग लिएकोले त्यहाँ पनि जागीर खोसियो। आदर्श छाँट्ने भन्दा आफै समेत खटेर काम गर्ने मानिसनै इतिहासमा श्रद्धेय भएर बाँच्छ।

भनिन्छ कि गोकुलप्रशाद जोशीको जन्म गण्डकी अञ्चलको एउटा अभेख पखेरामा भएको थियो। पश्चिम स्याङ्जा नुवाकोट र वाग्लुंग जिल्लाको सीमानामा उहाँ जन्मनु भएको थियो भन्ने पनि भनाइ छ। पछि पत्ता लाग्ला। बहुसंख्यक नेपाली कैं पेट पाल्ने समस्याले च्याप्यो ! सपरिवार विदेश पसेर भारतका विभिन्न शहरहरूमा दश वर्ष जति बिताएर उहांले प्रवासी नेपालीहरूको जीवनको गहिरो सूक्ष्म अध्ययन गर्नु भयो। सात सालको परिवर्तनपछि नेपालमै पनि खान पाइन्छ भनेर उहाँ स्वदेश फर्कनु-भयो। बहुसंख्यक नेपालीहरूको गाँस बासको ठेगान नभएकैं उहाँको गाँस बासकै ठेगान भएन। २०११ सालतिर उहाँ विक्षिप्त अवस्थामा पुग्नुभयो,

गोकुलप्रसाद जोशीले औपचारिक शिक्षा लिने अवसर र धन पाउनु

भएन । उहाँले अहिलेको निम्नमाध्यामिक स्तरसम्मको शिक्षा बम्बैको जहाज कम्पनीमा काम गर्दा गर्दै रात्री स्कूलमा लिनु भएको थियो । त्यसैले पनि उहाँका कविताहरू प्रायः कुयाउरे छन्दमा लेखिएका छन् । लय त कुयाउरे (लोकलय) हुनै नै भयो । उहाँले छन्दको सिद्धान्त पढ्नुभएको थिएन ।

जनकवि गोकुलप्रसाद जोशीले पूर्व मेचीदेखि पश्चिम महाकाली तकको भ्रमण गर्नु भएको थियो । २०१६ सालतिर उहाँ तेह्रथुम पनि आउनु भएको थियो । खाएको थाल आफै माझ्नु हुन्थ्यो । दिवंगत हुनुभन्दा ४ घण्टा अगाडी कापाको घैलाडुवामा एकजना मास्तरको घरमा गाईलाई घाँस काटेर हालिदिनु भएथ्यो रे । २०१८ साल आषाढ ४ गते आईतवार ४ बजे मुटुको गति बन्द भएर उहाँको देहान्त भयो । घैलाडुवा स्कूलका छात्र र शिक्षकहरूले उहाँको दाह संस्कार गरे । कापाको विरिङ नदीमा उहाँको लुगा बगाईए ।

ग्रन्थ सन्दर्भमाः–

सिमानाको दीप– गोकुलप्रसाद जोशी । 'भानु' (त्रैमासिक)–गोकुलप्रसाद जोशी स्मृति अँक । निर्माण (मासिक)। सक्सक् (पत्रिका)। 'मधु–विन्दू' (पत्रिका) । 'बाँच र बाँच्न देउ'– गोकुलप्रसाद जोशी ।

नयाँ किरण

मेरो आत्मा वेदनाले रुन लाग्यो धुरूधुरू

-पुष्पराज श्रेष्ठ, रुम्जाटार

एउटा मान्छे आउँदै थियो पाइला गनी गनी
एक शब्द सोधें उसलाई कहाँ जाने भनी
एकतारे रेट्दै भन्यो उसले पीर मानी
"छोराछोरी भोकै मरे के खाउँ, के लाउँ भनी
स्वास्नी पनि मरी हिजु, खान्थी गरी वनी
पाइला मेरो रुक्ने छैन जत्ति सताए पनि"

उसको कुरा सुन्दा मेरो मुटु भयो धुरूधुरू
मेरो आत्मा वेदनाले रुनलाग्यो धुरूधुरू ।

अन्तरराष्ट्रिय बाल वर्षको उपलक्ष्यमा–
एउटा परदेशतिरको बाल कथा–

नानी घोडाले कस्तरी खोला तऱ्यो ?

एउटा सेतो माऊ घोडा थियो । उसित संगै सानो नानी घोडा पनि थियो । एकदिन माऊ घोडाले त्यो नानी घोडालाई बोलाएर भन्यो–"बाबु, तिमी अलिकति गहूँ लिएर पिध्न जाऊ है, त्यहाँ पारीको घट्ट राम्रो छ ।"

पीठमा गहूँको बोरा राखेर नानी घोडा खुसी हुँदै र उफ्रंदै गयो । खोलाको छेउमा पुगेपछि उसले टक्क उभिएर सोच्यो: 'यो खोला निक्कै गहिरो पनि त हुन सक्छ, मैले तर्न नसक्ने पो हो कि ? तर्ने नगरेको खोलो-को जंघार थाह छैन ।'

त्यहीं नजीकै एउटा बगरमा एउटा बूढो गोरु चरिरहेको थियो । नानी घोडा त्यसको नजीकै गएर सोध्यो–

"काका, यो खोलो कतिको गहिरो छ हँ ? मलाई अहिले तर्नु परेको छ ।"

" खोलो कत्ति पनि गहिरो छैन बाबु, म सधैं तरिरहेकै त हूँ नि । मेरो घुँडाभन्दा अलि माथिसम्म आउँछ, त्यति जावो खोलोलाई के ठूलो भन्नु ।" गोरुले फूर्तिसाथ टाउको हल्लाएर भनिदियो ।

उत्साही नानी घोडाले साहस पायो । तर्ने सुरले उ पानीनिर पुगेको मात्रै थियो, अल्लिपर अम्बाको बोटबाट लोखर्केले चिच्यायो–

"ए घोडा नाई, पख, पख, त्यसरी त्यो गहीरो खोलामा पसेर ज्यान नफाल ।" नानी घोडा फेरि टक्क अडियो र फर्केर हेऱ्यो । लोखर्के भन्दै थियो–

"तर घोडा दाई, हिजोमात्र मेरो एउटा साथी यो खोलामा डुबेर मऱ्यो। खोला निक्कै गहिरो पो छ त, बाबै। तिमी आलो काँचो बच्चा, यसरी उताउलो भएर यस्तोमा पस्न हुँदैन।" लोखर्केको कुरालेनानी घोडाको मन धर्मरायो। गोरूको कुरा र लोखर्केको कुरा पटक्कै मिलेन। कसलाई पत्याउने? नानी घोडा दोधारमा पऱ्यो र माउलाई सोध्न कुद्दै कुद्दै फर्क्यो।

"गहुँ नपिधीकन किन यसै फर्कियौ त बाबु ?—"माऊ घोडाले सोध्यो। नानी घोडाले हड्बडाएर भन्यो—

"बाटोमा त गजबको खोलो पो रछ। त्यहाँ एउटा गोरू काकाले चाहीं खोलो गहिरो छैन पानी घुँडादेखि अलिमाथिसम्ममात्र आउँछ, तर्न सकिन्छ भने। तर, लोखर्केले अर्के कुरा भन्यो। खोलो निक्कै गहिरो छ रे, र त्यसमा डुबेर हिजो उसको एउटा साथी नआउने बाटो गयो रे बरा! यसै भएर तताईलाई सोधूं भनेर फर्केको बा!"

माऊ घोडाले मुसुक्क हाँसेर सोध्यो—

"तिमीलाई कस्तो लाग्यो त बाबु ?"

"खै बा, मैले त केही निधो गर्न सकिनं। त्यसै भएर त कुद्दै कुद्दै तपाईंकहाँ आ'को नि भन्नुस् बा, के गर्ने होला ?"

माऊ घोडाले फेरि हाँसेर भन्यो—

'कस्तो अल्छी भएको बाबु, तिमी। तिमीले त्यो गोरू कत्रो थियो हेर्न भ्याएनौ ? अनि त्यो लोखर्के कत्रो थियो, त्यो पनि देख्न चाहेनौ ? तिमीजस्तो चलाक केटाले त्यो गोरू र लोखर्के दुबैलाई हेर्न र विचारगर्न भ्याउनु पर्ने। यति जाबो कुरो पनि मलाई सोध्नु पर्छ र बाबु ?"

"मैले कुरो बुझें बा" भनेर नानी घोडा दगुऱ्यो। सरासर गएर उसले आफूलाई गोरूसित नापि हेऱ्यो— ऊ गोरूभन्दा होचो रहेछ। गोरूको घुंडा-माथि भन्नाले उसको घुंडीसम्म आईपुग्ने रहेछ भन्ने कुरा उसले चाल पायो। लोखर्केसित गएर दाँजियो— लोखर्के त उसको खुरभन्दापनि होचो। नानी घोडा मनमनै हाँस्यो। कुरा त गोरू र लोखर्के दुबैको बिलकुल साँचो हो। खोलोलाई यी दुबैले आ-आफ्नो शक्ति बुद्धि र अनुभवको आधारमा हेरे। तर मलाई जाँचेर हेर्ने काम मेरो हो। म खोलो तर्न सक्छु। यसै भन्थानेर नानी

घोडा पानीमा पस्यो । ऊ सजिलै पार भयो । केही समयपछि पीठो पिधेर फर्क्यो पनि । घरमा पुगेर उसले माऊ घोडालाई भन्यो–

"संसार हेर्ने बुऊने आँखा सबैको बेग्ला बेग्लै हुँदो रहेछ तर गाँठी कुरो एउटै हो, क्षमता, स्थिति र हेर्ने तरिका मात्र बेग्लै। मलाई त यसपालि यस्तै लाग्यो ।"

"ठीक हो बाबु, तिमी त अझै बच्चै छौ ,यस्ता कुरामा कति जान्ने सुन्ने मान्छेहरूपनि कहिलेकाहीं ठुक्किन्छन। जे होस् वास्तविकतासित भिड्ने सही तरीका चाहिं यस्तै हुन्छ बाबु ।"– माऊ घोडाले भन्यो–"समस्या परेको बेला राय धेरैको माग्नु पर्छ, तर राय दिने हरूलाई बुझेर मुख्य निर्णय त आफैले लिनु पर्छ । तिमीले यसबाट लिनुपर्ने ज्ञान यही हो ।"

–संकलनः- जीतभाइ नेपाली

[हामीलाई हात्तीछाम्ने अन्धाहरूको कथा थाहा छ । कान, भुँडी खुट्टा र पुच्छर हात्ती होइन , यी सबै हात्तीका अवयवहरू हुन र हात्ती एउटा सिङ्गो विशालकाय जनावरको नाउँ हो, अन्धाहरू आफ्नोमात्र छामछुमे ज्ञानमा सीमित भएर आफूले छामेको अवयवलाई मात्र हात्ती मानेर छामछुम गर्छन तर तथ्य यो विभाजनमा नभएर सम्पूर्णतामा छ । हामीले सत्यलाई यथा सम्भव सम्पूर्ण रुपमा जान्ने चेष्टा गर्नु पर्छ । आफूले देखे बेहोरेको जत्तिलाई मात्र संसार मान्ने कुवाको भ्यागुताको अक्कास हेराईलाई हामीले नबुझिलिनु अब ठूलो गल्ती हुन सक्छ । लोखर्केको साथीको लागि खोलो साह्रै ठूलो थियो ऊ डुबेर मर्‍यो, गोरूको लागि यही खोलो साधारण थियो, ऊ सजिलै तर्‍यो । घोडाको बच्चाले यी दुबैको स्थिति, क्षमता र आत्मगत अनुभवलाई वस्तुस्थितिसित दाँजेर हेर्‍यो र दुबैबाट ज्ञान लिएर खोलो तर्‍यो । हामी लोखर्के, गोरू र बछेडाहरू, हामी हात्ती छाम्ने अन्धाहरू, हामी कुवाको मुखजत्रै अक्कास छ भन्ने भ्यागुताहरू आफूलाई राम्ररी छामी, हेरौं, बुझौं, अर्कालाई राम्ररी चिनौं, सुनौं र मनन गरौं, सबैको अनुभव मिसाएर हामी सिङ्गो हात्ती चिन्न सकौं । कुवा बाहिर निस्केर बढी आक्कास देख्न सक्छौं । गोरू र लोखर्केको अनुभवलाई तुलनात्मक रुपमा दाँजेर हामी

अगाडीको खोलोको अन्दाज लगाउन सक्छौं । हामीले विभाजित ज्ञानमा सीमित भएर दिमागमा फलामे बार लगाउने, पूर्वाग्रही बन्ने गर्नु, स्थिति भन्दा माथि उठ्न खोज्नु, बाट धेरै कुरा विग्रनु र आफू पछाडी परिने हुँदो रहेछ । आखिर खोलो त तर्न नसकिने कुरा हैन–पारी पुग्नु छ भने यसलाई तर्नै पर्छ ।

★

सम्पादक]

बालाजु औद्योगिक क्षेत्र स्थित

जोशी पोल्ट्रीमा उत्पादित

फुलहरू

संधै असल र ताजा हुन्छ !

नवरंग रेष्टूराँ

धूलिखेलमा तपाईंहरूको स्वागत गर्दछ !

(कष्टड़पाई, मो-मो, चाउ-चाउ,
सेकुवा, कफी, लसी, दही आइसी

अर्डरमा अन्य पाश्चात्य भोजनहरू पनि सुलभ छन्)

स्वागत छ !

हामी कहाँ सुत्ने तथा बस्ने राम्रो प्रबन्धछ ।

जनवहाल लज

भेडासिङ, काठमाडौं

प्रो० राजलाल श्रेष्ठ (धूलिखेल)

नेपाल भारत व्यापार तथा पारवहन संबन्धी मुख्य आवश्यकता

भारतसितको भावी व्यापार तथा पारवहन सम्झौता मुख्यतः निम्न लिखित सिद्धान्त माथि आधारित हुनु पर्दछ–

क) नयाँ सम्झौता अन्तरराष्ट्रिय नियम र कानून अनुरुप हुनुपर्दछ । १

ख) नेपालको तुलनात्मक दृष्टिले भारत भन्दा पिछडिएको भूपरिवेष्टित स्वरूपका कारणले नेपाललाई भारतबाट विशेष व्यापारिक र पारवहन सुविधा मिल्नु पर्दछ । २

ग) भारतबाट मिल्नु पर्ने व्यापारिक तथा पारवहन सम्बन्धी सुविधाहरू (अन्तरराष्ट्रिय कानून अनुसार दिनु पर्ने भन्दा भारतले दिने थप सुविधाहरू बाहेक) अन्तरराष्ट्रिय हकका रुपमा मिल्नु पर्दछ । ३

घ) सम्झौतामा स्वीकृत सुविधाहरूको ग्यारेन्टी हुनु पर्दछ र त्यसका लागि अन्तरराष्ट्रिय व्यवस्था हुनु पर्दछ ।" ४

माथिका मुख्य कुराहरूलाइ आधार बनाएर नेपाल-भारत व्यापार तथा पारवहन निम्न लिखित विषयहरू माथि मुख्य रुपले विचार गरिनु पर्दछ–

क. नेपालको स्वतन्त्र अर्थतन्त्र र संमान

१. नेपालले आफ्नो आर्थिक नीति निर्धारित गर्ने स्वतन्त्र अधिकार माथि कुनै प्रकारको हस्तक्षेप हुनु हुँदैन । ५

२. दुबै देशका बीचमा चल्ने अवैध सीमा–व्यापारको रोकथामका लागि सम्बन्धित सरकारले स्वयं वा दुबै सरकारले मिलेर समानताका आधा-

रमा कुनै बेग्लै व्यवस्था गर्नु पर्दछ र त्यो कारणले नेपालको अन्य देशहरू-सितको व्यापार, भन्सार नीति वा राष्ट्रिय उत्पादनमा नियन्त्रण गर्ने जस्ता कुनै कुराहरू हुनु हुँदैन । ६

३. नेपालको कुनै पनि देशबाट हात–हातियार र सैनिक सामग्रीको आयात गर्ने सार्वभौम अधिकारमा कुनै पनि प्रकारको नियन्त्रण हुनु हुँदैन । ७

४. नेपालको आफ्ना उद्योग-व्यापारको संरक्षणका लागि विदेशबाट आयात गर्ने कुनै पनि सामानमा स्वतन्त्र किसिमले शुल्क वा रोक लगाउने अधिकारमा कुनै हस्तक्षेप हुनु हुँदैन । ८

५. कुनै आर्थिक वा राजनीतिक उद्देश्यको पूर्तिका लागि अरु माथि कुनै आर्थिक दवाब दिने वा आर्थिक नाकाबन्दी गर्ने जस्ता कुनै कुराहरू हुनु हुँदैन । ९

६. नेपाललाइ आफ्नो सुरक्षित बजार वा मोनोपोली मार्केट बनाउने नीति र प्रयत्नहरू बन्द हुनु पर्दछ । १०

ख) पारवहन सुविधाहरू

७. नेपाललाई समुद्रसम्म निर्वाध मार्ग प्राप्त हुनु पर्दछ । ११

८. समुद्रसम्म नेपाललाई मिल्ने पारवहन सुविधाहरूमा रेल, नदी, सडक, मार्ग पशुको सवारी आदि समेत सबै र साधनको स्वतन्त्रता पनि सामेल हुनु पर्दछ । १२

९. नेपाललाई मिल्ने पारवहन सुविधा नेपालको भावी आर्थिक विकास अनुसार आवश्यक हुने आवश्यकतालाई समेत ध्यानमा राखेर पर्याप्त रुपमा मिल्नु पर्दछ । १३

१०. कलकत्ता बन्दरगाहमा नेपालका लागि अलगै (Selfcontained) गोदामको व्यवस्था हुनु पर्दछ र सीमाना स्टेशनहरूमा सामान राख्न छुट्टै स्थानको व्यवस्था हुनु पर्दछ । १४

११. राधिकापुरको बाटोको सुविधा शीघ्र उपलब्ध हुनु पर्दछ १५

ग. पारवहन सम्बन्धी कठिनाईहरूको निवारण

१२. समुद्रपारका देशहरूसितका, निकासीमा नेपालले भोगिरहेका कठिनाइहरूको निवारण हुनु पर्दछ । १६

१३. आयात निर्यात वापत कुनै कर पारवहन वापत अतिरिक्त कर दोहरो कर आदि नदिने व्यवस्था हुनु पर्दछ । १७

१४. नेपालीहरूले कलकत्ता बन्दरगाहमा आयात निर्यात लाइसेन्स दाखिल गर्ने व्यवस्था खारेज हुनु पर्दछ । १८

१५. बोन्ड–प्रणालीको व्यवस्था हुनु हुँदैन । १९

१६. पारवहनका लागि विनालाइसेन्स आवश्यक पारवहन साधन उपलब्ध गराउनु पर्दछ । पारवहन सामानको लदानी चलानीमा अनावश्यक रूकावट र बाधा पुऱ्याउनु हुँदैन । २०

घ) भारतीय बजारमा नेपाललाई विशेष सुविधा र छुट

१७. नेपालको उद्योग र व्यापारको पिछडिएको अवस्थालाई ध्यानमा राखी रेल भाडा तथा अन्य ढुवानी खर्च भन्सार आदि विषयमा छुट र कमी हुनु पर्दछ । २१

१८. पारवहन सम्बन्धी कठिनाइहरूको निवारण यस सम्बन्धी व्यवस्था र बंदरगाह र सिमान्त स्टेशनहरूमा सामानका जाँचबुझका लागि दुवै देशका कर्मचारीहरूले संयुक्त रुपले काम गर्ने व्यवस्था हुनु पर्दछ । २२

१९. भारतीय रेल्वे वा अधिकारीका जिम्मामा छँदा नेपाली सामानको कुनै पनि प्रकारको हानीका लागि भारत उत्तरदायी हुने र क्षति पूर्ति गर्नै व्यवस्था हुनु पर्दछ ।

२०. नेपालको पिछडिएको अवस्थामाथि ध्यान दिँदै नेपाललाई भारतका कुनै पनि हिस्सामा आफ्ना सामान निर्यातका लागि "स्वतन्त्र र खुला" प्रवेशको अधिकार प्राप्त हुनु पर्दछ । २३

२१. नेपाली सामानहरूको आवागमनमा भारतीय राज्य सरकारहरूले लगाएका रोक र कठिनाइहरू हट्नु पर्दछ । २४

२२. नेपालले भारतमा निर्यात गर्ने सामानमा ८०% अन्तशुल्क लगाउने व्यवस्था खारेज हुनु पर्दछ । २५

२३. विविध भारतीय रिजर्व बैंकमा रहेको नेपालको बिदेशी मुद्राको बाँकी हिसाब तुरून्तै मिल्नु पर्दछ । २६

२४. भारतद्वारा १९६७ देखि लागू भू-परिवेष्ठित देशहरूको संयुक्त राष्ट्र संघीय पारवहन-व्यापार कन्भेन्सनमा शीघ्र अनुमोदन र हस्ताक्षर हुनु पर्दछ । २७

२५. दुवै देशका बीचमा हुने सम्झौताको व्याख्या वा कार्यान्वयन आदि विषयमा कुनै विवाद उठेमा र आपसी वार्ताद्वारा हल हुन नसके दुवै देशले मन्जुर गरेको मध्यस्थद्वारा निर्णयमा पुग्ने व्यवस्था हुनु पर्दछ । २८

टिप्पणी

१. श्री ५ को सरकारका वरिष्ट अधिकारी, पारवहन सम्बन्धी अन्तरराष्ट्रिय विषयका विशेषज्ञ श्री देवेन्द्रराज उपाध्यायले यो कुरामा जोड दिनु भएको छ कि १९६७ देखि लागू भूपरिवेष्ठित देशहरूको संयुक्त राष्ट्र संघीय व्यापार पारवहन कन्भेन्सन र नयाँ दिल्लीमा भएको द्वितीय सं० रा० संघीय तथा व्यापार तथा विकास सम्मेलन (UNCTAD II) को प्रस्ताव अनुसार भारतसित नयाँ व्यापार तथा पारवहन सम्झौता सम्पन्न हुनु पर्दछ । The Rising Nepal, July 31, 1969

२. सं० रा० संघीय सेक्रेटरियट रिपोर्टको व्यापार तथा विकास सम्बन्धी रिपोर्टमा यो कुरा जोड दिइएको छ कि सबै पिछडिएका र त्यसमाथि पनि भूपरिवेष्ठित देशहरूको आवश्यकतामा विशेष ध्यान दिइनु पर्दछ ।

३. ने० उ० वा० संघका सभापति जुद्ध बहादुर श्रेष्ठले भन्नु भएको छ, भारतबाट मिल्नु पर्ने पारवहन सुविधा हाम्रा "अधिकार हक" का कुरा हुन् । "आग्रह र अनुग्रह" द्वारा मात्र उपलब्धि नभएकाले अन्तर्राष्ट्रिय स्तरमा पाउने समेत माग र व्यवस्था हुनु पर्दछ । (उ० वा० प०, २०२५ माघ अंक १५, पृ० २२)

४. १९५७ मा सं० रा० संघको महासभामा नेपालले यो कुरा उठाएको थियो कि भूपरिवेष्ठित देशहरूको पारवहन–व्यापार "अन्तर्राष्ट्रिय मान्यता प्राप्त माध्यमद्वारा व्यवस्थित" नगरिएमा उनीहरूको निर्यातमा भएको कमी पूरा गर्नु सम्भव हुँदैन । (The Rising Nepal, July 24, 1969)

५. सन १९६० को सम्झौतामा नेपालले भारतको भन्दा बेग्लै आर्थिक नीति अपनाउँदा, पहिले भारतसित परामर्श गर्नु अनिवार्य गराइएको थियो। यसबारे नेपाल टेक्सटाइल एण्ड स्टेनलेस स्टील म्यानुफ्याक्चर्स एशोसिएसनले भनेको छ "नेपालले प्रत्येक व्यापारिक वा औद्योगिक योजना गर्नु अगावै भारतसित गर्नु पर्ने आपसी सन्धिले नेपाली उद्योग धन्धाको भविष्यलाई अन्धकारमा पुऱ्याएको स्पष्ट देखिन्छ । देश र जनहितलाई फाइदा हुने कुनै पनि व्यवस्था गर्ने र व्यापारिक वा औद्योगिक नीति निर्धारण गर्ने आफ्नै स्वतन्त्र अस्तित्व हामी नेपालीसंग हुनु पर्दछ।" (उद्योग वाणिज्य पत्रिका, २०२५ फागुन, पूर्णाक २० पृ २१)

६. गत साल (सन ६८) को संयुक्त विज्ञप्तिमा नेपालले तेश्रा देशहरूबाट आयात गर्ने सामानको भारतमा हुने प्रवेश रोक्न नेपालले तेश्रा देशहरूबाट गर्ने आयातमा तथा आफ्नो उत्पादनमा समेत बन्देज लगाईएको छ। कुनै पनि कारणले होस यस प्रकारको व्यवस्था कुनै देशको "आफ्नो स्वतन्त्र भंसार नीति अपनाउने अधिकारको अस्वीकृति" हो । (डा. बद्रिप्रसाद, An Introduction of Nepalese Economy 2nd Edition p. 60)

७. सन १९६५ मा संयुक्त राष्ट्र संघको एउटा कमिटिको बैठकमा भारतले यो प्रस्ताव ल्याएको थियो कि पारवहन दिने देशले भूपरिवेष्ठित देशलाई पारवहन सुविधा दिंदा हात–हतियार सैनिक सामाग्रीलाई पारवहन दिनु न पर्ने नियम हुनु पर्दछ। त्यो भारतीय प्रस्ताव स्वीकार भएन। १९६५ मा नेपाल र भारतका बीच भएको हात–हतियार सहायता सम्झौतामा नेपालले चीन र भारत बाहेक अन्यत्रबाट मगाइने हतियारमा भारतले नियन्त्रण गर्न पाउने व्यवस्था थियो। त्यो सम्झौता खेरेज भै सकेको छ। (गो. प. आषाढ ११, ०२६)

८. नेपालले भारतीय चुरोटमा प्रतिबन्ध लगाउँदा भारतले विरोध गऱ्यो । गत सालको व्यापार सम्झौतामा नेपालले भारतीय सामान र चुरोटका विरूद्ध कुनै भेदभाव नपाउने व्यवस्था गरेर नेपालले भारतीय सामानमा भंसार लगाउँदा स्वतन्त्र किसिमले व्यवहार गर्न नपाउने गरिएको छ।

वेदना

९. साप्ताहिक मातृभूमिले लेखेको छ; भारतद्वारा नेपालका विरूद्ध "समय समयमा क्रमिक आर्थिक नाकाबन्दीको अभियान नै थालिएको छ।" (आषाढ १०, २०२६) नेपालले समुद्रपारका देशहरूमा निर्यात गर्ने, उतावाट आयात गर्ने वा सम्झौता अनुसार भारतमा निर्यात गर्ने सामानमा अनावश्यक सुविधाहरू लगाईंदै छ।

१०. उ० वा० संघ लेख्दछ; "दक्षिण (भारत) आफ्ना उत्पादनहरूका निमित्त नेपाललाई एकलौटी वजार कायम राख्न चाहन्छ" (नेपाल टाइम्स, फागुन १, २०२५)

११. सं० रा० संघीय पारवहन–व्यापार कन्भेन्सनको प्रस्तावना र धारा ३ मा भूपरिवेष्टितलाई समुद्र तट भएका देशहरूलाई सरह समुद्रको उपभोगको स्वतन्त्रता प्रदान गर्न समुद्र सम्म निर्वाध (Free) मार्ग दिनु पर्ने कुरा मानिएको छ।

१२. व्यापार–पारवहन कन्भेन्सनको धारा २ मा पारवहन सुविधा भित्र रेल, सडक, पशु, नदी, पाइप लाइन, ग्यास लाइन आदि सवै र साधनको स्वतन्त्रता पनि सामेल छ।

१३. फेब्रुअरी २०' १९५७ मा संयुक्त राष्ट्र संघको महासभाद्वारा पारित प्रस्तावमा भूपरिवेष्ठित देशहरूको भावी आर्थिक प्रगति अनुसार आवश्यक पर्ने आवश्यकताहरूलाई समेत ध्यानमा राखी अन्तरराष्ट्रिय कानून अनुरुप प्रयाप्त पारवहन सुविधा उपलब्ध गराउनु पर्ने कुरामा जोड दिएको छ।

१४. पारवहन–व्यापार कन्भेन्सन धारा ६ र ८ मा गोदामको व्यवस्था वा वन्दरगाहमा र सिमान्त क्षेत्रहरूमा स्वतन्त्र क्षेत्र (Free zone) को व्यवस्था सम्वन्धित देशहरूका वीचको सम्झौता अनुसार हुनु पर्दछ र कन्भेन्सनले यो सुविधा दिन पारवहन दिने देशलाई कर गर्दैन तै पनि त्यसमा व्रताएको छ कि त्यस्तो गोदाम सम्वन्धी सुविधा पार–वहन दिने देशका लागि मिल्ने भन्दा कम हुनु हुँदैन। गत सालको संयुक्त विज्ञप्तिमा नेपालले भारतसित कलकत्तामा वेग्लै गोदामका लागि सुझाव राखेको कुरा उल्लिखित थियो।

१५. नेपाल र भारतका बीचमा भएका सम्झौतामा भारतले नेपाललाई राधिकापुरको सुविधा दिन स्वीकार गरेको थियो । गत अप्रिलमा भारतीय दुतावासद्वारा प्रकाशित विज्ञप्तिमा त्यो सुविधा उपभोग गर्न नेपाली व्यापारिकहरूलाइ पूरा हक भएको कुरा बताइएको थियो । (भारत समाचार ४ अप्रेल, १९६९) भारतीय राजदुतले अहिले पाकिस्तान र भारतका बीचमा यातायात सम्झौता नहुँदा सम्म त्यो सुविधा दिन नसकिने कुरा बताउनु भएको छ कि (The Rising Nepal, June 15, 1969) यस बारे पाकिस्तानी राजदुतद्वारा प्रकाशित वक्तव्यमा भनिएको छ कि पाकिस्तान आपनो पट्टीपूरा पारवहन सुविधा दिन तैयार छ । त्यो वक्तव्यमा अफगानिस्तानबाट भारत आउने सामानका लागि पाकिस्तान र अफगानीस्तानका बीचको समझदारीले काम चले झैं भारतको भूमिमा भारतले नेपाललाई दिनु पर्ने सुविधाका लागि नेपाल र भारतका बीचको सम्झौतामानै प्रर्याप्त छ, भारत र पाकिस्तानका बीचमा सम्झौताको कुरा त्यो सित सस्बन्ध नभएको कुरा हो भनिएको छ । (The Rising Nepal June 20, 1969) पाकिस्तानसंग त्यस्तो सम्झौताको कुरा निकाल्नु भन्दा पहिले भारतले स्वयं भनेको थियो कि "भारतीय सीमा सम्म" राधिकापुरको पारवहन सुविधा उपभोग गर्न कुनै रोक थिएन । (भारत समाचार)

१६. गत साल नोभेम्बरको वार्तामा नेपालद्वारा प्रस्तावित सुझावहरूमा यो कुरा पनि थियो । (संयुक्त विज्ञप्ति, गो० प० मार्ग ५, ०२५)

१७. अन्तर्राष्ट्रिय पारवहन–व्यापार कन्भेन्सनको धारा ३ मा पारवहन सम्बन्धी निरीक्षण र प्रशासकीय खर्च बाहेक (सो पनि यथा सम्भव कम हुनु पर्दछ) अरू कुनै कर लिन नपाउने व्यवस्था गरिएको छ गत सालको व्यापार वार्तामा नेपालले दोहरो कर बुझाउन नपर्ने कुराको माग गरेको थियो र भारतले त्यो कुरा मन्जुर पनि गरेको छ । (नेपाल भारत व्यापार वार्ताको संयुक्त विज्ञप्ति)

१८. गत सालको वार्तामा नेपालले यो मांग गरेको थियो र भारतले

स्वीकार गरेको छैन। सं० रा० संघीय व्यापार-पारवहन कन्भेन्सनको धारा ५ मा पारवहनमा आवश्यक ढीलाइ, रुकावट हुन नदिनु एकदम सरल कार्यविधि र सीधा–सादा कागज प्रमाण प्रयोग गर्ने कुरामा जोड दिइएको छ ।

१९. यस प्रणाली अन्तरगत नेपाली आयात कर्ताले भारतीय बंदरगाहबाट चलान भए पछि पारवहन सामान नेपाली सिमामा नपुगे भारतीय कानून अनुसार सजाय भोग्न कबूल गरी जमानत राख्नु पर्छ । कुनै बेला यसरी राख्नु पर्ने रकम आयात गरिएको मालको मूल्य भन्दा कैयौंगुणा बढी हुन्छ । भारत त्यो व्यवस्था खारेज गर्न 'सिद्धान्ततः स्वीकार गरेको छ । (The Rising Nepal, July 27. 69)

२०. कन्भेन्सनको धारा ४ मा पारवहन दिने देशले बंदरगाह देखि सीमा सम्म पर्याप्त यातायात सामान जुटाई दिनु पर्ने र धारा ७ मा कुनै ढीलाइ गर्दिन नहुने व्यवस्था छ । सामान आयात गर्दा कलकत्ता बंदरगाहमा प्रायसः अनावश्यक रुपमा सामान रोकेर ढीलाइ गरिन्छ । सीमान्त स्टेशनहरूबाट सामान निर्यात गर्दा कलकत्ता गोदाममा पठाइँदैन ढीलाइ गर्ने गरिन्छ । (The Rising Nepal, July 5, 69)

२१. सं० रा० संघको सेक्रेटरीयटको व्यापार तथा विकास सम्बन्धी रिपोर्ट-मा भनिएको छ कि महङ्गो भाडा र अन्य अदृश्य खर्चहरूले गर्दा भूपरिवेष्ठित देशहरूको व्यापार र प्रतिस्पर्धा गर्ने क्षमतामा प्रतिकूल असर पुगिरहेको छ । २०२४ मा दिल्लीमा भएको द्वितीय सं० रा० सं० व्यापार तथा विकास सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलका नेताले "ढुवानी खर्च कम गर्नु पर्ने कुरा माथी जोड" दिनु भएको थियो । (गो० प० फागुण १/०२४) सं० रा० सं० पारवहन व्यापार कन्भेन्सनको धारा ८ मा भन्सार सम्बन्धी वा अन्य कुनै छुट दुइ देशको सम्झौता अनुसार गर्नु पर्ने व्यवस्था गरिएको छ ।

२२. इरान र अफगानिस्तानका सम्झौतामा दुवै देशको संयुक्त कमिशनले पारवहन व्यवस्था र कठिनाइहरू हटाउन काम गर्ने व्यवस्था छ ।

थाइलैण्ड र लाओसको सम्झौता अनुसार प्रवेश गर्न बंदरगाह र सीमान्त स्टेशनहरूमा दुबै देशका कर्मचारीहरूले संयुक्त रूपले माल सामानको जांच-बुझ गर्दछन ।

२३. सन १९६० को सम्झौतामा यो कुरा स्वीकार गरिएको थियो । भारतीय राजदूतको लेखमा नेपाली सामानलाई कन्याकुमारी देखि काश्मिरसम्म र कच्छ देखी कामरुप भन्दा टाढा सम्म 'स्वतन्त्र र खुला" प्रवेशको अधिकार छ भनेर भनिएको छ (The Rising Nepal, July 15, 1969) बजार सम्बन्धी यस्तै विशेष सुविधा भारतले विकसित देशहरूसित मांग गरेको हुन्छ ।

२४. यस्ता रोकहरू भारत सरकारद्वारा स्वीकृत "खुला र स्वतन्त्र" प्रवेशका विरुद्ध छन । गत सालको व्यापार वार्त्तामा नेपालले लेखेका प्रस्तावहरूमा यो पनि थियो (संयुक्त विज्ञप्ति)

२५. दैनिक "समाज" लेख्दछ, दुइ सार्वभौम सम्पन्न देशहरूको बीच भएको सम्बन्धमा एकले लगाएको अन्तःशुल्कका आधारमा अर्कोले पनि आफ्नो राष्ट्रिय उत्पादनहरूमा अन्त शुल्क लगाउनु पर्दछ भन्ने कुनै कुरा अलि सुन्दै नराम्रो सुनिने कुरा हो ।" (मार्ग ९' ०२५ त्यसमाथि नेपाली सामानको उत्पादन खर्च त्यसै भारतीय सामानको भन्दा बढी भएका बेलामा ८०% प्रतिशत थपकर तिरेर भारतमा सामान निर्यात गर्नु नेपाली उद्योगहरूका लागि सम्भव रहदैन (उ० वा० संघको वक्तव्य, उ० वा० पत्रिका मार्ग २०२५ अंक २। को निर्णय हुनु भन्दा पहिले भारतमा निःशुल्क सामान पठाउन पाइने व्यवस्था थियो ।"

२६. सन १९५० को सम्झौता अनुसार नेपालले आफ्नो विदेश निर्यातबाट कमाएको विदेशी मुद्रा भारतको रिजर्व बैंकमा जम्मा गर्नु पर्दथ्यो । सन १९६० को सम्झौताद्वारा त्यो व्यवस्था खारेज भयो, त्यो सम्झौताको धारा ६ अनुसार रिजर्व बैंकले त्यो रकम तुरुन्तै नेपाललाई फर्काउने ठेकान गरिएको थियो । तर ऐले सम्म पनि भारतबाट त्यो रकम फिर्ता मिलेको छैन ।

२७. संयुक्त राष्ट्र संघद्वारा पारित भै सके पछि पनि भारतले अझै सम्म

त्यसमा हस्ताक्षर गरेको छैन । सं० रा० संघको सेक्रेट्रीयटले त्यसमा हस्ताक्षर नगरेका राष्ट्रहरूलाई त्यसमा हस्ताक्षर गर्न आग्रह गरेको छ । नेपालले अन्तरर्राष्ट्रिय सम्मेलनहरूमा त्यो प्रश्न उठाउदै आएको छ । तर भारतले अैले सम्म हस्ताक्षर गरेको छैन ।

२८. संयुक्त राष्ट्र संघीय पारवहन–व्यापार कन्भेन्सनको धारा १६ मा सम्झौताको व्याख्या वा प्रयोग सम्बन्धी दुई राष्ट्रका बीचमा उठेको विवाद पारस्परिक वार्त्ता र अन्य शान्तिपूर्ण तरिकाले टुंगिन नसके कुनै पक्षको अनुरोधमा दुवै पक्षले मन्जुर गरेको मध्यस्थद्वारा टुंगाइने व्यवस्था छ । अफगानिस्तान र पाकिस्तान तथा इरान र अफगानिस्तानका बीचमा गरिएका सम्झौताहरूमा यही किसिमको व्यवस्था छ ।

(२०२८ सालमा जन शिक्षा गृह, प्यूठानद्वारा प्रकाशित तथा मातृभूमिप्रेस, घण्टाघरद्वारा मुद्रित श्री मोहन विक्रम सिंहले लेख्नु भएको 'नेपाल–भारत व्यापार तथा पारहन समस्या —नामको पुस्तकबाट परिशिष्टः–'क' साभार गरि लिइएको हो । उक्त पुस्तकको प्रकाशन कालको पृष्ठभूमिमा तयार पारिएको लेख भएता पनि पाठकहरूलाई आजको सन्दर्भमा पनि उत्तिकै उपयोगि होला भन्ने दृष्टिकोणले यो लेख साभार गरेका हौं—

सम्पादक)

'वेदना' प्रत्येक पल्ट अझै जनप्रिय
तथा नियमित हुंदै जाओस् ।

गणेश राईस एण्ड फ्लोर मिल्स
प्रो. रङ्गनाथ व्याञ्जु
। वटोल, धूलिखेल, काभ्रे ।

अप्रत्यक्ष किन–बेच स्वास्नीमान्छेको

दिव्यकला वजिमय, दिक्तेल

कुरा सानी छँदाको हो, म निक्कै छुच्ची थिएँ । वास्तविक कुरा चैं कसैले पनि स्वास्नीमान्छेलाई हेपेर कुरा गरेको सुनें भने म चर्चरी बाऊथें । मान्छेहरू भन्थे–"स्वास्नीमान्छेहरू साह्रै मुर्ख, एकोहोरे हुन्छन् र उनीहरूको सुद्धि बुद्धि पटक्कै हुँदैन ।" यी कुरा सुनेर मलाई साह्रै रीस उठ्थ्यो र म झगडा गर्न जाईलाग्थें– "के एकदिन तिमीहरू स्वास्नीमान्छेको थाङ्नामा लुटपुटिएका होइनौ र ? तिमीहरूलाई उभिन र जिउन सिकाउने स्वास्नी-मान्छै नै होइन ? ऐले किन ठूला हुन्छौ र बदख्वाई गर्छौ ?" मान्छेहरू मेरो तर्क सुनेर चुपो लाग्थ्यो र म विजयसाथ ठूलो स्वरमा चिच्याउथें "वास्त-वमा स्वास्नीमान्छेले सँसारमा के के गरिसके भन्ने थाहा नपाउने तिमीहरू दोब्बर मुर्ख हौ ।"

एकदिन घरकै पसलमा वसिराखेकी थिएँ । एकजना बाहुनबाजे मान्छे झुल्याएर कुरा गरिरहेका थिए । मेरो मन त्यतातिर नगई, रन सकेन । ऊ भन्दैथ्यो–"भैंसीभन्दा चैं स्वास्नीमान्छे नै सस्ता भए, मामुली भैंसीको दाम पन्धसय रूपियां । तर यो दिक्तेलमा तिन शयमा आइमाइलाई वेच्न थाले वा !" सुनेर मैले रीसले तोरीको फूल देखें । आँखामा तिरीमिरी भो । "तेरीमा टपरे बाहुन! तेरो दाम झन एक टपरा सिधा र एक सुका पैसा । तैंले वेच–सिधा नपाएको दिन स्वास्नीलाई तिन शयमा । तेरो स्वास्नीले त्यो कुप्रो ढाड सोझ्याइ दिइन छ भने !"– मैले दाह्रा किटेर रीस पोखें ।

बाजे एकछिन त अकमक्क पऱ्यो, म चैं के के न भने भन्ने घमण्डले फन सुरो भएँ। बाजेले निक्के नै मलिन भएर भन्यो –"नानी ! तिमी रिसायौ भन्दैमा म रिसाउँदिनँ, सत्य कुरा नबुझेर रिसाउने हरू सत्य कुरा नबुझेसम्म मात्र रिसाउँछन- बुझेपछि फेरि रिसाउँदैनन । तिमी भनेको आलो काँचो केटाकेटी, जे भएपनि म त पाको मान्छे, म तिमीलाई तिमीले देखेकै कुरा बताएर चित्त बुझाउँछु । सुन, ध्यान दिएर सुन !"

"ती तल गाउँको मंगलध्वजलाई तिर्मा चिन्छौ र उसका पाँचवटी स्वास्नीहरू छन भन्ने कुरापनि तिमीलाई थाहा छ । 'छन'के 'थिए' भनुँन ऐले दुइटा त छन नि ! मंगलेले ती तींनवटी स्वास्नीहरू बेच्यो, एउटी आठ-शयमा, एउटी पाँचशयमा र अर्की तीनशयमा ।'"

"कसरी?"–मैले अकमक्क परेर सोधें।

"सबभन्दा पहिले मँगलध्वजले आफ्ना चारवटी स्वास्नीहरूलाई च्याप्यो साहूँ माया गरेको जस्तो देखायो र जेठीलाई हेला गर्न थाल्यो उसलाई यति सास्ती दिन थाल्यो कि, उसले गरी खान सकिन । दिनभर मेसीन जस्तै काम गरिरहन पर्थ्यो र रातमा भोकै सुत्न पर्न । लोग्नेले हेला गरेपछि सासूको त ऊ आँखाको कसिंगरै भई । त्यसपछि बिचरीको अरू कुन बाटो रहच्यो र ? माईतमा पनि त लोग्नेको हेला हरिएकी चेली ! ऊ त्यो घरबाट भागी र अर्को लोग्ने खोजेर गई । एकापट्टि दुईपोइले भएकी कारणले गर्दा समाजबाट पतित भई, अर्कोपट्टि मंगले किन छोड्थ्यो, अर्को लोग्ने भनाउँदोलाई आठ-शय रूपियाँ ठटाई छाड्यो जारीको रूपमा । यसरी ऊ अप्रत्यक्षरूपबाट आठ-शयमा बेचिइ । माइलीको पनि यही हविगत भो र साइलीको पनि । ती काइली र कान्छीको पनि निश्चित छ- यही हविगतको शिकार हुने छन । अब त चित्त बुझ्यो नानी ?"

मेरो मुटु चरक्क चिरियो र म रीसले मुरमुरिएँ । अघि बाजेलाई गाली गरेकोमा लाजले रातो भएँ ।

"अनि तिनीहरूले अड्डामा किन उजुर गरेनन त ?"- मैले प्रश्न गरें ।

"हरे ! ती बिचरा निर्धा र सोझा स्वास्नीमान्छेहरूको उजुरी कसले सुन्ने ?"

मेरो छातीभरि पीर र छट्पटी दगुर्न थाल्यो, दगुरि नै रह्यो लगातार । आठसय, पाँचशय र तीनशय, कस्तो उल्का ! बोका-बाख्रा जस्तै किनवेच स्वास्नीमान्छेको !

स्कूलमा एकदिन मास्टर साहेबले पढाउनु भएको मलाई टड्कारै सम्झना छ "राणा शासनकालसम्म पनि कमारा कमारी अथवा दास राख्ने चलन थियो उनीहरूलाई पशुजस्तै पैसाले किन्न र बेच्न सकिन्थ्यो । तर ०७ सालपछि प्रजातन्त्रमा यस्तो घृणित चलनको उन्मूलन भयो ।"

कसरी उन्मूलन ? कस्तो रीसउठ्दो छलकपट ? सोझै सुन्दा 'दास'लाई 'नारी' सोझै हेर्दा 'किनवेच'लाई 'जारी !' बस् यहि नै हो उन्मूलन ?

स्वास्नीमान्छेको यो हृदयविदारक कथाजस्तै लाग्ने वास्तविकतालाई केलाईहेरेपछि म औधी खिन्न भएं । यस्तो घिन लाग्दो चलनलाई पनि सहिबस्ने स्वास्नीमान्छेहरू साँच्चै साह्रै सोझा, निर्धा र निमुखा हुन । तर, म भित्र भने एउटा विद्रोह सल्कन्थ्यो ।

गुरू एकदिन फेरि पसलमा आउनु भो । गुरूको तर्कपूर्ण कुरा सुन्ने इच्छा ममा जागिसकेको थियो । मैले वहाँलाई 'बाजे' नभनी अब 'गुरू' भन्न थालीसकेकी थिएँ । गुरूलाई मैले आफ्नो छट्पटीको बारेमा सुनाएँ र केही गुनासो पोखें । स्वास्नीमान्छेहरू यति गए गुज्रेका अवस्थामा किन छन ? उनीहरू यस्तो घिनलाग्दो चलनहरूले किचिएका किचिएकै अवस्थामा चुपचाप् किन सहिरहेका छन ?- यस्तो चलन कहिले मासिएला त ?"

"अवश्य पनि एकदिन मासिने छ । स्वास्नीमान्छेको टाउको निहुराउने पहाड अवश्य एकदिन हुत्तिने छ । स्वास्नीमान्छेहरू बाँध्ने मोटा डोरीहरू अवश्य एकदिन चुँडालिने छ" गुरूले विस्तारै भन्नू भो । मेरा रौ ठाडाठाडा भए–

"कस्तो मोटामोटा डोरीहरू गुरू ?"

उहाँले भन्नुभयो–' कुहेको चलन भएका कुनै पनि ठाउँमा बहुसंख्यक पुरूषहरू तीन किसीमका अधिकारको थिचोमिचोमा पर्छन, ती हुन राजनैतिक, जातीय र धार्मिक अधिकार । तर, बहुसंख्यक आइमाईहरू यो तीनै किसिमका अधिकार संगसंगै पुरूष (लोग्ने)को अधिकारबाट पनि थिचिएका

हुन्छन ।

आधा पुरातनवादी चलन र आधा पश्चिमाली चलनले कचल्टिएको हाम्रो जस्तो देशमा लोग्नेमान्छेहरू पनि थिचिएका छन । स्वास्नीमानिसहरू आर्थिक अधिकारमा पूर्णरूपले पछि परेकोले नै पुरुष अधिकारले तिनीहरूलाई थिचेको हो । तर पनि ती चार मोटा डोरीहरू नचुंडालेसम्म कहिल्यै स्वास्नीमान्छेहरू स्वतन्त्र हुँदैन । अहिलेको नारी स्वतन्त्रताको फलाको 'स्याल-को हुलमा गीलो रंगले रंगिएको स्यालले अचम्म पारेको भन्दा अरू बढी केही होइन ।'

यसैले यो घृणित चलनले भरिएको पोखरीलाई सफा पानीले भर्न थिचिएका लोग्नेमान्छे र स्वास्नीमान्छेहरू उत्तिकै दाइत्व बोकी लागिपर्नु पर्दछ । नत्र यी बोलवाला भएकाहरूले हाम्रो पसिनामा मोज लुट्न छोडी हामीलाई कहिल्यै सुखको बाटो देखाउने छैन ।"

मैले धेरैवेरसम्म गुरुको आँखा हेरिरहें । मेरो गलत सोचाईमा आएको परिवर्तनले म ज्यादै खुसी थिएं र मनमनै गुरुलाई धन्यवाद दिंदै चिन्तनमा चिन्तित हुन सिकें ।

खोजेर पढ्नुहोस्:—

'फूल बेच्ने केटी' (कोरियाली ओपेरा)

अनुवाद:-खगेन्द्र संगौला

प्रकाशक:- निरञ्जन गोविन्द वैद्य

(भाटाहिटी, काठमाडौं)

२०३४ नव वर्षको

सबैमा हार्दिक शुभ-कामना

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि०

खाद्य उद्योग प्रा० लि०

परिवार